# पहिलो परिच्छेद

## शोध परिचय

**शोधशीर्षक :**

प्रस्तुत शोधपत्रको शीर्षक रमेश विकलसम्वन्धी अध्ययन परम्परा रहेको छ ।

**शोधको प्रयोजन :**

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्नुपर्ने दसौं पत्रको परिपूर्ति गर्नु यस शोधपत्रको प्रयोजन रहेको छ ।

**विषय परिचय :**

रमेश विकल (वि.स.१९८५-२०६५) आधुनिक नेपाली साहित्यमा यथार्थवादी, प्रगतिवादी विचारधाराका प्रतिभाशाली साहित्यकार हुन् । समाजका जटिल आर्थिक एवं मानवीय स्वरुपको पर्यवेक्षण गर्दै सामाजिक मूल्यमा आस्था राख्ने मानवतावादी साहित्यकार पनि हुन् । विकलका **विरानो देशमा** (२०१६), **नयाँ सडकको गीत** (२०१९), **आजफेरी अर्को तन्ना फेरिन्छ** (२०२४), **एउटा बूढो भ्वाइलेन, आसावरीको धुनमा** (२०२५), **उर्मिला भाउजू** (२०३५), **शव, सालिक र सहस्र बुद्ध** (२०४३), **र हराएका कथा** (२०५५) जस्ता सातवटा कथासङ्ग्रह प्रकाशित छन् । यी बाहेक **सुनौली** (२०३१) र **अविरल बग्दछ इन्द्रावती** (२०४३) उपन्यासका साथै थुप्रै नाटक, निबन्ध बालसाहित्य जस्ता कृतिहरु पनि प्रकाशित भएका छन् ।

नेपाली साहित्यका विविध विधामा उत्कृष्ट कृतिहरुको रचना गरी नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याउने विकलसम्वन्धी विभिन्न विद्वान तथा अनुसन्धाताहरुले थुप्रै खोज अध्ययन अनुसन्धान शब्दले विकलसम्वन्धी लेखिएका पुस्तकाकार शोधग्रन्थ फुटकर रचनाको अध्ययन र विश्लेषणलाई यस १ वाक्ची शोधपत्रमा प्रस्तुत गरिएको छ ।

**समस्याकथन :**

प्रस्तुत शोधपत्रको निम्न लिखित समस्याकथन रहेको छ

(क) रमेश विकल सम्वन्धी पुस्तकाकारमा अध्ययन परम्परा के कस्तो रहेको छ ?

(ख) रमेश विकल सम्वन्धी पत्रपत्रिकामा अध्ययन परम्परा कस्तो रहेको छ ?

(ग) रमेश विकल सम्वन्धी शोध अध्ययन परम्परा के कसरी अगाडी बढेको छ?

**शोधको उद्धेश्य :**

प्रस्तुत शोधपत्रको उद्धेश्य रमेश विकलसम्वन्धी अध्ययन परम्परामा देखा परेका समस्याहरुको समाधान गर्नुरहेको छ । जुन निम्नानुसार रहेको छ :

क) रमेश विकल सम्वन्धी पुस्तकाकारमा भएका अध्ययन परम्परा विवरण दिनु ।

ख) रमेश विकल सम्वन्धी पत्रपत्रिकामा भएका अध्ययन परम्पराको विवरण दिनु ।

ग) रमेश विकलसम्वन्धी शोध अध्ययन परम्पराको विवरण दिनु ।

**पूर्व कार्यको समिक्षा :**

रमेश विकलसम्वन्धी अध्ययन अनुसन्धान व्यक्तिगत तथा संस्थागतरुपमा हुँदै आएको छ । त्यसकारण प्रस्तुत शोधको पूर्वकार्यको रुपमा तिनै कार्यलाई यसमा प्रस्तुत गरिएको छ ।

मोहन प्रसाद तिमल्सिनाले **रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना** २०३६) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा रमेश विकलको व्यक्तित्वको साथै उनको कृतिको विश्लेषण गर्ने क्रममा **सात सूर्य एक फन्को** कृतिको विश्लेषण गरेका छन् ।

कुमारधर शर्माद्धारा सम्पादित प्रज्ञा पुरस्कारद्धारा सम्मानित प्रतिभा (२०३९)मा साहित्यका अन्य विधामा उत्कृष्ट कृतिको साथै राम्रा नियात्रा लेखेको उल्लेख गरेका छन् ।

घटराज भट्टराईले **प्रतिभैप्रतिभा र नेपाली साहित्य** (२०४०) मा रमेश विकलको चिनारी र उनको **सात सूर्य एक फन्को** कृतिको विवेचना साथै फुटकर निवन्धहरुको पनि समिक्षा गरेका छन् ।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय** (२०५१) मा रमेश विकलको जिवनी व्यक्तित्व, कृतित्व चर्चा गर्दै नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी विकल मुलतः कथाकार नै हुन् । कथामा नै विकलको वास्तविक व्यक्तित्व प्रकट भएको पाईन्छ भनी उल्लेख गरेका छन् ।

कृष्ण प्रधानको मधुपर्क (बर्ष २७ अंक ४, २०५१) मा **नेपाली यात्रासाहित्यको विकासमा** भन्ने लेखमा शैलीगत गतिमयता र कौतुहलता छाड्न सफल निबन्धकारमा रमेश विकलको नाम पनि लेखेका छन् ।

खगेन्द्रप्रसाद लुइँटेलले मिर्मिरे (अंक ४, २०५१) पत्रिकामा **निलगिरीको छायाँमा** यात्रावृत्तिको नमुना लेखमा निलगिरीको छायाँमा कृति त्यहाँको सामाजिक, भौगोलिक, साँस्कृतिक, पौराणिक ऐतिहासिक पक्षको जानकारी दिने औपन्यासिक संरचना आवद्ध भएको कृति हो भनेका छन् ।

वासुदेव त्रिपाठीले **नेपाली साहित्य श्रृंखला** (२०५२) मा रमेश विकलको परिचय दिंदै रमेश विकलको कथा प्रकृतिको बारेमा केलाएका छन् । उनलाई समकालीन साहित्यकारहरु मध्ये एक उत्कृष्ट साहित्यकार हुन् भनेका छन् ।

शारदा अधिकारी मधुपर्क(बर्ष २९ अंक ९ २०५२) मा **निलगिरीको छायाँमा** सुस्ताएर नियाल्दा शीर्षकको लेखमा निलगिरीको छायाँमा कृति प्रकृति प्रेम, मुक्तिक्षेत्रको भौगोलिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक र समाजको यथार्थ चिरण औपन्यासिक प्रस्तुतिमा भएको वताएकी छन् ।

निर्मला कुमारी वरालले **नयाँ सडकको गीत** कथा संग्रहको सामाजिक पक्षको अध्ययन (२०५८) नामक अप्रकाशित शोधपत्रमा रमेश विकलको व्यक्तित्वका साथै **नयाँ सडकको गीत** कथासंग्रहको सामाजिक पक्षको विश्लेषण गरेकी छन् ।

इश्वर चन्द्र वाग्लेले **रमेश विकलको कथामा यथार्थ** (२०६०) अप्रकाशित विद्यावारिधि शोध पत्रमा रमेश विकलका विविध साहित्यक व्यक्तित्वका साथै कृतिको संक्षिप्त विश्लेषण गरेका छन् ।

गुणाकर भुसालले **आधुनिक नेपाली आख्यान** (२०६१) मा रमेश विकलको परिचय दिदैं रमेश विकलको कथाहरुको कथागत प्रवृत्ति केलाएका छन् । विकलले विविध विधामा कलम चलाए पनि मुलतः उनी आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् ।

डा.दिपक गौतमल **समकालीन प्रगतिवादी नेपाली कथामा प्रवृत्ति** (२०६४) मा प्रगतिवादी नेपाली साहित्यको लेखन भित्रको कथालेखन व्यक्तिगत रुपमा रमेश विकलको **गरीब** शारदा (२००६) परम्पराको आरम्भ विकलबाट भएको बताएका छन् ।

शेरबहादुर बुढाथोकीले **रमेश विकलको निवन्धकारिता** २०६५ नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा रमेश विकलको व्यक्तित्वका साथै उनको निवन्ध कृतिहरुको विश्लेषण गरेका छन् ।

आनन्ददेव भट्ट रमेश विकल विशेषांक (वर्ष ६ अंक ११ पूर्णांक ७०, २०६६) मा **रमेश विकल एक सामान्य चर्चा** शीर्षकको लेखमा रमेश विकल बहुमुखी प्रतिभाले सुसज्जित रमेश विकलको जीवनको ठूलो उपलब्धी साहित्य क्षेत्रमा रहेको छ भनेका छन् ।

सत्यमोहन जोशीले **रमेश विकल विशेषांक** (वर्ष ६, अंक ११, पूर्णांक ७० २०६६) मा **दानशील विकल** शीर्षकमा रमेश विकलको साहित्यिक व्यक्तित्व मात्र नभएर मुखले होइन दान नै गरेर देखाउने व्यक्ति हुन् । विकलको **अविरल बग्दछ इन्द्रावती** उपन्याससंग आफू निकै प्रभावित भएको बताएका छन् ।

फूलमाया राईले रमेश **विकलको अध्ययन परम्परा** (२०६६) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा रमेश विकलको अध्ययन परम्परामा २०५० सम्मको पुस्तकसम्वन्धी , पत्रिकासम्वन्धी र शोध पत्रसम्वन्धी अध्ययनहरुमा चर्चा गरेकी छन् ।

राजेन्द्र सुवेदीले **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक** पुस्तक (२०६७)मा **सुनौली उपन्यास र रमेश विकलको औपन्यासिक प्राप्ति** शीर्षकमा सुनौली उपन्यास सामाजिक र साँस्कृतिक संवेदना प्रस्तुत गर्न यो उपन्यास सफल भएको बताएका छन् ।

रमेश प्रसाद भट्टराईले **विकल स्मारिका** (२०६९) मा रमेश विकलको तीनवटा उपन्यासको अध्ययन गर्दै विकल प्रगतिशील साहित्यकार साथै प्रगतिवादी उपन्यासकार हुन् भनेका छन् ।

**शोधको औचित्य**

रमेश विकलसम्वन्धी थुप्रै शोध अनुसन्धान भए तापनि ति सवै एकत्रित रुपमा नभएर छरिएर रहेका छन् । ति छरिएर रहेका सामाग्रीहरुलाई एकत्रित गरी प्रस्तुत गर्नु यस शोधपत्रको औचित्य रहेको छ ।

**शोधपत्रको सिमांकन**

**रमेश विकल सम्वन्धी अध्ययन परम्परा** शीर्षक रहेको प्रस्तुत शोधपत्रमा विकलसम्वन्धी गरिएका अध्ययन र लेखिएका पुस्तकाकार शोध र फुटकर लेख रचना मात्र प्रस्तुत गरिएको छ ।

**शोधविधि**

प्रस्तुत शोधपत्रमा सामाग्री संकलन गर्ने पद्धति अन्तर्गत पुस्तकालयीय रहेको छ भने संकलित सामाग्रीहरुको अध्ययन विश्लेषण गर्ने ढाँचा ऐतिहासिक र विवरणात्मक रहेको छ ।

**शोधको रुपरेखा**

शोधपत्र व्यवस्थित र संकलित गर्नका लागि प्रस्तुत शोधपत्रमा निम्नलिखित रुपरेखा रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोश्रो परिच्छेदः रमेश विकलसम्वन्धी पुस्तकाकार अध्ययनहरुको सर्वेक्षण ।

तेश्रो परिच्छेद : रमेश विकलसम्वन्धी शोध अन्ययनहरुको सर्वेक्षण ।

चौथो परिच्छेद : रमेश विकलसम्वन्धी फुटकर समीक्षात्मक अध्ययनहरुको सर्वेक्षण ।

पाँचौ परिच्छेद : शोधनिष्कर्ष

छैठौं परिच्छेद : सन्दर्भसूची

## दोस्रो परिच्छेद

## रमेश विकलसम्वन्धी पुस्तकाकार अध्ययनहरुको सर्वेक्षण

नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी रमेश विकलसम्वन्धी विभिन्न लेख तथा समालोचनाबाट बाल साहित्य कथा, उपन्यास नियात्रा, निवन्ध आदि विभिन्न अध्ययन र चर्चा हुँदै आएको पाईन्छ । यसै क्रममा विभिन्न लेखक तथा समालोचकहरुले विभिन्न पुस्तकाकार भित्र रमेश विकलसम्वन्धी अध्ययन र समालोनात्मक लेख प्रस्तुत गर्दै आएका छन् । यस्ता अध्ययनहरु रमेश विकललाई मात्र केन्द्रीत गरेर पनि केही पुस्तकाकार प्रकाशित छन् । जस्तै **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक , रमेश विकल विशेषांक , विकल स्मारिका , अन्तर्दृष्टि साहित्यिक त्रैमासिक** आदि पुस्तकाकारहरु रहेका छन् । तर यस्ता अध्ययन परम्परामा केही पुस्तकहरुका शीर्षकमा विकललाई केन्द्रित गरेर अध्ययन गरिएको छ भने केही पुस्तकहरुमा अन्य विषय र साहित्यकारहरुको अध्ययन र चर्चा गर्ने क्रममा विकलसम्वन्धी पनि गरिएका छन् । यस परिच्छेदमा पुस्तकाकार भित्र मात्र रमेश विकलको कार्यक्रमिक रुपमा प्रस्तुत गरिएको छ ।

### २.१ पुस्तकाकारमा विकलसम्वन्धी गरिएका अध्ययनहरु

पुस्तकाकारमा रमेश विकलको साहित्यिक व्यक्तित्व र कृतित्वको अध्ययन र सर्वेक्षण गर्ने परम्पराको सुरुवात डि.पी.अधिकारीबाट भएको पाईन्छ । यसरी थालनी भएको विकलसम्वन्धी अध्ययनहरुको वि.सं. २०५० देखि हालसम्म समीक्षात्मक अध्ययनहरु र सर्वेक्षणहरुको टिप्पणी काल क्रमिक रुपमा क्रमशः प्रस्तुत गरिएको छ ।

**उत्तम कुवँर , स्रष्टा र साहित्य , साझा प्रकाशन, २०५०**

उत्तम कुवँरले **स्रष्टा र साहित्य** (२०५०) नामक पुस्तकमा रमेश विकल उपशीर्षकमा रमेश विकललाई व्यक्तित्व मान्दै उनका जन्म, साहित्यिक यात्रा, आर्थिक अवस्था आदिको अध्ययन र विश्लेषण गरेका छन् । कुवँरले रमेश विकललाई  साहित्यमा काव्य प्रकाशन प्रदर्शन गर्ने र लेखन क्षेत्रमा पूर्ण सक्रिय नभएको कुरा उल्लेख गरेका छन् । रमेश विकलले साहित्यलाई विभिन्न क्षेत्रमा मात्र लिए पनि उनी कथाकार नै हुन् भनी व्यक्त गरेका छन् । कुवँरले यस उपशीर्षक दिएको लेखमा रमेश विकलका प्रकाशित कथाहरु, उपन्यास, नाटक, बालसाहित्य र प्रकाशनका लागि तयार कृतिहरुको उल्लेख गर्नु भएको छ । कुवँरले यस उपशीर्षक लेखमा रमेश विकलका प्रकाशित कथाहरु, उपन्यास,

नाटक, वालसाहित्य र प्रकाशनका लागि तयार कृतिहरुको उल्लेख गर्नु भएको छ । कुवँरले यस उपशीर्षक लेखमा रमेश विकलको **लाहुरी भैंसी, बीरेकी आमा, सिँगारी बाखी, सुबेदार रणेबुढो** आदिजस्ता कथामा भएका परिवेशको विषयमा चर्चा गरेका छन् । यसलेखमा कुवँरले रमेश विकलको अन्तरवार्तामा भएको भनाईलाई पनि उद्दृत गरेका छन् । रमेश विकलका प्राय जसो कथाहरुको परिवेशहरु नेपाली समाजमा मिल्दो छ भने **आकाशका ताराहरु छट्पटाइरहेका छन्**---कुनै विदेशी कथावस्तुको प्रभाव परेको छ भनी उत्तम कुवँरले व्यक्त गर्नु भएको छ । स्रष्टा र साहित्यको पुस्तकमा कुवँरले रमेश विकलछलाई एक साहित्यिक व्यक्तित्वका रुपमा अध्ययन गरेका छन् ।

**घटराज भट्टराई, प्रतिभैप्रतिभा र नेपाली साहित्य,एकता बुक्स डिष्ट्रिव्युटर्स प्रा.लि., थापाथली, २०५१,पृष्ठ ४१६-४२० ।**

घटराज भट्टराई **प्रतिभैप्रतिभा र नेपाली साहित्य** (२०५१) नामक पुस्तकमा **कथाकार विकल** शीर्षक लेखमा रमेश विकलको परिचय दिदैं रमेश विकलको साहित्यिक यात्रा, विकलले प्राप्त गरेका मान सम्मान,  भ्रमण आदिको उल्लेख गरेका छन् । विकलका केही कथाहरु समीक्षात्मक र विश्लेषणात्मक रहेका छन् । उक्त लेखमा भट्टराईले विकल नेपाली ग्रामीण जीवनका निम्न, निम्न मध्यम, जीवनका संकटमय परिस्थिती साथै रतिरागात्मक पक्षलाई समेट्दै घटना प्रधान कथा लेख्न सफल र निपूर्ण छन् भनेका छन् । भट्टराईले कथाकारिता, निबन्धकारिता र उपन्यासकारिता आदिको छुट्टाछुट्टै उल्लेख गरेका छन् । उनका विभिन्न कथाहरुको चर्चा परिचर्चा गर्दै विकलको कथा **नयाँ सडकको गीत** मदन पुरस्कार प्राप्त गर्ने सफल कृति हो भनेका छन् । भट्टराईले विकललाई शुरु शुरुमा समाजका आर्थिक र सामाजिक विसंगतिप्रति रुष्ट भएका कथा लेख्थे भने बिचमा आएर फ्रायडको मनोविज्ञान अंगाल्दै रतिराग र यौनलाई कथामा चित्रित गर्न सफल कथाकार हुन् भनेका छन् । विकलका कथाहरु मार्क्सवादमा आधारित र प्रभावकारी पनि भएको कुरा उल्लेख गरेका छन् । भट्टराईले यस पुस्तकमा विकलको विभिन्न कृतिहरुको उल्लेख गर्दै उनका कृतिहरु सामाजिक ऐतिहासिक आर्थिक घटनामा आधारित उपन्यास, कथा, नाटक, निबन्ध र एकाङ्की र बालसाहित्यका साथै फुटकर रचनामा पनि उल्लेखनीय छन् भनी भनेका छन् । भट्टराईले यस पुस्तकमा आफ्नो भनाई यसरी व्यक्त गरेका छन् **'साहित्य एउटा सागर हो, जहाँ माछा, गोही देखी लिएर साना साना जीवाणुहरु पनि हुन्छन् । अनि रत्न देखि लिएर हिलोमैलो पनि हुन्छन् । साहित्यका पारखीहरुले रत्न लिनु पर्दछ, हिलोमैलो फ्याक्नु पर्छ, माछा टिप्न सक्नु पर्दछ र गोहीदेखि सतर्क हुनुपर्दछ साथै जीवाणुहरु छानेर पन्छाएर सागरको**

**स्वच्छ जल पिउन सक्नुपर्दछ, त्यसमा पाठकको पारख देखिन्छ'** । नेपाली साहित्य सागरका एउटा सशक्त र उल्लेखनीय प्रतिभा हुन् रमेश विकल । विकलका प्रसिद्ध कथाहरुमा **सिंगारी बाखी, लाहुरी भैंसी, भंज्याङको चौतारो** आदि हुन् भनी उल्लेख गरेका छन् । भट्टराईले विकललाई नेपाली कथा साहित्यका फाँटमा एक उज्जवल ताराको रुपमा विकलको स्थान सुरक्षित रहेको कुरा उल्लेख गरेका छन् ।

**डा.तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, काठमान्डौः नवीन प्रकासन, २०५१ ।**

तारानाथ शर्माले रमेश विकलको बारेमा अध्ययन गर्दै **नेपाली साहित्यको इतिहास** (२०५१) नामक पुस्तकमा रमेश विकलको पहिलाको प्रवृत्ति र हालको प्रवृत्ति भनी छुट्याएका छन् । शर्माले विकलका यस्ता कथाहरुमा देखिने प्रवृत्तिहरुमा शुरुका कथाहरुमा सामान्तविरोधी प्रवृत्ति साह्रै नै मार्मिक रुपमा अभिव्यक्ति भएको पाइन्थ्यो भने,पछि आएर भने उनका कथामा यौन प्रवृत्तिको सुक्ष्म अभिव्यक्ति पाइन्छ भन्दै शर्माले टिप्पणी गरेका छन् । यस्ता प्रकारको रमेश विकलको कथाका प्रवृत्ति देखाउँदै शर्माले **लाहुरी भैंसी** कथा जुन पहिलाका कथा हुन् जसमा ग्रामिण जनताको प्रगतिवादी विश्लेषण पाईन्छ र विकलका पछिका कथा **भन्ज्याङ्गको चौतारोमा** करुणा र व्यथा पाईन्छ । यसरी तारानाथ शर्माले रमेश विकल सामान्त विरोधीका साथै अन्य मानसिक करुण व्यथा आदिको सुक्ष्म अध्ययन गरी कथा लेख्ने कथाकार हुन् भनी भनेका छन् ।

**घटराज भट्टराई, नेपाली साहित्यको परिचय कोश, नेश्नल रिसर्च एसोसिएसन, काठमाडौं, २०५१ पृष्ठ ४२७ र ४२८**

घटराज भट्टराईले **नेपाली साहित्यको परिचय (२०५०)** नामक पुस्तकमा रमेश विकललाई एक साहित्यिक व्यक्तित्व मान्दै उनका कथाको अध्ययन र विश्लेषण गरेका छन् । विकल २००६ सालको शारदा पत्रिकामा **गरीब** कथा छपाएर साहित्यिक यात्रा शुरु गर्ने विकलले मदन पुरस्कार (२०१८), महेन्द्र प्रज्ञा पुरस्कार (२०३८) पनि प्राप्त गरेका छन् भनी उल्लेख गरेका छन् । भट्टराईले विकलका प्रकाशित कथा, उपन्यास, यात्रा साहित्य, कथा संग्रह, बालसाहित्य र नाटक आदि फाँटमा उनको राम्रो योगदान रहेको बताएका छन् । मार्क्सवादी धारणालाई हृदयंगम गरी भाव, कला, समाज र इतिहास सभ्यताको आड अभिव्यक्ति दिने विकलको निरन्तरताको साधन अभ्यास र लेखन प्रतिको प्रतिबद्धताले यो क्षेत्रमा

निकै अग्रणी आफ्नो भाव व्यक्त गरेका छन् । विकल नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी भएपनि मुलतः विकल कथाकार नै हुन् भनी भनेका छन् ।

**बासुदेव त्रिपाठी, नेपाली साहित्य श्रृंखला, भाग १, एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., थापाथली, काठमाडौं २०५२ पृष्ठ २५४-२६९**

बासुदेव त्रिपाठीले **नेपालीसाहित्य श्रृंखला** (२०५२) नामक पुस्तकमा **मेरी सानी भतिजी प्रतिमा** उपशीर्षकमा रमेश विकललाईएक साहित्यिक व्यक्तित्व मान्दै उनका कथाको अध्ययन र विश्लेषण गरेका छन् । त्रिपाठीले रमेश विकलको कथाहरुको प्रवृत्तिको बारेमा पनि केलाएका छन् । रमेश विकल उनका समकालीन साहित्यकारहरु मध्येका एक उत्कृष्ट साहित्यकार हुन् भनेका छन् । त्रिपाठीले रमेश विकलका कथाहरुको कथावस्तु, चरित्र चित्रण, वातावरण, ढाँचा, मुख्यभाव, विचार, भाषा, शैली आदिको बारेमा पनि विश्लेषण गरेका छन् । त्रिपाठीले **मेरी सानी भतिजि प्रतिमा** कथाको विस्तृत व्याख्या गर्नुका साथै यस कृतिमा रहेका विशेष सन्दर्भ र भाषिक अभ्यास समेत गरेका छन् ।

**राजेन्द्र सुवेदी , नेपाली उपन्यास परम्परा र प्रवृत्ति, भुमिका वाराणसी यु.पी., भारत, २०५३**

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३) नामक पुस्तकमा समाजवादी यथार्थवादी परम्पराको थप प्रयासमा **उपन्यासकार रमेश विकल** शीर्षकको लेखमा रमेश विकलको परिचय दिदै २००७ साल पछि वर्तमानका सन्दर्भमा आलोचनात्मक यथार्थवादी स्वर लिएर सृजनाका क्षेत्रमा देखा परेका विकल कथा, नाटक, निवन्ध, संस्मरण उपन्यास र बालसाहित्यमा पनि छरिन पुगेका छन् भनी भनेका छन् । सुवेदीले विकललाईं सामाजिक यथार्थवादी उपन्यासकार हुन् भनी भनेका छन् । रमेश विकलका प्रकाशित उपन्यासहरुको उल्लेख गर्दै ति मध्येका उत्कृष्ट उपन्यास, **अविरल वग्दछ इन्द्रावती** को विश्लेषात्मक चर्चा गरेका छन् । विकलले **अविरल वग्दछ इन्द्रावती** उपन्यासलाई विभिन्न कोणबाट केलाएका छन् । आख्यानात्मक वृत्तमा, सामाजिक यथार्थतामा, उद्धेश्यमा रहेको बताएका छन् । यो उपन्यास तात्कालिन नेपालको राष्ट्रिय, क्षेत्रीय र स्थानीय परिधिका विसंगति भित्रका विकृति अनुहारका विरुद्ध लड्ने मानसिकताको पूर्ण तयारी यस उपन्यासले गरेको कुरा व्यक्त गरेका छन । उक्त लेखमा सुवेदीले अर्ध दासत्वको बन्धनबाट अभिसत्व नेपाली समाज मुक्तिको लागि अविरल, गतिशिल रहनुपर्ने बोध गर्न थालेपछि पुस्तौंदेखि संकीर्ण र दमन प्रक्रियालाई दीर्घकालीन योजनाद्धारा धरासायी बनाउने पूर्ण तयारी यस उपन्यासमा दिएको छ भन्ने बारेमा प्रकाश पारेका छन् । उक्त

लेखमा सुवेदीले रमेश विकललाई सामाजिक यथार्थवादी विषय वस्तुलाई साहित्यिक लेखहरुमा गतिशिलता दिने साहित्यकार मानेका छन ।

**जनकप्रसाद हुमागाईं , नेपाली बालसाहित्य प्रकाशन, सुनकोशी साहित्य प्रतिष्ठान काठमाडौं २०५६**

जनक प्रसाद हुमागाईंले **नेपाली बालसाहित्य** (२०५६) नामक पुस्तकमा नेपाली बालसाहित्य र बालसाहित्यकार शीर्षकको लेखमा विकलको जन्म, उनका प्रकाशित कृतिहरुको अध्ययन गर्दै नेपाली बाल कथाहरुलाई सम्पन्न तुल्याउन परिश्रम गर्ने कथाकारहरुमा रमेश विकलको नाम पनि अगाडी आउँछ भनेका छन् । विकलको **विरानो देशमा, अगेनाको डिलमा, २१ रमाईला कथाहरु, गौथलीको गुँड, हिउँदे छुट्टी** आदि प्रकाशित छन् । साहित्यको आधुनिक कालको बालसाहित्यमा वैज्ञानिक दृष्टि बोकेका विकलका कथाहरु रमाईला हुनुका साथै रसिला पनि छन् भनी आफ्नो विचार व्यक्त गरेका छन् ।

**दयाराम श्रेष्ठ र मोरासा, नेपाली साहित्यको संक्षिप्त इतिहास ,साझा प्रकाशन,काठमाडौं, २०५६**

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०५६) नामक पुस्तकमा कथाकार ्रमेश विकलका बारेमा अध्ययन गर्दे आफ्ना धारणाहरु व्यक्त गरेका छन । समालोचक द्वयले उक्त पुस्तकमा रमेश विकलका कथाहरुको समीक्षात्मक विश्लेषण गरेर निष्कर्श निकालेका छन । उनीहरुले रमेश विकलको उक्त विश्लेषणबाट यथार्थवादी कथाकार हुन् भनेका छन् । समालोचक द्वयले रमेश विकललाई यथार्थवादी कथाकार मान्दै उनको कथाको स्वरुप पनि प्रगतिशील ढाँचाको रहेको र यिनको कथाले मानब समाजको विभिन्न पक्षहरुको सामाजिक आर्थिक जीवनका सुक्ष्म निरिक्षण गर्दै गरिवहरुले भोग्नुपर्ने पीडा , व्यथा आदिको यथार्थ चित्रण गरेको छ भनेका छन । यसरी समालोचक द्वयले उक्त पुस्तकमा रमेश विकलका कथाका आधारमा उनलाई यथार्थवादी कथाकार भनी औल्याएका छन ।

**कृष्ण गौतम, रचनाको रोमाञ्च, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५६ पृष्ठ २६२**

कृष्ण गौतमले **रचनाको रोमाञ्च** (२०५६) नामक पुस्तकमा रमेश विकलको **आज फेरी अर्को तन्ना फेरिन्छ** मा उपशीर्षक लेखमा विकलका थुप्रै कथाहरुको समीक्षात्मक अध्ययन गर्दै विकल सवल र दुर्वल दुवै पक्षका बारेमा चर्चा गरेका छन् । गौतमले यस लेखमा रमेश विकललाई नयाँ परिवर्तनका प्रतिनिधी व्याख्याकार हुन भनेका छन् । गौतमले रमेश विकल २००७ साल पछिका चम्कीला कथाकार हुन् भनेका छन् । गौतमले विकलका उक्त कथासंग्रहका कथाहरु अति अस्तित्ववादको किनारसम्म छुने

कथा संग्रहका कथाले वर्तमान युगका अनगिन्ती समस्यालाई राम्ररी खोतलेर छर्लङ्गाएका कुरा उल्लेख गरेका छन् । गौतमले विकलको उक्त कथासंग्रहमा विषय वस्तुमा नौलो प्रदर्शन र परम्परागत नैतिकता प्रतिको अपेक्षाभावले पनि त्यहि प्रवृत्तिलाई औलाएको विचार व्यक्त गरेका छन् । यस कथा संग्रहका प्राय सवै कथाहरुमा आजको सभ्यताको मर्महरु उद्घाटन भएको कुरा गौतमले उल्लेख गरेका छन् । प्रस्तुत लेखमा गौतमले विकलका  यस कथामा भएका भीषण अपराध कार्यलाई उदांग पार्नुका साथै नैतिकताको अपेक्षा र अस्तित्वको व्याप्त भएको बताएका छन् । विकल उक्त संग्रहमा जीवनका प्रति घृणा, वितृष्णा र नैराश्यतालाई देखाएको कुरा उल्लेख गरेका छन् । रमेश विकल कथा रचनामा सिद्धहस्त छन् । विकलका कथा धेरै बोल्छन, बकबकाएको हुन रुचाउछन् । पाठकले सजिलै बुझ्ने विषयमा पनि ओहोर दोहोर गरिरहन्छन् । कहाँनेर रोकिने र कहाँनेर बढ्ने भन्ने कुरामा उस्तो चासो दिदैनन् तर पनि उनका कथामा शक्ति छ, गति छ , तर्कशीलता छ, उनी भावुक हुन भन्दा बौद्धिक हुन रुचाउछन् भनी आफ्नो भाव व्यक्त गरेका छन् । विकलका कथाहरु जीवन र जीवन मूल्यलाई विर्सन हुदैन भन्ने खाले रहेको बताएका छन् ।

**जि.के.पोखेल र घटराज भट्टराई, आधुनिक नेपाली आख्यान र नाटक, अक्फोर्ड इन्टरनेश्नल पब्लिकेशन २०५६**

जि.के.पोखेल र घटराज भट्टराईले **आधुनिक नेपाली आख्यान र नाटक** नामक पुस्तकमा कथाकार रमेश विकल र फुटपाथमिनिस्टर कथा नामको उपशीर्षक लेख लेखेका छन् । त्यस पुस्तकमा रमेश विकल सम्वन्धी जन्म, उनका प्रकाशित कथासंग्रह , उनले लेखेका कथा बाहेक उपन्यास , बालसाहित्य आदिको चर्चा गर्दै उनले प्राप्त गरेका मान सम्मान र पुस्तकहरुको बारेमा पनि सामान्य जानकारी गराएका छन् । पोखेलले विकलका कथाहरुमा देखने प्रवृत्तिहरुलाई पनि केलाएका छन् । विकलका प्राय सवै कथाहरुमा समाजमा घटेका र घट्न सक्ने प्रवृत्तिका कथाहरु रहेको चर्चा गरेका छन् । विकलका बालकथाहरुमा **मधुमालतीको कथा, फुटपाथ मिनिस्टर, मेरी सानी भतिजि प्रतिमा** आदिको उल्लेख गर्दै फुटपाथ मिनिस्टर कथाको चर्चा गरेका छन् । फुटपाथ मिनिस्टर कथामा मागि हिड्ने केटाकेटीहरुको निराशदास जीन्दगीको चित्रण गरेका छन् । नेपालीहरु गरिवीको कारण मानिसले आफ्ना छोरा छोरीहरुलाई माग्न समेत बाध्य भएको कुरा उल्लेख गर्दै फुटपाथमा मागी हिड्ने केटाकेटीहरु प्रति गर्ने मावन व्यवहारको पनि चर्चा परिचर्चा गरेका छन् । मागी हिड्ने केटाकेटीहरुको कुनै सहारा नभएको पढ्ने बच्चाहरुको आर्थिक अभावले गर्दा ति केटाकेटीहरु फुटपाथमा माग्न समेत पछि नपर्ने कुरा

उल्लेख गरेका छन् । **फुटपाथ मिनिस्टर** कथामा फुटपाथमा मागी हिड्ने केटाकेटीहरुको निसहाय जिन्दगीको चित्रण गरेर भाव समवेदना जागृत गराएका छन् । यसका साथै समाजमा आर्थिक विषमता प्रति व्यंग्य गरेका छन् । यसरी विभिन्न आर्थिक सामाजिक भेदभावका कारण बालबालिकाहरुले भोग्नु पर्ने पीडालाई चित्रण गरी लेखिएका बाल मनोवैज्ञानिक कथाहरु अत्यन्तै सफल भएको कुरा पोखेल र भट्टराईले उल्लेख गरेका छन् ।

**यादब भण्डारी, नरेन्द्र कोइराला, ज्ञानेश्वर निरौला नेपाली उपन्यासको विशेष अध्ययन, काठमाडौं; प्रशान्त पुस्तक भण्डार, पुतलीसडक, २०६१**

यादब भण्डारी, नरेन्द्र कोइराला, ज्ञानेश्वर निरौलाले **नेपाली उपन्यासको विशेष अध्ययन** ( २०६१) नामक पुस्तकमा थुप्रै आधुनिक उपन्यासकारहरुको चर्चा गरेका छन् । दोश्रो चरण (२०२१) यता समाजवादी यथार्थवादी धारा छुट्टाएका छन् । ति धाराहरुमा पर्ने सर्जकहरुमा डि.पी.अधिकारी आशमाया (२०२५) उपन्यासबाट नेपाली साहित्यमा यस धाराको सुरुवात भएको बताएका छन् । यस धाराका पहिलो सर्जक रमेश विकल हुन् भनी उल्लेख गरेका छन् । रमेश विकलको **अविरल बग्दछ इन्द्रावती** (२०४०) लाई समाजवादी यथार्थवादी जल्दोवल्दो उदाहरण मानेका छन् । यस धाराकालेखकहरुले भविष्य प्रति आशा जाहेर गर्दै समाजमा विकृति, विसंगति, रुढिवादी अन्धविश्वास, वर्गीय , जातीय उचनीचको भावना जस्ता कुराको विरोध गर्नुका साथै सामन्तवादी र प्रतिक्रियावादी शासन सत्ताका विरुद्धमा चेतना जगाई आमूल परिवर्तनका लागि क्रान्तिको उद्घोष गरेका छन् । समाजमा विद्यमान असमान विवरण र त्यसबाट सिर्जना भएका समस्याको चित्रण गर्दै नारी र निम्न वर्गीय जनताहरुलाई शोषणबाट मुक्त गर्ने मार्क्सवादी दृष्टिकोणलाई यस धाराका सर्जकहरुले ठूलो रुपमा अवलम्वन गरेका छन् भनी आफ्नो भाव व्यक्त गरेका छन् । भण्डारी, कोइराला र निरौलाले उक्त लेखमा रमेश विकललाई समाजवादी यथार्थवादी धाराका उल्लेखनीय सर्जक मानेका छन् ।

**प्रमोद प्रधान, नेपाली बाल साहित्यको इतिहास, विवेक सिर्जनशील प्रकाशन प्रा.लि.,२०६१**

प्रमोद प्रधानले **नेपाली बाल साहित्यको इतिहास** नामक पुस्तकमा केही प्रमुख **नेपाली बालसाहित्य लेखक** शीर्षक लेखमा रमेश विकलको साहित्यिक यात्रा २००६ सालमा शारदा पत्रिकामा **गरीब** कथा प्रकाशित गरेर लेखन यात्रा चाल्ने विकलको सवैजसो विधा, कथा, उपन्यास, नाटक, यात्रा निवन्ध लगायतका विधाहरुमा सक्रियतापूर्वक कलम चलाउन सफल साहित्यकार हुन् भनेका छन् ।

प्रधानले विकलको प्रकाशित कृतिहरुको अध्ययन गर्दै योगदानको पनि चर्चा गरेका छन् । नेपाली बालसाहित्य लेखक रमेश विकलका प्रकाशित बालकथा, बालनाटक, बालउपन्यास र बाल कविताआदिको चर्चा परिचर्चा गरेका छन् । बाल साहित्य लेखक विकलका उपलब्ध बालसंग्रहका आधारमा उनी लोककथा र पौराणिक कथाको आधारमा नभई मौलिक बालकथाहरुको सिर्जनामा पनि सिद्धहस्त भएको प्रमाणित गरेका छन् । प्रधानले तेह्र रमाइला कथासंग्रहहरुका बालकथाहरुले बालबालिकाहरुलाई इमान्दारलाई सबैले सम्मान र माया गर्दछन, घमण्डले मानिसको विनाश गर्दछ, धर्म र जात भन्दा मानिस ठूलो हो, नराम्रो संगतले बुद्धि विग्रन्छ , सही कुरा पनि ढाँचा पुऱ्याउन मिठो तरिकाले बोल्नु पर्दछ, मिहिनेत र निरन्तरको प्रयासबाट मानिसले सफलता प्राप्त गर्न सक्छ, लोभले हानी पुऱ्याउछ, आएको मौकालाई छोप्नु पर्दछ , अरुलाई बचाउनु मानिको धर्म हो र स्तुति गर्नेहरुले आफ्नो मात्र हित हेर्छन भन्ने जस्ता विविध शिक्षा तेह्र रमाइला कथाहरु र हिउँदे छुट्टी कथासंग्रहका शीर्षकहरुमा दिएको बताएका छन् । बाल कथा लेखक रमेश विकलका बालकथाहरु घटना र चरित्र माध्यमबाट बालबालिकालाई एकातिर आदर्श नागरिक बन्न प्रेरित गर्दछन् भने अर्कोतिर समाजमा व्याप्त रुढिवाद, अन्धविश्वास र विकृत्तिहरुलाई समाप्त पार्नु पर्ने भाव व्यक्त गरेका छन् । विकल बालनाटक विद्यामा पनि कलम चलाउन सफल छन् भन्दै **सात थुंगा** र **अव तिमी नरोउ किरण** नाट्यसंग्रहको शीर्षकहरुमा चर्चा परिचर्चा गरेका छन् । त्यस्तै **किशोर** उपन्यास, **विक्रम र नौलो ग्रहको** पनि संक्षिप्त रुपमा चर्चा गरेका छन् । प्रधानका अनुसार विकलको उक्त **किशोर** उपन्यासमा बाह्र देखि सत्र बर्ष उमेर समूहका लागि उपयुक्त यो उपन्यास विज्ञान सम्वन्धी कल्पनामा आधारित उपन्यास हो भनेका छन् । प्रधानले यो उपन्यास किशोर  किशोरीहरुमा विज्ञानप्रतिको चाख बनाउन र विज्ञानबाट भविष्यमा हुन सक्ने सम्भाव्य खोज, अन्वेषण र अनुसन्धान बारे जानकारी दिन सफल उपन्यास हो भनेका छन् ।

यसरी प्रधानले बालसाहित्य लेखक रमेश विकलले बालकथा, बालकविता, बालनाटक, किशोर उपन्यास र अनुवाद जस्ता विविध विधामा सक्रियतापूर्वक कलम चलाउन नेपाली बालसाहित्यको विकासमा महत्वपूर्ण योगदान दिएको तथ्यलाई स्वीकार गरेका छन् ।

**डा.दिपक गौतम, समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति, प्रमोशन प्रिन्टर्स र पब्लिसिङ्ग काठमाडौं** (२०६४)

डा.दिपक गौतमले **समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति** (२०६४) नामक पुस्तकमा कथाकार रमेश विकलका कथागत प्रवृत्ति र उनको एक देखि बढि पाँच सम्म कथासंग्रह प्रकाशित गर्नेमा रमेश विकलको नाम अग्र पंक्तिमा आउँछ भनी उल्लेख गरेका छन् । नेपालमा प्रगतिवादी साहित्यिक अभियान २००७ सालको राजनैतिक परिवर्तन संगै शुरु भएको बताएका छन् । गौतमले नेपालमा प्रगतिवादी साहित्यिक लेखन भित्र कथालेखन व्यक्तिगत रुपमा रमेश विकलको **गरिव** शारदा (२००६) पत्रिका हो भन्दै (२००९) सेवा पत्रिकामा प्रकाशित कथा संग्रहरुमा गोविन्द प्रसाद लोहनीद्धारा सम्पादित कमरेड जाने होइन कथा संग्रहमा रमेश विकलको **आँशुले भिजेको रुमाल** कथा समावेश गरिएको उल्लेख गरेका छन । गौतमले यस पुस्तकमा यसरी प्रारम्भ भएको प्रगतिवादी कथा लेखन परम्परामा रमेश विकल देखि पारिजात हुदै यम बहादुर श्रेष्ठसम्मका कथाकारहरुको झण्डै एकसय पचास भन्दा बढि कथासंग्रह प्रकाशित भइसकेको बताएका छन् । नेपाली साहित्यमा प्रगतिवादी कथा लेखनको सुरुवात गर्ने विकलका पाँच भन्दा बढि कथासंग्रहरु प्रकाशित छन् । विकल नेपाली साहित्यमा प्रगतिवादी, यथार्थवादी कथाकार हुन भनेका छन् ।

**ऋषिराज बराल, साहित्य र समाज, ललितपुर साझा प्रकाशन, २०६४ (पृष्ठ १९५)**

बरालऋषिराज ले **साहित्य र समाज** (२०६४) नामक पुस्तकमा रमेश विकलका रचनाहरु आर्थिक असमानता वा वर्ण विभेदले उत्पन्न गरेका समस्या, राष्ट्रियता आदि अनेक महत्वपूर्ण पक्षहरु अन्तरनिहित  रहेको बताएका छन् । विकलका सिर्जनामा यौनजन्य समस्याहरु प्रकट हुनुको साथै उनका रचनाहरु समाजलाई मार्गदर्शन गर्ने उद्धेश्यले लेखिएका हुन्छन् । विकलको **अविरल बग्दछ इन्द्रावती** उपन्यासमा इन्द्रावती नदी किनारमा बसोवास गरी जिवन विताउने माझिहरुको दुःख पिडालाई यथार्थ रुपमा झल्काएका छन् । उनी प्रगतिशिल साँस्कृतिक माझीहरुका पंक्तिमा उभिदै त्यहाँ भित्रका खरावीहरु हटाउन चाहन्छन् । विकलको भनाईलाई बरालले जस्ताको तस्तै रुपमा लेखेका छन् । प्रगतिशिल साँस्कृतिक कर्मीहरुका विच बलिया समझदारी सहिष्णुता, प्रतिवद्धता, सद्भाव र त्याग तथा सम्पूर्णको भावनासहितको एकता प्रवल भएर गएका खण्डमा जनचेतना बृद्धि गर्नुको साथै त्यस्ता पतोन्मुख, अशील र सामान्ती पूर्ण संस्थालाई पृष्ठपोषण गर्ने खालका पतनोन्मुख संस्कृतिको पतन

निश्चित छ । यो भनाइबाट बरालले विकल नेपाली साहित्यको प्रगतिवादी प्रगतिशिल फाँटमा एक अग्रहणी स्रष्टा हुन भनेका छन् ।

**प्रा.दयाराम श्रेष्ठ, नेपाली कथा भाग ४, काठमाडौः साझा प्रकाशन, २०६६**

दयाराम श्रेष्ठले **नेपाली कथा भाग ४** (२०६६) नामक पुस्तकमा रमेश विकल सम्वन्धी जन्म, उनका प्रकाशित कथासंग्रहरु, उनले प्राप्त गरेका मान सम्मान र उनले पयस पुस्तकमा .....**तर कोपिला फक्रेन, शव, शालिक र  सहस्र बुद्ध** कथाहरुको संक्षिप्त अध्ययन गरी **तर कोपिला फक्रेन** कथामा श्याम जस्तो प्रतिभाशाली बालबालिकाहरु हाम्रो समाजमा शिक्षादिक्षा  र आर्थिक अभावका कारण त्यसै विलाएर जाने गरेका छन् । यसमा विकलले एउटा श्यामको सम्झना दिलाएर सफल कथाकार बनेका छन् भनी भनेका छन्  । भने **शव, सालिक र सहस्र बुद्ध** कथामा अर्थ सापेक्ष व्यंग्यका भाव व्यक्त गरेको बताएका छन् ।  रमेश विकलको कथाहरुमा नेपाली समाजमा धनीवर्गले गरीबवर्ग प्रति गर्ने व्यवहार शोषण, दमन आदि जस्ता विषयलाई समेटिएको हुन्छ र धनीहरुका त्यस्तो व्यवहारले गरीबहरुले भोग्नु पर्ने पिडा दुःखलाई अत्यन्तै मार्मिक रुपमा उतारिएको हुन्छ भन्ने कुराको उल्लेख श्रेष्ठले गरेका छन् । श्रेष्ठले विकलका शुरुशुरुका कथाहरुमा परम्परागत ढाँचामा आधारित नेपाली समाज प्रतिविम्वित भएको पाउछौ भने पछिपछिका कथाहरुमा परम्परागत मूल्यबाट मुक्त हुने प्रयास्मा लागेको नेपाली समाजको परिर्वतन स्वरुप चित्रित भएको बताएका छन् । रमेश विकल एक प्रखर जनवादी कथाकार भएको हुनाले उनका कथाको संरचना अन्तर्गत कथावस्तुमा गरीब र त्यसबाट उत्पन्न हुने समस्या, शोषणमा आधारित समाज व्यवास्थाको घोर विरोध गर्दै शोषित वर्गप्रति आफ्नो हार्दिक सहानुभुति व्यक्त भएको बताएकका छन् । श्रेष्ठले यस पुस्तकमा **तर...कोपीला फक्रेन, शव शालिक र सहस्र बुद्ध** कथाहरुको संक्षिप्त अध्ययन गरी **तर कोपिला फक्रेन** कथामा श्याम जस्तो प्रतिभाशाली बालबालिकाहरु हाम्रो समाजमा शिक्षादीक्षा र आर्थिक अभावका कारण त्यसै विलाएर जाने गरेको छ । यसमा विकलले एउटा श्यामको सम्झना दिलाएर सफल कथाकार बनेका छन् भनी भनेका छन् भने **शव, सालिक र सहस्रबुद्ध** कथामा अर्थसापेक्ष व्यङ्यका भाव व्यक्त गरेको बताएका छन् । रमेश विकलको कथाहरुका मूलस्वर सामाजिक संस्कारको नैतिक परिमार्जन तर्फ अभिमूख रहनुको साथै समाजमा रहेको असन्तुष्टि र कमीकमजोरीहरुको यर्थाथवादी शैलीमा व्यक्त गर्ने साहित्यकार हुन् भनी व्यक्त गरेका छन् । विकलका कथाको प्रवृतिको आधारमा विकललाई सामाजिक यर्थाथवादी कथाकार भनेर औल्याएका छन् ।

**गोपाल ठाकुर, रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक, काठमाडौँ, रमेश विकल साहित्य प्रतिष्ठान, आरुबारी (२०६७) पृष्ठ ४०७**

गोपाल ठाकुरले **रमेश विकलः विम्ब एक प्रतिविम्ब अनेक** (२०६७) नामक पुस्तकमा विकल उनका बालकथाहरुको शीर्षकको लेखमा रमेश विकलका बालसाहित्यको अध्ययन गरेका छन् । ठाकुरले विकलको **तेह्र रमाइला कथाहरु** आफूले कक्षा ६मा पढेको उल्लेख गरेका छन् । उक्त पुस्तकलाई भोजपुरी भाषामा व्याख्या विश्लेष्ण गरेर सिकाईएको कुरा र साथीहरुले सब भन्दा बढी बुझ्ने पुस्तक पनि तेह्र रमाइला कथाहरु नै थियो भनी बताएका छन् । त्यस पुस्तकको सरल लेखन शैली र हाम्रो आफ्नै गाउँठाउँमा प्रचलित कथाहरुसँग मिल्ने कथा वस्तु रहेको पुस्तक ज्यादै स्मरणीय लागेको बताएका छन् । ठाकुरले विकलका **तेह्र रमाइला कथाहरु**को संक्षिप्त रुपमा विश्लेषण गरेका छन् । ती कथाहरु अति रमाइलो पारामा हुनेखाने र हुदाखादाहरुको बिचको दुरीलाई वर्णन गरेका कुराको उल्लेख गरेका छन् । विकलका यी वाल कथाहरुमा धुर्त्याई, दुष्टता, आशक्ति, दुस्साहस र दुराचारको परिणाम जहिले पनि नकारात्मक हुनुका साथै नैतिकता, होसियारी, चनाखोपन, आत्मविश्वाश, दृढनिश्चित जस्ता सकारात्मक मानवीय गुणहरु कलिला मष्तिष्कमा मनोवैज्ञानिक ढङ्गले भर्ने कलामा विकल निपूर्ण रहेको बताएका छन् । विकलका सबै बालसाहित्य कृतिहरु सरल-सहज गैर-नेपालीभाषीहरुको बिचमा पनि कथावस्तु बुझ्न सजिलो शैली प्रयोग गर्ने विकल नेपाली साहित्यमा अविस्मरणीय छन् भनेका छन् ।

**खगेन्द्रप्रसाद लुईंटेल, नेपालीका विशिष्ट साहित्यकार रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक** ( **समालोचनाग्रन्थ**) **काठमाडौ, रमेश विकल साहित्य प्रतिष्ठान, २०६७**

खगेन्द्र प्रसाद लुईंटेलले **रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक** (२०६७) नामक शीर्षकको पुस्तकमा **नेपालीका विशिष्ट साहित्यकार रमेश विकल** शीर्षकको लेखमा विकलको जीवनवृतान्त देखि २००६ सालमा प्रकाशित **गरीब** शीर्षकको कथाका माध्यमबाट नेपाली साहित्यमा प्रबेश गरेका रमेश विकलले कथा, उपन्यास, नाटक, एकाङ्की, निबन्ध, बालसाहित्य आदि विधामा कलम चलाउन सफल साहित्यकार हुन् भनेका छन् । लुईंटेलले विकलका प्रकाशित विभिन्न विधाका कृतिहरुको उल्लेख गर्नु भएको छ । **विरानो देशमा (२०१६), नयाँ सडकको गीत (२०१९), आज फेरी अर्को तन्ना फेरिन्छ** ( **२०२४), एउटा बूढो भ्वाइलेन आसावरीको धुनमा** (२०२५), **उर्मिला भाउजू** (२०३५), **शव, सालिक र**

**सहस्र बुद्ध** (२०४३), **र हराएका कथा** (२०५५) जस्ता सातवटा कथासङ्ग्रह प्रकाशित छन् । यी बाहेक **सुनौली** (२०३१) र **अविरल बग्दछ इन्द्रावती** (२०४३) **सागर उर्लन्छ सगरमाथा छुन** (२०५६)निबन्धमा **सात सूर्य एक फन्को, नीलगिरीको छायाँमा** (२०५६) **अब अगाडि बढ्नु छ अझ अगाडि** (२०५०), **मेरो अविरल जीवन गीत** (२०६०), त्यस्तै नाटक एकांकी**सरदार भक्ति थापा** (२०४०) र **झिल्किएकोमणि**(२०४८), **सात रंग** (२०३९), **मानिस वैभव र मृत्यु** (२०५६) । त्यस्तै गरी बालसाहित्यमा पनि विकलको कलम दौडिरहेको छ भन्दै **तेह्र रमाइला कथाहरु** (२०२२), **अगेनाको डिलमा** (२०२३), **एक्काइस रमाइला कथाहरु** (२०२३), **पन्चतन्त्रका कथाहरु**, **केही पुर्खाको कथा** आदि प्रकाशित हुनुको साथै बाल उपन्यासहरु पनि प्रकाशित छन् भनेका छन् ।

उपर्युक्त पुस्तकाकार कृतिहरुका अतिरिक्त रमेश विकलका फुटकर रचनाहरु पनि विभिन्न पत्रपत्रिकामा स्नातकोत्तर देखि विद्यावारिधि सम्म शोधपत्रहरु तयार भएका छन् । र अन्य थुप्रै शोधपत्रहरु तयारीमा रहेका छन् भनी विकलका कृतिहरुको लुइटेलले प्रशंसा गरेका छन् । नेपाली साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल नेपाली साहित्यका विशिष्ट साहित्यकार हुन्, यिनका सवैजसो रचनाहरुमा सामाजिक यथार्थवादी चिन्तनको प्रभाव कुनै न कुनै रुपमा रहेको हुन्छ भनी आफ्नो भाव व्यक्त गरेका छन् । लुईटेलले विकल विशेष गरी नेपाली कथामा सामाजिक यथार्थवादी धाराका वरिष्ठ कथाकार विकल आधुनिक नेपाली कथा साहित्यको फाँटमा यिनको योगदान सदैव अविश्मरणीय रहने पक्का छ भनी आफ्नो भाव व्यक्त गरेका छन् ।

**परशुराम पराजुली, रमेश विकल र उनको कथायात्रा, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक काठमाडौं : रमेश विकल साहित्य प्रतिष्ठान, २०६८ ।**

परशुराम पराजुलीले **रमेश विकलः विम्व एक प्रतिविम्व अनेक** पुस्तकमा **रमेश विकल र उनका कथा यात्रा** उपशीर्षकको लेखमा रमेश विकलको जन्म, उनका प्रकाशित कथासंग्रह, उपन्यास, निवन्ध, नाटक, एकांकी, बालसाहित्य आदि गरी जम्मा ४३ वटा कृतिहरु प्रकाशित छन् भने विकलले प्राप्त गरेका राष्ट्रियस्तरका संघसंस्थाहरुले पुरस्कार मान सम्मान र अभिनन्दन आदिको सामान्य जानकारी गराएका छन् । पराजुलीले नेपाली कथाकारिताको आकाशमा उदाएका चम्किला ताराहरु गुरु प्रसाद मैनाली, विश्वेश्वर प्रसाद कोइराला, भवानी भिक्षु, गोविन्द बहादुर मल्ल गोठाले पछिका उज्जल नक्षेत्रका रुपमा देखा परेका विकल सामाजिक यथार्थवादी कथाकार हुन् भनी आफ्नो भाव व्यक्त गरेका छन् । पराजुलीले यस लेखमा रमेश विकलको कथायात्रालाई प्रवृत्तिका चार चरणमा विभाजन गरी

अध्ययन र विश्लेषण गरेका छन् । यस लेखमा पराजुलीले पहिलो चरणका कथाहरुमा **विरानो देशमा, लाहुरी भैंसी, नयाँसडकको गीत र सिंगारी बाखी** आदि कथाहरुलाई पहिलो चरणको उदाहरणका रुपमा राखेका छन् । विकलका कथाहरुमा विसंगतिपूर्ण सामाजिक यथार्थ र निम्न मध्यम तथा निम्न वर्गीय ग्रामिण समाजको जीवनको आर्थिक विवशता, अज्ञानता र अन्धविश्वास रहेको र त्यसबाट बलिया बांगाले सुधा सोझा मानिसहरुमाथि गरिने विभिन्न शोषण, उत्पीडन र आडम्वर आदि ध्वनित्व उनका कथाहरुमा भएका हुन्छन् भन्दै उनका कथाहरुमा **विरानो देशमा, लाहुरी भैंसी, सिंगारी बाखी** आदिको अध्ययन गरेका छन् । त्यस्तै गरी विकलका दोश्रो चरणका मानिसका अन्तर्मनमा खजमजिएर रहेका सामान्य असामान्य प्रवृत्ति अर्थात यौनजन्य कुन्ठाहरुको पर्दाफास गरेको पाइन्छ भन्दै उनका कथामा **आज फेरी अर्को तन्ना फेरिन्छ, एउटा बुढो, आशावरीको धुनमा** उपन्यासमा **सुनौली**, बालकथासंग्रहमा **अगेनाको डिलमा** आदि कृतिहरुलाई दोश्रो चरणको रुपमा प्रस्तुत गरेका छन् । तेश्रो चरणमा विकल पुनः प्रथम चरणकै प्रवृत्तिमा ढल्केका छन् । यस चरणका कृतिहरुमा **उर्मिला भाउजु, शव, सालिक र सहस्र बुद्ध, दिलमाया, म र मेरो घर, मुर्खहरुको कथा, विक्रम र नौलो ग्रह, अविरल बग्दछ इन्द्रावती** आदि रहेको बताएका छन् । त्यस्तै गरी चौथो चरणका कृतिहरुमा **हराएका कथाहरु, मान्छे , हिउँदे छुट्टी** आदि हुन् भनी आफ्नो विचार व्यक्त गरेका छन् । विकलका कथाहरुमा निम्न स्तरका सोझासिधा निमुखा र गरिव पात्रहरुको साथै समाजमा विद्यमान विषमता, असन्तुलन, विसंगति र कारुणिक जीवनको जिवन्त चित्रण पाईन्छ भने अर्कोतिर राजनितिक चेतनाको पृष्ठभूमीमा सामाजिक समस्यालाई प्रस्तुत गरेका छन् । मानवीय  मनको अन्तर्द्वन्दलाई चित्रण गर्ने क्रममा विकलले विश्व राजनितिक चेतनालाई कलात्मक र नाटकीय रुपमा व्यंग्य शैलीमा प्रस्तुत गरेका छन् । यसरी कलात्मक रुपमा खारिएर अगाडि बढ्न सक्नु विकलको कथाकारिताको सफलता हो भनी आफ्नो भाव व्यक्त गरेका छन् ।

**ईश्वर बराल, रमेश विकलका केही कथा, रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक** (**समालोचनाग्रन्थ**) **काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान, २०६७,** (पृष्ठ ३७-४५)

**रमेश विकलका केही कथा** नामक शीर्षकको पुस्तकमा ईश्वर बरालले विकललाई नयाँ परिवर्तनमा प्रतिनिधीका व्याख्याकार हुन् भनेका छन् । बरालका अनुसार विकल वस्तुतत्व, भावतत्व, शैलीतत्व तथा संरचना आदिका दृष्टिले नयाँ युगबोधलाई प्रतिविम्वित गर्न सक्ने क्षमता रहेको कुरा उल्लेख गरेका छन् । यसका साथै बरालले विकलका संरचना प्रक्रियालाई अध्ययन गरेर दुईकालखण्डमा

विकलका रचनाकालको विभाजन गर्दै पहिलो चरणका रचनाहरु अर्थात प्राथमिककालका रचनाहरु सामाजिक यथार्थका छन् र दोश्रो कालखण्डका रचनाहरु भावनात्मक शीर्षकद्धारा रुपक लक्ष्यण प्रतिक आदि अमुक विधाले ध्वनित्व गर्ने चेष्टातिर लागेको कुरा व्यक्त गरेका छन् । यस पुस्तकमा दुई कालखण्डको रचनाहरुको चर्चा गर्दै भाव पक्षको भन्दा सामाजिक यथार्थका कथाहरु सफल भएको विचार व्यक्त गरेका छन् । विकलका कथामा आन्तरिक संघर्ष र अन्तर्वेथा आदिको उत्कण्ठा जस्ता मनोविश्लेषणात्मक विभिन्न परिवेश परिस्थितिको चरण पाईन्छ भन्ने चर्चा वरालले गरेका छन् । विकल रोमान्सिय प्रवृत्तिका लेखक मान्दै त्यस भित्र पनि यथार्थवादको प्रस्तुति रहेका कुरा उल्लेख गरेका छन् । बरालका अनुसार विकल ग्राम्य सामाजिक जीवनको चित्रण गर्न जति सफल छन् नगर संस्कृतिको चित्रण गर्न सफल छैनन् । यसकारण गाम्य जीवनका जति नगर जीवनका कथाहरु पूर्ण छैनन् भन्ने विचार बरालको रहेको छ । यसका साथै विकलको आञ्चलिकता प्रयोग भएका कथा सामाजिक यथार्थवादी छ भन्दै यस प्रकार विकल रोमान्सिय प्रवृत्तिका साथै सामाजिक यथार्थवादी कथाकार हुन् भन्ने विचार इश्वर बरालको रहेको छ ।

**नेत्र एटम, नेपाली डायस्पोरा र अन्य समालोचना एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., थापाथली, काठमाडौ, २०६७ ।**

नेत्र एटमले **नेपाली डायस्पोरा र अन्य समालोचना** (२०६७) नामक पुस्तकमा **दाँते र विकल : कहिले छुन्छ सागरले सगरमाथा** उपशीर्षक लेखमा एटमले विकल र दाँतेको विचको तुलना जस्तै गरेको बताएका छन् । रमेश विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई संक्षिप्त रुपमा गरेका छन् । विकलका **सागर उर्लन्छ सगरमाथा छुन** शीर्षकको उपन्यासमा आएका सागर र सगरमाथा शब्दबाट अनेक अर्थहरु छिचोल्न सकिन्छ । यसले एकातिर नारीमा कोमलता लहर र गहिराईको सागर अन्वेशण गरेका छन् भने अर्कोतिर पुरुषमा कठोरता, हठ, उच्चताको सागरमा पनि आरोप भएको कुराको उल्लेख गरेको कुरा बताएका छन् । नेत्र एटमले दाँते मध्यकालीन इटालीका कवि र समालोचक हुन् । उनले स्वर्गीय सुखान्त कृतिलाई अर्थ्याएका मात्र छैनन् पाठकलाई रुचि र क्षमता अनुसार कृति भित्र पसी आनन्द समेत लिने कुरा बताएका छन् । दाँतेले क्रिश्चियन दर्शनलाई मानवतावादी आवरण दिएपनि मान्छेको सहयोग र प्रेमबिना मोक्ष प्राप्ति असम्भव हुन्छ भन्ने कुरा देखाएर तात्कालीन युरोपेली धर्मको पुनर्जागरण भएको देखाएका छन् । दाँतेले ल्याटिन कवि भर्जिन र आफ्नी बाल्यकालीन प्रेमिका बेट्रिसीलाई माध्यमको रुपमा प्रयोग गरि मान्छेकै नजरमा इश्वरको छवि देख्ने प्रेमिकालाई श्रेष्ठ मानेको

पाइन्छ भने रमेश विकल चाहिँ धार्मिक आडम्वर र सामन्ति संस्कारको विरोधी भएकाले उनले **मुखमा रामराम बगलीमा छुरा** गर्दै गरिबहरुलाई सेवा गर्ने नाममा नेपालीहरुलाई फसाउन आउने क्रिश्चियनहरुको दोहोलो काढ्दै र प्रजातन्त्रका शत्रुका रुपमा रहेका शासकहरुको पर्दाफास गर्दै मानवताको सच्चा निसानी देखाएको कुरा व्यक्त गर्दछन् । विकलको **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासलाई पाठकहरुले आ-आफ्नो अर्थ लगाएका छन् भने एटमले यस उपन्यासलाई यहुदी, डाक्टर, हाइनरिक र नेपाली नर्सको चेतनाको विचमा मिलन गराएर अन्तर्राष्ट्रिय सद्भाव कायम गरेको छ भने नेपाली सगरमाथाको विश्वनीय अशितत्व पनि बोकेको छ भनी उल्लेख गरेका छन् । एटमले दाँते-विकलको विचको समय विश्वासका दृष्टिकोणमा ठूलो अन्तर छ तर जीवनको लक्ष्य प्रदर्शन गर्नेमा दुवैको कृतिले गम्भिर रुची राखेको बताएका छन् ।

**तेजप्रकाश श्रेष्ठ , नेपाली बाल कथा साहित्यमा रमेश विकल, बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, काठमाडौ, ं२०६७**

तेज प्रसाद श्रेष्ठले **नेपाली बालकथा साहित्यमा रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक** पुस्तकमा रमेश विकलको जन्म, उनले प्राप्त गरेका मान सम्मान तथा पुरस्कारहरुको चर्चा गरेका छन् । रमेश विकलका साहित्यिक विधाहरुको चर्चा गर्दै विकल नेपाली गद्य विधामा सिद्धहस्त रहनुका साथै संगीत चित्रकलामा पनि उनको रुचि रहेको बताएका छन् । नेपाली साहित्यका सिद्धहस्त लेखक विकलका प्रशस्त पुस्तकहरु प्रकाशित छन् । उनको आख्यान विधामा **विरानो देशमा, नयाँसडकको गीत,एउटा बुढो भ्वायलिन, आशावरीको धुनमा, आज फेरी अर्को तन्ना फेरिन्छ** जस्ता आठ वटा कथासंग्रह प्रकाशित हुनुको साथै **सुनौली, अविरल बग्दछ इन्द्रावती र सागर उर्लन्छ सगरमाथा छुन** आदि उपन्यासहरु पनि प्रकाशित छन् । विकल प्रौढ साहित्यमा मात्र सिमित छैनन् उनी बालसाहित्यका प्यारा बालसाहित्यकार हुन् भनी श्रेष्ठले बताएका छन् । नेपाली बाल साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल बालकालिकाको मन भित्र जिज्ञासु र कौतुहल बनाउनुनै बालसाहित्य भनेका छन् । बालसाहित्यकार विकलले **बालकथा, बालनाटक, विक्रम र नौलो ग्रह तथा बाह्र महिनाको गीत** आदि प्रकाशित भएको उल्लेख गरेका छन् । विकलले यसका साथै नेपाली बालबालिकाका लागि विश्व साहित्यबाट केही बालकथा, बालउपन्यास अनुवाद गरेर भित्राएका छन् भनी भनेका छन् । संवादात्मक वर्णन, वर्णनात्मक, विवरणात्मक, मनोरन्जनात्मकका साथै सरल, शैली भाषा प्रयोग गर्ने सिपालु बालसाहित्यकार रमेश विकल नेपाली बालसाहित्यका एक सशक्त एवं सफल स्रष्टा हुन् । विकल

भन्छन्एक्काइसौं शताव्दी कल्पना र आदर्शको शताब्दि नभएर ज्ञान विज्ञान र यथार्थ तत्वको शताव्दीका रुपमा हाम्रो संसारमा प्रवेश गर्दैछ । हिजोका बालबालिकाहरु ज्ञान र चेतनाको स्तरमा मात्र होइन कल्पना र सपनाको स्तरमा पनि पछाडी रहेको उल्लेख गरेको बताएका छन् । तर आजका बालबालिकाहरु जीवनका सवै क्षेत्रमा चनाखो र अगाडी रहेको उल्लेख गरेका छन् । यस लेखमा श्रेष्ठले विकलसंग एक्काइसौं शताब्दीको संसारमा प्रवेश गर्ने खुवी रहेको बताएका छन् । नेपाल बालसाहित्यमा नयाँ नयाँ परिवेशहरुलाई आत्मसात गर्दै कलम अगाडी बढाउन सफल बालसाहित्कार विकलको योगदान र सक्रियता नेपाली बालसाहित्यका रुपमा सशक्त रुपमा रहिरहनेछ भन्ने विचार श्रेष्ठले व्यक्त गरेका छन् ।

**डा.दिपक गौतम, सृष्टि एक दृष्टि अनेक (समालोचना संग्रह) काठमाडौ, २०६९**

डा.दिपक गौतमले **सृष्टि एक, दृष्टि अनेक** नामक पुस्तकमा **नेपाली प्रगतिवादी** साहित्य लेखन भित्रको कथा लेखन व्यक्तिगत रुपमा रमेश विकलको **गरीब** (शारदा पत्रिका२००६) प्रगतिवादी नेपाली कथा लेखनको परम्परा आरम्भ भएको भन्ने प्रमाण छ भनी उल्लेख गरेका छन् । रमेश विकलबाट थालनी भएको प्रगतिवादी नेपाली कथा लेखन परम्परामा पारिजात हुँदै राम बहादुर श्रेष्ठसम्म कथा संग्रहका रुपमा स्थापित रहेको बताएका छन् । गौतमले एक सय चार भन्दा वढि व्यक्ति प्रगतिवादी नेपाली कथाहरुमा देखा परेका छन् भन्दै २००७ साल देखि २०३४ पूर्वकालिन प्रगतिवादी नेपाली कथा हो भनी उल्लेख गरेका छन् । रमेश विकलको **विरानो देशमा** २०१६, **नयाँसडकको गीत** पहिलो मोडमा देखा परेका कथासंग्रह हो भनी दिपक गौतमले रमेश विकल कथायात्रामा पहिलोपटक प्रगतिवादी साहित्य भित्र्याउने साहित्यकार हुन् भनेका छन् ।

**डा.लक्ष्मणप्रसाद गौतम, ज्ञानु अधिकारी, नेपाली कथाको इतिहास, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौ,२०६९**

डा.लक्ष्मण प्रसाद गौतम, ज्ञानु अधिकारी द्वयले (२०६९) **नेपाली कथाको इतिहास** नामक पुस्तकमा **समाजवादी, यथार्थवादी , प्रगतिवादी धारा (२००६) देखि यस धाराका कथाकार एवम् प्रवृत्ति** उपशीर्षकको लेखमा आधुनिक नेपाली कथासाहित्यमा यथार्थवादी धाराहरुमध्ये समाजवादी, यथार्थवादी, प्रगतिवादी धारा पनि प्रमुख धाराहरुमा रहेको बताएका छन् । यस धाराका प्रवर्तकहरु गौतम र घिमिरे पनि परिवर्तनको श्वरहरु व्यक्त गरेका कुरा उल्लेख गरेका छन् । आधुनिक नेपाली कथाको

समाजवादी, यथार्थवादी, प्रगतिवादी धाराको प्रवर्तन गर्ने कथाकार रमेश विकल हुन् । उनको २००६ मा प्रकाशित **गरीब** शीर्षकको कथाबाट यस धाराको प्रवर्तन भएको हो भनी उल्लेख गरेका छन् । रमेश विकलबाट सुरु भएको समाजवादी, यथार्थवादी , प्रगतिवादी धारामा कलम चलाउने कथाकारहरुले सामाजिक असमानता, वर्गीय द्वन्द्व र आर्थिक शोषणको विरोध गरेर कथा लेखेका छन् भनी उल्लेख गरेका छन् । सामाजिक यथार्थवादी र प्रगतिवादी कथाकार रमेश विकल नेपाली साहित्यका अग्रणी साहित्यकार हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाउन सफल विकल बालसाहित्यको क्षेत्रमा पनि सक्रिय साहित्यकार हुन् भनेका छन् । विकलका कथायात्रालाई विभिन्न चरणमा राखेर उल्लेख गरेका छन् । **विरानो देशमा र नयाँसडकको गीत** कथासंग्रहका कथाहरुमा सामाजिक विसंगतिप्रति व्यंग्य, अन्याय, शोषणप्रति तीव्र विरोध, प्रगतिवादी चिन्तनप्रति समर्थन तथा समतामूलक समाजको स्थापनामा जोड आदि पवृत्तिहरु सशक्त रुपमा आएको उल्लेख गरेका छन् । यस सन्दर्भका **लाहुरी भैंसी, सिंगारी बाखी** उत्कृष्ट कथा मानेका छन् ।सामान्य मनोविज्ञान, यौनमनोविज्ञान, बालमनोविज्ञानमा आधारित भएर कथा लेख्ने विकल विशेष गरि ग्रामिण तथा काठमाडौं शहर वरिपरीका परिवेशमा केन्द्रित भई उनका कथाहरु लेखिएको उल्लेख गरेका छन् । विकल नेपाली कथाको सामाजिक यथार्थवादी धारा र प्रगतिवादी, सामाजिक यथार्थवादी धारामा रमेश विकलको योगदान अति विशिष्ट रहेको बताएका छन् ।

**डा. केदारप्रसाद शर्मा, राजेन्द्र प्रसाद पौड्याल, चौध नेपाली कथाकारका कथा, काठमाडौं विद्यार्थी पुस्तक भण्डार, २०५४**

डा.केदार प्रसाद शर्मा र राजेन्द्र प्रसाद पौड्यालले **चौध नेपाली कथाकारका कथा** शीर्षकको पुस्तकमा रमेश विकल सम्वन्धी जन्म, उनका प्रकाशित कथासंग्रह, उनले लेखेका कथाहरुको चर्चा गर्दै उनले प्राप्त गरेका मान सम्मान र पुस्तकहरुको बारेमा पनि सामान्य जानकारी गराएका छन् । लेखक द्वयले विकलको **नयाँ सडकको गीत** कथासंग्रह भित्रका कथाहरुलाई उचित रुपमा अध्ययन गरी **लाहुरी भैंसी** कथालाई विश्लेषण र अध्ययन गरेका छन् । विकलका पात्रहरु निम्न र निम्न मध्यम वर्गीय नेपाली ग्रामीण र शहरी परिवेशका निम्न वर्गीय पात्रहरु जो समाजबाट हेय, अपहेलित र उपेक्षित छन्, तिनिहरु कुनै न कुनै समस्याबाट जेलिएर कोही मगन्ते बनेका, कोही गृहस्थ र साधारण किसान बनेर दुःख भोगिरहेका, कोही मजदुर र कुल्ली बनेर बाँच्नको लागि छट्पटाईरहेका र कोही अशिक्षा, अन्धविश्वास, संकीर्णतार रुढिग्रस्त  आदिका ध्वनित्व उनका कथाहरुमा रहेका हुन्छन् भनेका छन् । विकलको **लाहुरी**

**भैंसी** कथा एउटा सामाजिक यथार्थवादी धारामा लेखिएको प्रगतिशील कथाको उदाहरणका रुपमा रहेको उल्लेख गरेका छन् । विकलका कथाहरुमा शोषणहीन समाजको परिकल्पना गर्दै आर्थिक सामाजिक अमिल्दापनको पर्दाफास गर्ने हुनाले लेखक द्वयले विकललाई प्रगतिशील कथाकारको विशेषण पनि दिएका छन् । त्यस्तै गरी विकलका कथाहरुमा बालमनोविज्ञान र मानिसको अन्तर मनमा खजमजिएर रहेका सामान्य असामान्य प्रवृत्ति अर्थात यौनजन्य कुण्ठाहरुको पर्दाफास गरेको पनि पाईन्छ भनी उल्लेख गरेका छन् । लेखक द्वयले **लाहुरी भैंसी** कथालाई सामाजिक यथार्थवादी धारामा लेखिएका प्रगतिशील कथा हो भन्दै यसमा गरीबीले सताईएका नेपालीहरुले कारुणिकता र धनी भनाउँदाको कपट र पाशविक प्रवृत्तिको चरमोत्कर्ष रुप देखाइएको छ। यस कथामा दुई प्रमुख पात्रहरुमध्ये लुखुरेको गरीबीले मात्र होइन स्वभावमा देखिने सुधोपन एवम् निहीत र अशिक्षित हुनका कारणले सामन्ती वर्ग को हाँडीमा भुटिन पुगेका कैयौं गरीब नेपालीको प्रतिनिधित्व यस कथाले गरेको छ भने अर्कोतिर उच्च अहं र प्रतिष्ठाले ग्रस्त अर्थात गरीब र सोझा साझा व्यक्ति प्रति निर्ममतापूर्वक शोषण गरेर आफ्नो दुनो सोझाउने सामन्ती संस्कारको प्रतिनिधित्व द्धारेबाबाट भएको छ । यसरी यस कथामा  लेखक द्धयले यथार्थमा यो कथा शोषण र गरीबीको पीडाबाट मुक्ति पाउन नसकेर विवशताले जीवन भोग्न बाध्य खुसी खोसिएका शोषित र गरीब नेपालीहरुको हो भनी चर्चा गरेका छन् । विकलका कथाहरु सामाजिक यथार्थवादी र प्रगतिवादी प्रकृतिको रहेको उल्लेख गर्दै प्रगतिवादी साहित्यकार हुनुका नाताले वैचारिक दृष्टिकोण, मूल्य मान्यताको स्थापना गरी नयाँ परम्परा एवम् समानको परिकल्पना सोचलाई अगाडी सारेका छन् । विकलका कथाहरुमा संरचनागत परिदृष्टता, पात्र र घटनाको चयनमा स्वाभाविकता, भाषिक प्रयोगमा सहजता पाइन्छ भन्दै विकल नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी साहित्यकार हुन् भनेका छन् ।

**गुणाकर भुसाल, आधुनिक नेपाली आख्यान काठामाडौं, क्षितिज प्रकाशन, २०६१ पृष्ठ ११९-१५५**

गुणाकर भुसालले **आधुनिक नेपाली आख्यान** (२०६१) नामक शीर्षकको पुस्तकमा रमेश विकलको कथाहरुको कथागत प्रवृत्ति केलाएका छन् । नेपाली साहित्यमा गरीब नामक कथा लेखेर २००६ सालमा कथा क्षेत्रमा प्रवेश गरेका विकल हाल सम्म **विरानो देशमा, नयाँ सडकको गीत , आज फेरी अर्को तन्नाफेरिन्छ , एउटा बुढो भाइलिन , आशावरी धुनमा , उर्मिला भाउजु , शव सालिक र सहस्र बुद्ध , हराएका कथाहरु** शीर्षकका ७ वटा  कथा संग्रह प्रकाशित छन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी विकल मूलतः कथाकार नै हुन् भनी बताएका छन् । भुसालले विकललाई आधुनिक कथा

क्षेत्रमा सामाजिक मनोवैज्ञानिक धारा अन्तर्गत पहिलो चरणमा देखा परेका प्रतिभावादी कथाकार हुन् भनेका छन् । यस पुस्तकमा भुसालले विकलका तीन वटा कथाहरुको अध्ययन विश्लेषण गरेका छन् । ...**तर कोपिला फक्रेन** कथामा श्याम जस्तो प्रतिभाशाली बालबालिकाहरु हाम्रो समाजमा शिक्षादिक्षा र आर्थिक अभावका कारण त्यसै विलाएर जाने गरेका छन् । यो कथाको शीर्षक **तर.....कोपिला फक्रेन** ज्यादै सुहाउँदो रहेको बताएका छन् । यो कथा ज्यादै मार्मिक हुनुको साथै विकलका उत्कृष्ट कथाहरु मध्ये एक हो भनी उल्लेख गरेका छन् भने **शव, सालिक, र सहस्र बुद्ध** कथामा पहिलो कथा संवाद जस्तै पछि अध्ययन गर्दै जाँदा निवन्ध जस्तो हराउँदै गएको यो एउटा नवयुगीन शैलीको कथा हो भनेका छन् । यसमा **बुद्धको कथा, न्हुच्छेमाया ड्राइभरको कथा र छेपारीको कथा** एक अर्कामा असम्वन्धीत देखिन्छन् । यस कथामा सार तत्व र विषयगत गहिराईमा पुग्नु भन्दापनि हल्लैहल्लाको पछि दौड्ने जनसमूदायलाई राजनैतिक नेताले लोभ र भ्रम देखाएर आफ्नो स्वार्थसिद्ध गर्ने सामन्ती प्रवृत्ति प्रति कथाकारले व्यंग्य गरेका छन् भनी चर्चा गरेका छन् । भुसालले अर्को कथाकारका रुपमा **सिंगारी बाखी** कथालाई अध्ययन र विश्लेषण गर्दै यो कथाले **अपुताको धन प्यारो हुन्छ** भन्ने कुरा यस कथाले स्पष्ट देखाएको छ भने अर्कोतिर पुरुष र नारीविचमा कोरिएको रेखाको स्पष्ट चित्रण यस कथामा बताएका छन् । यस कथाको अन्तिममा बाहुनलाई बगरेकरण गरिएको छ । समाजमा अनन्त विसंगतिलाई कथाले घुमिघुमि विश्लेषण गरेको छ । भुसालले यो कथाले यथार्थका विसंगतिलाई जिउँदो संप्रेषण गर्दै प्रगतिवादी सम्म पुगेको उल्लेख गरका छन् । यसरी विकलका कथाहरुमा समाज भित्रका शोषण, दमन, उत्पीडन र अन्यायप्रति आलोचना, विश्लेषण र यथार्थ चित्रण गर्दै विसंगतिलाई केलाउनु विकलको मुख्य प्रवृत्ति हो भनेका छन् । विकलका कथाहरु प्राय : जसो समाजमा पिछडिएका गरीब वर्ग, नारी वर्ग र बालबालिकालाई प्राथमिकता दिनुको साथै गाउँले समाज, पारिवारिक समस्या, आर्थिक दुरावस्था गरीबी, शोषण, असमानता, अशिक्षा, विविध पेशामा संलग्न मानव जीवनको यथार्थता र शोषणरहित समाजको परिकल्पना गर्नु उनका कथाका विशेषता हुन् भनेका छन् । उनका कथाहरुको भाषाशैली, सरल उखानटुक्काको प्रयोग, विचविचमा कवितात्मक, भावुकता र उपमा, उत्प्रेक्षा उपमा आदि अलंकारको प्रयोगले विकलको कथाहरु सरल र रोचक बन्न पुगेका बताएका छन् । मुलतः विकल आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् ।

**हिरामणि शर्मा पौडेल, प्रगतीवादी सन्धर्भमा विकलको लाहुरी भैंसी कथा, रमेश किल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान काठमाडौं, २०६७**

हिरामणि शर्मा पौडेलले **रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक** (२०६७) नामक पुस्तकमा प्रवृत्तिगत सन्दर्भका विकल **लाहुरे भैंसी** कथा उपशीर्षकमा रमेश विकललाई एक साहित्यिक व्यक्तित्व मान्दै समकालीन नेपाली समाजका प्रमुख समस्याहरु र जीवनका विविध पक्षहरुको जिउँदो जल्दो तस्बिर अङ्कीत गर्न सफल आधुनिक कथा साहित्यका एक प्रतिभा मानेका छन् । विकलका प्रकाशित कथा संङ्ग्रहहरु **नयाँ सडकको गीत, बिरानो देशमा, आज फेरी अर्को तन्ना फेरिन्छ, एउटा बुढो भ्वाइलेन, आशावरीको धुनमा, अगेनाको डिलमा, उर्मीला भाउजु** आदि प्रकाशन गरेर नेपाली साहित्यको फाँटमा बिशिष्ट योगदान दिएको बताएका छन् । पौडेलले कथाहरु प्रवृत्तिगत र प्रवलताको आधारमा प्रगतिवादी, सामाजिकवादी यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी गरी तीन भागमा वर्गीकृत गरेका छन् । रमेश विकलका कथामा नेपाली समाजमा धनीहरुले गरीबप्रति गर्ने व्यवहार, शोषण, दमन आदि जस्ता विषयलाई समेटिएको हुन्छ **लाहुरी भैंसी** कथा सामाजिक यथार्थवादी प्रयोगका दृष्टीले नेपाली कथा साहित्यकै बिशिष्ट उपलव्धी मान्न सकिन्छ भनेका छन् । **लाहुरी भैंसी** कथामा लुखुरे भन्ने गाउँले गरीब किसानले साहुबाट ऋण लिई छोरालाई दूध खुवाउने धेरै दिन देखिको सपना पूरा गर्न एउटा असल जातको **लाहुरी भैंसी** किनेर ल्याउँछ । उता त्यही गाउँको धनी भनाउँदो द्वारेबाले कयौं दिन देखि असल भैंसी किन्ने रहर गर्दा पनि पैसाको लोभले किन्न सकेको हुदैन । लुखुरेले अकस्मात त्यस्तो सर्वगुण सम्पन्न भैंसी किनेर ल्याएकोमा वर्गीय अहम् र उच्चवर्गीय प्रतिष्ठाबोधले ग्रस्त द्वारेबाका मनमा साह्रै ठूलो चोट पर्दछ, ऊ भित्रभित्रै ईर्ष्याले भुट्भुटिन्छ, लुखुरेले किनेर ल्याएको भैंसीलाई राम्ररी हेरी उसले त्यसमा धम्कीको व्यथा छ भनी नभएको चोट देखाउँछ । रामबीरे घर्ती, घुमाने खुलाल र सीताराम पण्डित जस्ता भरौटेहरुले पनि उसैको स्वरमा स्याल भाका मिलाउँछन् । बेलुका भैंसीले पनि थोरै दूध दिएको हुँदा लुखुरेलाई द्वारेबाको भनाई साँचै हो भन्ने लाग्छ । भैंसी कुनै बेला धम्कीको व्यथाले खुत्रुक्क भइदिएको खण्डमा उसको घरबार उठीबास हुने आशङ्काले लुखुरे सन्त्रस्त हुन्छ र अर्तीबुद्धि माग्ने उद्देश्यले द्वारेबाकै शरणमा पर्न जान्छ द्वारेबाको घरमा भेला भएका रामबीरे, शिताराम पण्डित आदि भरौटेहरुले परेको मूल्य भन्दा कम मूल्यमा दिएको खण्डमा लुखुरेको कल्याण हुन्छ भन्छन् र लुखुरेले आफ्नो भैंसी द्वारेबालाई सुम्पिन्छ । यसरी यस कथामा भलाई र उपकारको नक्कली मुखुण्डो भिरेर गाउँका शोषक सामन्तीहरुले गरीब जनताको कसरी शोषण गर्छन् भन्ने कुरा **लाहुरी भैंसी** कथाको

सन्देश रहेको बताएका छन् । लाहुरी भैंसी कथामा मान्छेका स्वाथी प्रवृत्ति माथि व्यंग्य र विवश जीन्दगी प्रति गहिरो सहानुभुती व्यक्त गर्दै कथामा लुखुरेको सुधोपन र निष्कपट प्रवृततिको कथाकारले निकै मार्मिक रुपमा चित्रण गरेका छन् । शर्माले यो कथा सामाजिक यथार्थवादी प्रवृत्तिको कथा हो भनी चर्चा गरेका छन् ।

**डा.कृष्णप्रसाद दाहाल, रमेश विकल विम्व एक प्रतिविम्व अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं २०६७**

कृष्ण प्रसाद दाहालले **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक**, २०६७ नामक पुस्तकमा **मधुमालतीको कथा** कथाको अध्ययन शीर्षकको लेखमा विकलको परिचय, उनको साहित्यिक प्रवेश २००६ सालमा गरीब शीर्षकको कथाबाट थालनी भएको उल्लेख गरेका छन् । विकल सम्वन्धी अध्ययन गरी आफ्नो विचार प्रस्तुत गरेका छन् । दाहालले विकल नेपाली साहित्यमा बहुमुखी प्रतिभा सम्पन्न व्यक्तिका रुपमा भएको उल्लेख गरेका छन् । विकलको कलम कथा, उपन्यास, नाटक, निवन्ध, बालसाहित्यका क्षेत्रमा बेजोडसित दौडिरहेको र उनका कथाहरुको माध्यमबाट सामाजिक, आर्थिक, राजनितिक विकृति र विसंगतिप्रति चोटिलो व्यंग्य प्रहार गरेका उल्लेख गरेका छन् । विकलका कथामा शहरिया र ग्रामिण दुवैजना जीवनका विषय वस्तुलाई स्थान दिएको देखिनुको साटो अन्याय, अत्याचार, दमन, शोषणको निम्न आवाज उठाउने हुँदा विकल आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् । कथाकार रमेश विकलका धेरैजसो कथाहरुमा मनोवैज्ञानिक, शिशुमनोविज्ञानलाई लिएर कथाको निर्माण गर्नु उनको विशेषता रहेको उल्लेख गरेका छन् । दाहालले मधुमालतीको कथा, कथाको अध्ययन शीर्षकको लेखमा कथाको समीक्षात्मक अध्ययन गरेका छन् । यस कथामा दुई किसिमको विषय वस्तुको निर्माण गरिएको छ । एकातिर मधुकर राजा र मधुमालती रानीको दन्त्य कथामा वर्णित प्रेम प्रसंगलाई लिएको छ भने अर्कोतिर सामाजिक यथार्थवादी बालमनोविज्ञानताले भरिपूर्ण शंकर र गौरी विचको बालसुलभ प्रेमलाई अंगिकार गरिएको छ । यस कथामा कथाकारले नेपाली समाजमा देखिने अन्याय, अत्याचार, दमन र शोषणलाई ज्यादै कलात्मक पाराले प्रस्तुत गरेका छन् भनी उल्लेख गरेका छन् । धनीमानी व्यक्तिले असहाय वर्ग प्रति गरिने दुर्व्यवहारलाई यस कथाले दोहोलो काढ्नुको साथै धनीहरुले गरीबलाई इज्जतको जीन्दगी समेत बाँच्न नदिने जुन किसिमको सामाजिक विकृति र विसंगति रहदैं आएको छ । त्यसलाई कथाकारले यथार्थ रुपमा यस कथामा देखाउने काम गरेको बताएका छन् । शंकरले गौरीको साइकल चढ्दा फुपुले प्रयोग गरेको दुवर्चन अनि शंकरले गौरीको निम्ति उपहार दिन

लगेको प्लाष्टिकको घोडा गौरीको धनी बाबुको गाडीको चक्काले किचिमिचि पार्नु जस्ता कुराले शंकरको बालमनोविज्ञानमा ठूलो बज्रपात पर्छ । उ मानसिक रुपले घाइते बन्छ, शंकर र गौरीको विछोड गराईएकोले यो कथा कारुणिक बन्न पुगेको छ । यि सवैको बालमनोविज्ञान व्याख्या र विश्लेषण नै मधुमालतीको कथा हो भनी आफ्नो विचार व्यक्त गरेका छन् । दाहालले विकलको कथा मधुमालतीको कथामा बालप्रेमको महत्व माथि प्रकाश पारेका छन् भने अर्कोतिर वर्गीय असमानताले थिचोमिचो पारेको सामाजिजिक गतिविधिलाई सफल चित्रण गरेका छन् भन्दै सामाजिक र आर्थिक रुपले रुग्ण भएको विपन्न वर्गको मनोदशालाई केलाउने यस कथाको विशेषता हो भनेका छन् । यसरी दाहालले उक्त पुस्तकमा रमेश विकललाई सामाजिक मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् भनेका छन् ।

**रन्जुश्री पराजुली, आजफेरी अर्को तन्ना फेरिन्छ, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी, काठमाडौं, २०६७, पृष्ठ १७४**

रन्जुश्री पराजुलीले **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक,** २०६७ नामक पुस्तकमा **आज फेरी अर्को तन्ना फेरिन्छ** शीर्षकको लेखमा रमेश विकल सम्वन्धी जान्न उनका प्रकाशित कथासंग्रहहरु उनले लेखेका कथा बाहेक उपन्यास, निवन्ध, नाटक, यात्रानिवन्ध र एकांकी आदिको चर्चा गर्दै उनले प्राप्त गरेका मान सम्मान र पुरस्कारका बारेमा पनि सामान्य जानकारी गराएका छन् । पराजुलीले यस लेखमा कथाका रुपमा **आज फेरी अर्को तन्ना फेरिन्छ** कथालाई अध्ययन विश्लेषण गरेका छन् । यस लेखमा पराजुलीले रमेश विकल नेपाली साहित्यमा गद्य विधाका युगपुरुष मानेका छन् । नेपाली साहित्यमा समाजवादी, प्रगतिवादी कथाकार हुन् भन्दै उनको कथाकारिता अध्ययन गरी तीन चरणमा बाड्न सकिन्छ भनेका छन् । नेपाली समाजमा व्याप्त शोषक शोषित पक्षको चित्रण, अन्याय अत्याचारको पर्दाफास, दुराचार दुरावस्थाको यथार्थ चित्रण उनको पहिलो चरणमा रहेको छ भन्दै उनका कथाहरु **नयाँ सडकको गीत, विरानो देशमा** यस चरणका उदाहरण हुन् भन्दै दोश्रो चरणमा मनोवैज्ञानिक यथार्थवादको प्रयोग, तेश्रो चरणमा सामाजिक यथार्थवाद एवम् प्रगतिवाद सफल भएको बताएका छन् । यसरी साहित्यकार रमेश विकल प्रौढ बुद्धिजिवी देखि साना बाल पाठकहरुको हृदय सम्म पुगी यीनका साहित्यिक खुराकले पोषण गर्न सफल साहित्यकार हुन् भनेका छन् । **आज फेरि अर्को तन्ना फेरिन्छ** कथाकार रमेश विकलको कथा यात्राको दोश्रो मोडमा रचिएको कथा हो । यस कथामा अभाव, असन्तोष, नैराष्यता, बाँच्नुको अर्थहीनता, मानवमूल्यको ह्रासोन्मुखता, सन्त्रास, भय, कुण्ठा आदिले शहरिया जीवनमा विसंगतीय प्रवृत्तिको चित्रण कथाकारले यस कथामा गरेका छन् । यस

कथाको पात्र चिकित्सक डा.एल रहेको छ । कथाको पात्र एल जस्ता र नर्स अरु थुप्रै डाक्टर तथा नर्सहरुको जीवनमा पनि सफा तन्नाभित्र जस्तै पत्रैपत्र फोहोर मैलालाई छोपी अर्को तन्ना थपिन्छ । त्यस्तै गरी उनीहरुको इच्छा आकांक्षा उतार चढाव, रमाइला नरमाइला, इच्छा अनिच्छा आदि मानवीय समवेदनालाई विर्सिएर आफ्नो कर्तव्यनिष्ट बनेको देखाइएको छ । विसंगतियुक्त समाजमा मानव जीवन अर्थहीन र सुन्य भएकोले विसंगतीय बन्न पुगेको छ । **आज फेरी अर्को तन्ना फेरिन्छ** शीर्षक दिएको यस कथामा अस्पतालको फोहोर वेड ढाक्न सफा तन्नाले छोप्ने गरिए झैं बर्तमान युगमा व्यक्ति र समाजलाई पनि विसंगतिले छोपेको छ । विकलको यो कथा आधुनिक विसंगतियुक्त जटिल मानव जीवनको झलक देखाउने उत्कृष्ट कथा हो भनी चर्चा गरेका छन् । रमेश विकलले यो कथा प्रथम पुरुष कथन पद्धतिमा संरचित यो कथा अस्पताल, विरामी, चिकित्सक, नर्स आदि श्वास्थ्यसंग सम्वन्धीत विभिन्न विषयलाई प्रतिकका रुपमा लिएर त्यसैद्धारा आजको समाज र त्यस भित्रका सामाजिक प्राणी सबै रुग्ण छन्, विक्षिप्त छन्  तर त्यसैसंग संझौता गरेर बाँच्नुपर्ने मानव जीवनको बाध्यता र विवशतालाई यस कथाले देखाएको कुरा उक्त लेखमा चर्चा गरेका छन् ।

**शारदा पराजुली, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी, काठमाडौं, २०६७**

शारदा पराजुलीले रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, (२०६७) नामक पुस्तकमा **नयाँसडकको गीत** कथाको चर्चा शीर्षकको लेख लेखेका छन् । पराजुलीले उक्त लेखमा रमेश विकलको सामान्य परिचयका साथै प्रकाशित कथासंग्रहहरुको उल्लेख गरेका छन् । नेपाली साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल नेपाली आख्यान साहित्यमा उल्लेखनीय ओजस्वी प्रतिभा हुन् । विकलको **नयाँ सडकको गीत** कथासंग्रह  भित्र नौवटा कथाहरुको नाम उल्लेख गर्दै विशेष गरी यस लेखमा **नयाँ सडकको गीत** कथाको मात्र चर्चा गरिएको छ । यस कथामा नेपालको केन्द्रीय स्थल काठमाडौ र त्यसको पनि केन्द्र विन्दु नयाँ सडकमा बसेर **दुई पैसा हजुर** भनी मागेर खानेको अवस्था जस्ता मानिसका साथमा रहने नारी शौन्दर्यमाथि गुण्डाहरुको कुदृष्टि, माग्नेको हीनत्वपूर्ण मनोवृत्ति र गुण्डाहरुको नीचतापूर्ण मनोवृत्तिलाई केलाउदै देशकै समस्याको रुपमा रहेको माग्ने पेशालाई देखाएर समसामयिक नगर व्यवस्थामाथि व्यंग्य प्रहार गर्ने कथाकार हुन् भनी पराजुलीले भनेका छन् । समाजमा अपमानित जीवन विताउन विवश एउटा अन्धो मान्छेको मार्मिकतालाई समेटेर लेखिएको **नयाँसडकको गीत** कथाले अन्धा अपांगहरुमा सद्भाव राख्नुपर्छ भन्ने सन्देश दिएको बताएका छन् । कथाको पात्र

जन्मजात अन्धो माग्ने गरीबको चपेटामा थिचिएको, समाजबाट अपहेलीत भएका वर्गको प्रतिनिधित्व पात्र हो, यो पात्र गरीब, अपांग र अन्धो भएर पनि आफ्नो श्रीमतीलाई राम्रो साडी र अत्तर किनि दिने चाहना राख्नु परिवारप्रतिको जिम्मेवारी वहन गर्नु हो । यस कथामा कथाकारले समाजले उपेक्षा गरेको माग्नेलाई चरित्र नायक बनाएर लेखिएको प्रस्तुत **नयाँ सडकको गीत** कथामा आफूलाई कसैले पैसा दिँदा पनि गीत गाउने, माग्ने आफ्नो श्रीमतीलाई जिस्काउने मानिसलाई सराप्दा पनि गीतै गाउने, यसरी खुसी र दुःखमा पनि गीतै गाउने हुनाले यो कथाको नाम **नयाँ सडकको गीत** राखिएको कुरा पराजुलीले उल्लेख गरेका छन् । समग्रमा भन्दा **नयाँ सडकको गीत**ले पाठकहरुलाई मानवताको पाठ सिकाएको छ । तृतिय पुरुष शैलीमा लेखिएको कथाले मानिसले मानिसलाई सद्भाव राख्नुपर्ने भाव व्यक्त गर्दै विकलका कथाहरु सामाजिक र मनोवैज्ञानिक दुवै हिसावले महत्वपुर्ण रहेको उल्लेख गरेको छन् ।

**हरिहर खनाल, प्रगतिवादी कथाका आधारशील विकल नयाँ सडककोगीत रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी, काठमाडौं, २०६७**

हरिहर खानालले **रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक**, (२०६७) नामक पुस्तकमा प्रगतिवादी कथाका आधारशिला विकल .....उनको **नयाँ सडकको गीत** शीर्षकको लेखमा रमेश विकलको कथाकारिताको अध्ययन गर्दै विकल **नयाँ सडकको गीत** भित्र रहेका नौवटा कथाहरुको समाविष्ट अध्ययन र विश्लेषण प्रस्तुत गरेका छन् । उक्त लेखमा खनालले रमेश विकल नेपाली आख्यान साहित्यका अत्यन्त प्रतिभाशाली लेखक, कुशल शिल्पी र उज्ज्वल नक्षत्र हुन् भनेका छन् । अमुद्रित अवस्थामा नै नेपाली नोवेल पुरस्कार मानिने मदन पुरस्कार पाउन सफल विकलको **नयाँ सडकको गीत** कथासंग्रह नेपाली कथा साहित्यको एउटा अत्यन्तै सुन्दर नमुना हो भनेका छन् । उनका कथाहरुमा मानव जीवनका विभिन्न पक्ष र उनीहरुका विभिन्न पेशा माग्ने, कुल्ली, दाउरे, वेश्या, जागिरे जीवन आदि पात्रहरुको कारुणिक र पीडादायीक जीवन, आर्थिक शोषण, ठूला र सामन्तहरुले समाजमा गरीब तथा तल्ला वर्गका मानिसहरुलाई गर्ने थिचोमिचो आदिको चित्रण रमेश विकलका कथामा सजीव रुपमा देख्न सकिन्छ भन्ने धारणा खनालको रहेको छ । रमेश विकल नेपाली प्रगतिवादी कथालेखन क्षेत्रमा आजको नयाँ युगमा यहाँसम्म आइपुग्दा जजस्ले आफूलाई त्यस क्षेत्रमा केही काम गर्न सकेको अनुभूति गरेका छन्, तिनीहरु सबै नै उनकै पदचापलाई पच्छ्याउदै यहाँ सम्म आइपुगेका छन् भन्ने धारणा खनालको छ । विकलका **नयाँ सडकको गीत** कृतिमा समाविष्ट पहिलो कथा **भन्ज्याङको चौतारो**

हो । यस कथामा मुल पात्र बले र पातली रहेका छन् । बले लाहुरे हुन विदेसिएको, पाँच बर्ष पछि घर फर्कन्छ बले हिँडेको एक वर्षमा नै पातली पोइला जान्छे पछि भन्ज्याङको चौतारोमा ती दुवैको भेट हुन्छ । दुवै मौन रहन्छन् पछि बलेलाई मनपर्ने खाना पातलीले खुवाउँछे ती दुवै जना परिस्थितीले पर धकेलेको भएपनि एक अर्कालाई माया गर्छन्, त्यही बेला पातलीको नयाँ लोग्ने आइपुग्छ र पातलीलाई लिएर जान्छ बले टुलुटुलु हेरीरहन्छ । दोस्रो कथा हो **प्रतिहिंसा** कथामा पात्र हर्के र पातली हुन् । पाँच वर्षको नावालक छोरा छोडी पोइल गएकी पातलीको पछि आफै नै घर फर्कन्छे । यस कथामा त्यो दुर्घटनामा हारेपछि ति दुवैले कति सम्म मानसिक तनाव खप्नु पर्‍यो भन्ने देखाइएको छ । साथै पाँच वर्षको नावालकको अवोध अभिव्यक्तिले यो कथा करुणामय बनेको उल्लेख गरेका छन् । तेश्रो कथा हो **लाहुरी भैंसी** नेपाली कथा साहित्यको एउटा उत्कृष्ट नमूना हो भन्दै नेपाली साहित्यमा विविध विधामा कलम चलाएतापनि नेपाली साहित्यमा उत्कृष्ट कथाकार हुन् भनेका छन् । खनालले **लाहुरी भैंसी** कथाको विश्लेषण गरेका छन् । **लाहुरी भैंसी** कथामा गाउँघरका ठूलाबडाले गरीब निमुखामाथि गर्ने शोषण र अन्याय अत्याचारका सफल चित्रण गरेको उल्लेख गरेका छन् । त्यस्तै **नयाँ सडकको गीत** कथामा पनि जन्मजात अन्धा काठमाडौंको मुटु नयाँसडकको गेटमा मागेर आफ्नो जीवन विताउन वाध्य छ । आफ्नी श्रीमतिलाई कुदृष्टि लगाउनेलाई पनि अन्धोले गीतै गाउँछ । यसरी यस कथामा विकलले मान्छेको मन विश्लेषणात्मक प्रस्तुति गरेका उल्लेख गरेका छन् । **विहानीपखको वत्ति** कथाको मुख्य पात्र शारदा हो । यस कथाका माध्यमबाट कथाकारले विकलले हाम्रो समाजमा प्रचलित विवाह वन्धनको जटिलताप्रति पिडीत नारीहरुको अन्तर्मनको व्यथा उजागर गर्न प्रयत्न गरेको बताएका छन् । अर्को छोटो कथा हो बीरेकी आमा । यस कथाकी मूख्य पात्र बीरेकी आमा हो । सम्पूर्ण कथा त्यही महिलाको इति वृतान्तमा घुमेको उल्लेख खनालले गरेका छन् । अर्को कथा हो **दुई रुपैयाको नोट** । यस कथाका पात्र बीरे र पार्वती रहेका छन् । प्रमुख पात्र बीरेले देखाएको चरित्र हो । बीरे जस्तो सोझो र सज्जन अनि गाउँले परिवेशमा वसेर पछि आर्थिक अभावका कारण शहरमा काम गर्न जान बाध्य भएको र पैसाको लागि आफ्नी सतिशावित्री जस्ती पार्वतीलाई प्रेरित गरेको छ भन्दै खनालले यो कथा साह्रै नै मार्मिक एवम् संवेदनशील बनेको चर्चा गरेका छन् । अर्को आठौं कथा हो **सुन्दरी बाख्री** । यस कथामा मानव पात्र र मानेत पात्र रहेका छन । यस कथामा **अपुताको धन प्यारो हुन्छ** भन्ने उक्तिलाई चरितार्थ गरिएको छ भने हाम्रो मानव समाजमा **‘काम छउनजेलको भाँडो काम सकिए पछिको ठाँडो’** भन्ने उक्तिलाई चरितार्थ गरिएको छ भन्दै खनालले **नयाँ सडकको गीत** कथासंग्रहको अन्तिम कथा **सुवेदार**

**रणे बुढो** कथाको विश्लेषण गरेका छन् । यस कथाको पात्र लेखक मामाघर जाँदाको समयमा त्यहाँ भेट हुने आफन्तहरु उनीहरुले देखाएका ममताभाव र स्नेह गर्नुका साथै त्यहाँ भेट हुने सुवेदार रण बहादुरलाई सम्झन पुग्छन् । यसरी **नयाँ सडकको गीत** कथासंग्रह भित्र संकलित सबै कथाहरु हाम्रो समाजमा तल्लो तहका हेपिएका, चेपिएका, अपहेलीत, अशिक्षित, निमुखा, दुःखी मानिसहरुका प्रतिबिम्बित हुन । विकलका कथाहरुको अध्ययन गर्दा विकललाई प्रगतिवादी कथा लेखन क्षेत्रका पथ प्रदर्शन दिने लेखक मानेका छन् ।

**भरतकुमार भट्टराई, एउटा बुढो बकैनाको रुखमा रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं २०६७**

भरत कुमार भट्टराईले **एउटा बुढो बकैनाको रुखमा** २०६७ नामक पुस्तकमा कथाकार विकलका प्रकाशित कथासंग्रहरुको उल्लेख गर्दै विकल नेपाली साहित्यका एक विशिष्ट यथार्थवादी कथाकार मानेका छन् । नेपाली साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल एक चर्चित कथाकार बन्न पुगेका हुन् । विकल मुलतः मार्क्सवादी जीवन दृष्टिमा अडिएर कथा लेख्ने विकलका कथामा इतिहास र मनोविज्ञानलाई समेत समेटेर यथार्थवादी दृष्टि रुचि विकलको रहेको बताएका छन् । उनी सामाजिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी कथाकारका साथै ऐतिहासिक यथार्थवादी झल्काउने कथाको रचनातिर उन्मुख भएको देखिन्छ भनेका छन् । विकलका कथाका कथाहरुको विषय वस्तु समसामयिक यथार्थ ग्रामिण जनजीवन, मानव मानसिकता, ऐतिहासिक सन्दर्भ, राजनितिक परिस्थितिबाट कथाका सामाग्री जुटाउँछन भनी उल्लेख गरेका छन् । यस पुस्तकमा भट्टराईले विकलको बहुचर्चित कथा **एउटा बुढो बकैनाको रुख**को अध्ययन र विश्लेषण गरेका छन । यो कथा एउटा ऐतिहासिक राजनैतिक सन्दर्भ र मानव मावसिकताको मिश्रण गरी तयार पारिएको कथा हो भनेका छन् । यस लेखमा प्रस्तुत कथाको यिनै दुई पक्षको विश्लेषण गरेका छन् । प्रस्तुत कथा म पात्रका माध्यमबाट भनिएको एउटा बुढो बकैनाको रुखमा झुण्डाईएको केटाको जीवनमा आधारित छ । म पात्रको बाल्यकालीन सम्झनाबाट कथालाई अगाडी बढाईएको छ । पात्रका रुपमा एउटा बकैनाको रुख, केटा र म पात्र र उसको महत्वपूर्ण रहेको बताएका छन् । एउटा बकैनाको रुखको हाँगामा एउटा कलिलो केटालाई झुन्डाईएको देख्दा म पात्रका बालमानसिकतामा जेजस्तो प्रभाव पऱ्यो त्यसको सजीव वर्णन कथाकारले कथाभित्र गरका छन् । **बुढो बकैनाको रुख** नेपालको ऐतिहासिक र राजनितिक सत्य वा यथार्थ प्रकट गर्न उभिएको छ भने केटो विद्रोही बनेर अघि सर्दा झुण्ड्याएर फाँसीको सजाय भोग्न

पुगेको र अमर इतिहास राख्न सफल भएको महान व्यक्तित्वको रुपमा उभिएको छ । अनि म पात्र घटनाबाट मानसिक रुपमा पिडीत, अपहेलीत र चिन्तित पात्रका रुपमा उपस्थित छ । त्यसैले यो कथा ऐतिहासिकता र मनोवैज्ञानिकता प्रस्तुत गर्नमा केन्द्रित रहेको भट्टराईले बताएका छन् । विकलका कथाहरु सामाजिक यथार्थवादी, ऐतिहासिक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी झल्काउने कथाको रचना गर्न सफल कथाकार हुन् भनेका छन् । **एउटा बुढो बकैनाको रुखमा** कथा ऐतिहासिक मनोवैज्ञानिकताले भरिएको एउटा उत्कृष्ट रचना हो भनी भट्टराईले प्रसंशा गरेका छन् ।

**राजेन्द्र सुवेदी, सुनौली उपन्यास र रमेश विकलको औपन्यासिक प्राप्ति, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी, २०६७**

राजेन्द्र सुवेदीले **रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक** पुस्तकमा **सुनौली उपन्यास र रमेश विकल औपन्यासिक प्राप्ति** उपशीर्षकको लेख लेखेका छन् । जसमा रमेश विकलको **सुनौली** उपन्यासको अध्ययन गर्दै रमेश विकलको औपन्यासिक प्राप्तिको विचार व्यक्त गरेका छन् । सुवेदीले रमेश विकलको **सुनौली** उपन्यासमा पाईने विशेषतालाई यसको अध्ययन केन्द्र बनाएका छन् । विकलको श्रृजनाको इतिहासलाई जम्मा तीन चरणमा विभाजन गरेर अध्ययन गरेका छन् । सुवेदीले विकलको पहिलो चरणको लेखमा रमेश विकल, गुरु प्रसाद मैनाली आदर्शोन्मुख यथार्थको कडीमा टेकेर आलोचनात्मक यथार्थ तिरको प्रवृत्ति देखिन्छ भने दोश्रो चरणका नेपाली साहित्यको इतिहासमा देखा परेको २०१७ साल पछिको परिवर्तन पर्यावरणका स्रष्टाहरु कुमार नेपाल, पारिजात, परशु प्रधान, ध्रुवचन्द्र गौतम, भुवन कोईराला लगाएतका प्रभाव आफ्नो अस्तित्व जमाउने प्रयत्नमा विकलको कथा परम्परामा अलमल्ल परेर देखा परेका छन् । तश्रो चरणमा समाजवादी यथार्थवादी चरण रहेको छ भनी बताएका छन् । पारिजात, बालकृष्ण पोखेल जस्ता केही उत्तर पुस्ता र दौलत विक्रम विष्ट जस्ता समवर्ति पुस्ताको विचमा आफ्नो वर्चश्व कायम राख्न सक्षम विकल नेपाली कथा साहित्यको समग्र इतिहासमा विशिष्ट स्रष्टा बनेर उपस्थित भएका छन् भनी उल्लेख गरेका छन् । सुवेदीले रमेश विकलको **सुनौली** उपन्यासमा पाईने विशेषतालाई नै यसको अध्ययनको केन्द्रमा **सुनौली** उपन्यासको वस्तु परिचय, औपन्यासिक तत्वहरुको योजना, स्वच्छन्दता र यौन चिन्तन **सुनौली** उपन्यास भित्र र उपन्यासको भाषिक प्रस्तुति र सन्देश गरि चार उपशीर्षक अन्तर्गत संक्षिप्त रुपमा **सुनौली** उपन्यासको अध्ययन गरेका छन् । सुनौली उपन्यास रमेश विकलको दोश्रो चरणको प्राप्ति हो भन्दै सुवेदीले विकलको पहिलो उपन्यास **सुनौलीले** नयाँ मोड दिएको बताएका छन् । विकलको यो उपन्यास औपन्यासिक आवरण प्राप्त

गर्दा प्रस्तुत उपन्यास यथार्थबाट आरम्भ भएको देखिन्छ  भन्दै विस्तारै रोमाञ्चकतातिर बढ्दै गएर उत्कर्षमा पुग्दा करुण समवेदनाका विन्दुमा पुगेर यस कृतिको अन्त्य भएको बताएका छन् । सुनौली उपन्यासमा उपन्यासकारले रचनाको परिवेशलाई ग्रामिण र शहरिया, अर्धशहरिया परिवेशलाई समेटेको बताउँदै यो उपन्यास महिला अस्मितालाई सम्मान गर्ने दृष्टिकोणमा निकै नै ऋणात्मक बनेको बताएका छन् । उपन्यासकार विकलको सृजनाको दोश्रो चरणमा यथास्थिति र क्षयोन्मुखी सामाजिक र साँस्कृतिक समवेदना प्रस्तुत गर्न यो उपन्यास सफल रहेको छ भन्दै रमेश विकलका समग्र सृजनाका सापेक्षतामा प्रस्तुत यो कृतिको प्राप्ति ऋणात्मक बनेर उपस्थिति भएको टिप्पणी सुवेदीले गरेका छन् ।

**रामप्रसाद ज्ञवाली, अविरल बग्दछ इन्द्रावतीमा रमेश विकल : रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचना ग्रन्थ) रमेश विकल साहित्य प्रतिष्ठान,२०६७**

राम प्रसाद ज्ञवालीले **रमेश विकलः बिम्ब एक प्रतिबिम्ब अनेक** (२०६७) नामक पुस्तकमा **अविरल बग्दछ इन्द्रावती** शीर्षकको लेखमा रमेश विकललाई आधुनिक नेपाली आख्यानका प्रतिनिधी आख्यानकारहरु मध्येका एक रमेश विकल प्रगतिशील नेपाली उपन्यासका शिखर व्यक्तित्व मध्ये प्रमुख व्यक्तित्व मानिन्छन् भनी चर्चा गरेका छन् । मानवीय समवेदना र जीवनदायी मूल्यहरुको पक्षपोषण कलात्मक भूमिका निर्वाह गर्ने विकलका आख्यानहरुमा सामाजिक यथार्थ र मानसिक उद्धेश्यका मार्मिक पक्षहरुको शौन्दर्यात्मक प्रस्फुटन पाईन्छ । यसको एउटा साक्षी **अविरल बग्दछ इन्द्रावती** उपन्यास हो भनेका छन् । **अविरल बग्दछ इन्द्रावती** २०४० सालमा प्रकाशित उपन्यासको यस पुस्तकमा चर्चा परिचर्चा ज्ञवालीले गरेका छन् । यो उपन्यास नेपाली समाजको वर्गीय जीवन स्थितिको वस्तुपरक प्रगतिशील उपन्यास हो भन्दै नेपाली समाजमा प्रमुख दुई वर्ग हुन्छन् । शोषक र शोषित विचको विपरित जीवन स्थिति र तिनका विचको अन्तर्विरोध गम्भिर रुपमा प्रस्तुत गरिएको यथार्थपरक नेपाली उपन्यास हो भनेका छन्  । ज्ञवालीले विकलको यो उपन्यास कलात्मक रहेको र कलात्मकताका दृष्टिले गरिमामय भएको कुरा उल्लेख गरेका छन् । शोषण, दमन, अन्याय र अत्याचारबाट छट्पटिएका गरीब निमुखा माझी, दनुवारहरुका जीवन प्रतिको चेतना, विचलन र भविष्य प्रतिको जीवनवादी, आशावादी स्वर मुखरित भएको उपन्यास हो भन्ने धारणा ज्ञवानीको रहेको छ । यस्तो जीवनवादी स्वर भएको विशेषता झल्काउने विकलको यस उपन्यास विषयवस्तुको विशालता र भाषा शैलीका प्रखरताले गर्दा यस उपन्यासमा जनजीवनमा हुने जीवन संघर्षलाई प्रतिबिम्बित गर्दै जीवन दर्शनलाई केलाएका छन् भन्ने विचार ज्ञवालीको रहेको छ । नेपाली समाजमा विद्‌यमान वर्गीय शोषण विरुद्धको विद्रोह, वर्गीय

संघर्षको उत्पन्न हुनुका पछाडी रहेका ऐतिहासिक सामाजिक कारणहरु आदिको प्रस्तुति दिनुका साथै वर्ग संघर्षको अन्तिम परिणाम संगठित, सामुहिक, सचेत र संघर्षशील वर्गको विजय नै हो भन्ने निष्कर्ष दिएकाले सामाजिक अन्तर्विरोध र वर्गद्वन्द्वका प्रस्तुतिका दृष्टिले यो उपन्यास प्रगतिशील, उच्च कलात्मक र नेपाली उपन्यास यात्राको प्राप्ति मुलक मान्न सकिन्छ भन्दै ज्ञवालीले चर्चा गरेका छन् ।

**कृष्णचन्द्र सिंह प्रधान, सागर उर्लन्छ सगरमाथा छुन रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक ( समालोचना ग्रन्थ), रमेश विकल साहित्य प्रतिष्ठान, २०६७**

कृष्णचन्द्र सिंह प्रधानले **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक** (२०६७) नामक पुस्तकमा **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासको अध्ययन र विश्लेषण गरेका छन् । **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यास प्रचलित औपन्यासिकता भित्र पर्ने विकलको यो उपन्यास २०५२, **सुनौली** २०३१, **अविरल बग्दछ इन्द्रावती** २०४० प्रकाशित रहेका छन् भन्दै प्रधानले दश वर्षको अन्तरालमा उपन्यासको अवतरण भएको बताएका छन् । विकलका कृतिहरु आफू बाँचेको समाज, त्यसमा यथार्थता र दिग्धतालाई शव्द दिने स्रष्टा भएर सृजनारत छन् । प्रधानले रमेश विकललाई औपन्यासिक सामाजिक यथार्थवादी उपन्यासहरुको अनुयायी हुन् भनी उल्लेख गरेका छन् । विकलको **सागर उर्लन्छ सगरमाथा छुन** भन्ने उपन्यासमा औपन्यासिकतालाई निरन्तरता दिएको उल्लेख गरेका छन् भन्दै राजनितिक परिवेश अन्तर्गत सामन्ति चरित्र र यथार्थवादी दृष्टिकोणको सन्देश दिएको बताएका छन् । यस उपन्यासका पात्र लक्ष्मी शाह र हाइनरिक विचको प्रेमलाई लिईएको छ । हाइनरिक अमेरिकाको एउटा यहुदी केटो हो जो अमेरिकाको हुलुलु शहरको पूर्व पश्चिम केन्द्रको विश्वविद्यालयको विद्यार्थी हो । लक्ष्मी शाह पनि अध्ययनको लागि त्यहीं गएकी हुन्छे । ति दुवै त्यहाँका चिकित्साशास्त्रका विद्यार्थी हुन । दुवैको विचमा प्रेम समर्पित हुन्छ । पछि लक्ष्मी काठमाडौं आउँछे । हाइनरिकले लक्ष्मीलाई विर्सन सक्दैन । उ पनि काठमाडौं आउँछ तर लक्ष्मीलाई भेट्न सक्दैन । दुर्भाग्यवश निरंकुशता विरोधी आन्दोलनमा घाइते विद्रोहीहरुलाई सघाउने भनेर आन्दोलन विरोधी पंचहरुले गुण्डा लगाएर मरणासन्न पार्छन् । वितरित संजालमा परेर कल्पनातीत हण्डर भोग्नुपर्ने हाइनरिकको विवशता कारुणिक र दयनीय छ । प्रेमबाट भएको वियोगको क्षतिपूर्ति चेतना नामकी नर्सको सृष्टिबाट गरिएको छ । यसरी विकलको उपन्यासहरु एउटा बलियो सामाजिक क्रान्ति गरेर भविष्य खोज्ने काम नितान्त सकारात्मक हो भन्दै प्रधानले विकलको प्राय उपन्यासहरु यस्तै सन्देशमुलक छन् भनी चर्चा गरेका छन् । यो **सागर उर्लन्छ सगरमाथा छुन** उपन्यासले चरित्र यथार्थको सन्देश बोकेको छ भनी उल्लेख गरेका छन् ।

**तुलसी भट्टराई, रमेश विकलको नाट्कारिता, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक** (**समालोचना ग्रन्थ**), **रमेश विकल साहित्य प्रतिष्ठान, काठमाडौं, २०६७।**

तुलसी भट्टाराईले **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक** (२०६७) नामक पुस्तकमा रमेश विकल नाट्यकारिता उपशीर्षकको लेख लेखेका छन् । त्यस लेखमा भट्टराईले २०१८ सालमा **नयाँ सडकको गीत** कथासंग्रमा मदन पुरस्कार प्राप्त गर्न सफल विकल नेपाली वांमयमा सुप्रख्यात भएको चर्चा गरेका छन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी विकलका अधा दर्जन जति नाटक एकांकी संग्रह प्रकाशित भएको बताएका छन् । शहरिया परिवेशमा जन्मेर पनि विकलका कृतिहरु शहरिया परिवेश भित्र पनि सामान्य जनजीवन, गरीब, अभाब, पीडा, माथिल्ला वर्गको शोषण, अन्याय अत्याचारग्रस्त भोगाईहरु विकलका सवै कृति वा रचनामा सजीव रुपमा प्राप्त गर्न सकिन्छ भन्दै भट्राईको विकलको सृजनाले नेपाली अत्यन्तै लाभान्वित भएको उल्लेख गरेका छन् । विकलको कलम राजनितिक विसंगति र विकृतिका विरुद्ध निकै सक्रिय रहेको कथा र उपन्यासलाई आफ्नो प्रमुख माध्यम बनाउने विकल एउटा सफल नाटककारका पंक्तिमा उभ्याउन सकिन्छ भन्दै विकलको **सरदार भक्ति थापा** नाटकले ऐतिहासिक वीरगाथा संगै सहजता र सरलता समेत प्रदान गरेको उल्लेख गरेका छन् । **सात थुंगा एकांकी र सप्तरंगी बाल एकांकी** दुवै निकै रोचक र समय सापेक्ष छन् भन्दै मिल्किएको मणी नाटक बालजगतलाई प्रेरणा प्रदान गर्न सफल रहेको बताएका छन् । भट्टराईले विकलका नाटकहरु मध्ये **मानिस बैभव र मृत्यु शीर्षक** नाटक निकै सशक्त र सफल मान्दै नाट्य संग्रह भित्र नौवटा एकांकी संकलित छ र तिनीहरुको छुट्टाछुट्टै महत्व र विशेषता रहेको उल्लेख गरेका छन् । विकलको पहिलो नाटक **मानिस बैभव र मृत्यु** भित्रको नाटक हो, त्यस्तै अर्को नाटक हो **तिमी किन रोएकी उषा** दुई पात्र करुण र उषा एउदै बाबुका छोराछोरी भएको रहस्य खुलेपछि जटिलता निकै विचारणीय छ भन्दै यो रोमाञ्चक रात, न्यायधिस, न्यायमूर्ति आदिको छुट्टै विशेषता बोकेको छ । अर्को नाटक हो **आज एउटा घर भएको भए**मा डेरावालहरुको ज्वलन्त समस्या भित्र उतारिएको छ । त्यस्तै **मान्छे बैभव र मृत्यु**बाट सम्पत्तिले काललाई, रोगलाई छेक्न सकिदैन भन्ने दार्शनिक भाव बोकेको छ । यसरी विकलका संग्रहभित्रका सवै नाटकहरुमा कुनै न कुनै नवीन सन्देश पाउनुका साथै सामाजिक परिवेशमा रचिएका सवै नाटक उत्कृष्ट बन्न पुगेको कुरा भट्टराईले उल्लेख गरेका छन् । भट्टराईले विकलका सवै नाटकहरु सरल, सहज भाषाशैलीको प्रयोग गर्ने विकलको लेखनको विशेषता हो भन्दै

विकललाई वरिष्ठ स्रष्टाको बारेमा जति लेखेपनि अपूर्ण रहन्छ भन्दै विकलको देहान्त भए पनि उनको रचनाको माध्यमबाट सदासर्वदा हामीविच जीवन्त रहेको टिप्पणी गरेका छन् ।

**निर्मोही व्यास, सात सूर्य एक फन्को कृतिको रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक समालोचना ग्रन्थ, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी, काठमाडौं,२०६७**

निर्मोही व्यासले **रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक** (२०६७) नामक पुस्तकमा **सात सूर्य एक फन्को** उपशीर्षकको लेख लेखेका छन् । यस लेखमा रमेश विकलको जन्म, उनले प्राप्त गरेका मानसम्मान, पुरस्कार आदिको चर्चा गरेका छन् । २०१८ सालमा मदन पुरस्कार प्राप्त गर्न सफल कथा संग्रह हो **नयाँ सडकको गीत** भन्दै विकल नेपाली साहित्यमा कथाकार, उपन्यासकार, नाटककार, यात्रासाहित्यकार, संस्मरणकार, आत्मकथाकार, निवन्धकार, गीतकार, बालसाहित्यकार एवम् अनुवादकका रुपमा परिचित छन् भनी चर्चा गरेका छन् । विकल नेपाली साहित्यमा नयाँ नयाँ शैली शिल्पको आविष्कार, आफूले देखे भोगेका विविध परिदृष्य, घटना, प्रसंग आदि निजात्मक यथार्थपरक अनुभावनात्मक लेखलाई विश्व साहित्यमा परिचित गराउन सफल स्रष्टा मध्येका रमेश विकल एक हुन् भनी चर्चा गरेका छन् । व्यासले यात्रासाहित्यकार रमेश विकलका स्वदेश एवम विदेशी हुँदै विकलका अनेक कृतिहरु प्रकाशित छन् । ति मध्ये **सात सुर्य एक फन्को, निलगिरीको छाँयामा** स्वदेशी परिवेशमा केन्द्रित शीर्षक रहेको उल्लेख गरेका छन् । **सात सूर्य एक फन्को कृतिको प्रवृत्तिगत विश्लेषण** नामक शीर्षकको लेखमा व्यासले यो निवन्ध विश्लेषणात्मक अध्ययनका लागि चयन गरेको बताएका छन् । **सांग्रीला** को खोजीमा गोसाईं कुण्ड र बाटामा पर्ने विभिन्न स्थानहरुको सेरोफेरोमा घुमेको **सात सूर्य एक फन्को** निवन्धमा नेपाली लेकाली परिवेशको वास्तविकताको झलक विकलले यस निवन्धमा गरेका छन् । यो कृति नौ खण्डमा विभाजित छ । यो निवन्ध शीर्षक ग्रन्थरुप कृतिको विषय वस्तुगत प्रवृत्ति, यात्रागत प्रवृत्ति, प्रस्तुतिगत प्रवृत्ति र भाषा शैलीगत प्रवृत्ति यी चार प्रवृत्तिको आधारमा विश्लेषण गरेका छन् । व्यासले उक्त निवन्धमा **सांग्रीला** यस्तो ठाउँ हो, जहाँ विज्ञानको प्रभाव छैन । आधुनिकताको बोलवाला नभएको आजको संसार भन्दा छुट्टै रहेको समाजको चित्रण गरिएको कुरा उल्लेख गरेका छन् । उक्त निवन्धमा नेपाली साँस्कृतिक गौरवको धारणा यात्रा संस्मरणका रुपमा व्यक्त गरेका छन् । प्रकृतिको चित्रण नेपाली हिम श्रृंखलाको फेदीमा बस्ने शेर्पाली जनजीवनको चित्रणले सवै व्यक्तिलाई भावुक र प्रभावित पार्ने धारणा व्यासको रहेको छ । लेकाली क्षेत्रको चित्रण यात्रा संस्मरणका रुपमा गर्ने क्रममा विकलले शेर्पाली जनजीवन सुन्दर रहेको कुरा व्यक्त गरेका छन् भन्ने निष्कर्ष

व्यासको रहेको छ । नेपाली स्वदेशी गौरवका प्रसंगहरु प्रस्तुत गर्दै नेपाली भौगोलिक विविधताको चित्रण उक्त निवन्धमा विकलले गरेका कुरा व्यासले बताएका छन् । व्यासले उक्त निवन्धमा विकलले विश्व मानचित्रमा नेपाल एउटा शान्त र सुन्दर देश हो भन्ने कुरा प्रष्टाएका छन् । सांग्रीला भनेको आधुनिक वैज्ञानिक जटिलता नरहेका एउटा सुन्दर, शान्त र प्राकृतिक प्रदेश हो भनेर विदेशीहरु समेतलाई चिनाउने प्रयास विकलको रहेको रहेको कुरा उल्लेख गरेका छन् । विकलका मुलभुत प्रवृत्तिहरुमा विषय वस्तुगत प्रवृत्ति, यात्रागत प्रवृत्ति, प्रस्तुतिगत प्रवृत्ति, सन्देशमुलक र वैचारिक प्रवृत्ति र भाषा शैलीगत प्रवृत्ति आदि प्रवृत्तिले गर्दा विकलका साहित्यिक सृजनाहरु स्वदेश तथा विदेश दुवै परिवेशमा परिचित छ भन्ने भाव व्यासको रहेको छ ।

## निष्कर्ष

रमेश विकलसम्वन्धी पुस्तकाकार भित्र गरिएका अध्ययनहरुमा उत्तम कुवँरले विकललाई साहित्यिकयात्रा प्रकाशन, प्रदर्शन गर्न र लेखन क्षेत्रमा पूर्ण सक्रिय नभएको टिप्पणी गरेका छन् । घटराज भट्टराईले विकललाई नेपाली ग्रामीण जीवनका यथार्थ चित्रण गर्ने उत्कृष्ट कथाकार हुन् भनेका छन् । डा. तारानाथ शर्माले विकल सामन्त विरोधीका साथै अन्य मानसिक करुणा वेथा आदिको सुक्ष्म अध्ययन गरी कथा लेख्ने कथाकार हुन् भनेका छन् ।  राजेन्द्र सुवेदीले विकललाई सामाजिक यथार्थवादी विषयवस्तुलाई साहित्यिक लेखहरुमा गतिशिलता दिने साहित्यकार हुन् भनेका छन् । त्यस्तैगरी दयाराम श्रेष्ठ र मोहनराज शर्माले रमेश विकलका कथाका आधारमा विकललाई यथार्थवादी कथाकार भनेका छन् । कृष्ण गौतमले विकललाई नयाँ परिवर्तनका प्रतिनिधी व्याख्कार भनेका छन् । जि.के.पोखेल र घटराज भट्टराईले विकललाई बालमनोवैज्ञानिक कथाकार भनेका छन् । यादव भण्डारी, नरेन्द्र कोईराला र ज्ञानेश्वर निरौलाले विकललाई समाजवादी, यथार्थवादी धाराका उल्लेखनीय सर्जक भनेका छन् । प्रमोद प्रधानले विकललाई बालसाहित्यको विकासमा महत्वपूर्ण योगदान पुराउने सफल साहित्यकार मानेका छन् । दिपक गौतमले विकललाई नेपाली साहित्यमा प्रगतिवादी र यथार्थवादी कथाकार भनेका छन् । ऋषिराज बरालले विकललाई नेपाली साहित्यको प्रगतिवादी, प्रगतिशिल फाँटमा एक अग्रणी स्रष्टा हुन् भनेका छन् । दयाराम श्रेष्ठले विकलका कथाको प्रवृत्तिको आधारमा विकललाई सामाजिक यथार्थवादी कथाकार भनेका छन् । गोपाल ठाकुरले विकलका सवै बालसाहित्य कृतिहरु सरल, सहज, भाषाशैलीको प्रयोग गर्ने बालकथाकार भनेका छन् । खगेन्द्र प्रसाद लुइटेलले विकललाई सामाजिक यथार्थवादी धाराका वरिष्ठ कथाकार हुन् भनेका छन् । पराजुलीले विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेका छन् । ईश्वर बरालले विकललाई नयाँ परिवर्तन प्रतिनिधीकार, व्याख्याकार हुन् भनेका छन् । नेत्र एटमले दाँतेको कृतिको प्रभाव रमेश विकलको कृतिमा परेको छ भनेका छन् । तेजप्रकाश श्रेष्ठले विकललाई बालसाहित्यका एक सशक्त एवं सफल स्रष्टा हुन् भनेका छन् । दिपक गौतमले विकल प्रगतिवादी साहित्यका हुन् भनेका छन् । लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले विकल सामाजिक यथार्थवादी र प्रगतिवादी साहित्यकार हुन् भनेका छन् । त्यस्तैगरी केदारप्रसाद शर्मा र राजेन्द्रप्रसाद पौड्यालले विकललाई बहुमुखी प्रतिभाका धनी साहित्यकार हुन् भनेका छन् । गुणाकर भुसालले विकल आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् । हीरामणी शर्मा पौड्यालले विकल यथार्थवादी कथाकार हुन् भनेका छन् । कृष्णप्रसाद दाहलले विकललाई सामाजिक,

मनोवैज्ञानिक, यथार्थवादी कथाकार हुन् भनेका छन् । रन्जुश्री पराजुलीले रमेश विकल नेपाली साहित्यमा गद्य विधामा युगपुरुष मानेका छन् । शारदा पराजुलीले विकलका कथाहरुसामाजिक र मनोवैज्ञानिक दृष्टिले महत्वपूर्ण रहेको बताएकी छन् । हरिहर खनालले विकललाई प्रगतिवादी कथाकार मानेका छन् । भरतकुमार भट्टराईले विकलालाई सामाजिक, ऐतिहासिक, मनोवैज्ञानिक र यथार्थवादी कथाकार हुन् भनेका छन् । राजेन्द्र सुवेदीले विकलको उपन्यास दोश्रो चरणमा देखा परेको कृति हो भनेका छन् । रामप्रसाद ज्ञवालीले विकललाई आधुनिक नेपाली आख्यानकार, प्रतिनिधी आख्यानकार मानेका छन् । कृष्णचन्द्र सिंह प्रधानले विकललाई औपन्यासिक, सामाजिक, यथार्थवादी उपन्यासका अनुयायी हुन् भनेका छन् । तुलसी भट्टराईले विकलका सबै नाटकहरु सरल, सहज, भाषाशैली प्रयोग गर्ने विकलको लेखनको विशेषता हो भनेका छन् । निर्मोही व्यासले विकल नेपाली साहित्यमा नयाँ नयाँ शैली शिल्पको आविष्कार, आफूले देखेभोगेका विविध परिदृष्य, घटना आदि निजात्मक यथार्थपरक अनुभावनात्मक लेखलाई विश्वसाहित्यमा परिचित गराउने सफल स्रष्टा हुन भनेका छन् ।

# तेश्रो परिच्छेद

## रमेश विकलसम्वन्धी शोध अध्ययनहरुको सर्वेक्षण

विभिन्न पुस्तकाकार कृतिहरुमा रमेश विकलको अध्ययन भएजस्तै शोध कार्यका रुपमा पनि विकल सम्वन्धी विभिन्न अध्ययनहरु हुँदै आएका छन् । यस्ता शोधकार्यहरु विद्यावारिधी उपाधी र स्नातकोत्तर तहको प्रयोजनका लागि भएका छन् । यस शोधपत्रमा रमेश विकल सम्वन्धी २०५० देखि २०७० साल सम्म भएका अध्ययनहरुको मात्र चर्चा गर्नु पर्ने हुनाले यस अवधि भित्र विकल सम्वन्धी चार वटा मात्र शोध कार्य यस परिच्छेदमा विश्लेषण तल गरिएको छ ।

**निर्मलाकुमारी बराल, नयाँ सडक गीत कथासंग्रहको सामाजिक पक्षको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र , नेपाली विभाग, त्रि.वि.वि.कीर्तिपुर, २०५८।५।८ पृष्ठ १७८ देखि१७९**

निर्मला कुमारी बरालले **नयाँ सडक गीत कथासंग्रहको सामाजिक पक्षको अध्ययन** नामक शीर्षकको स्नातकोत्तर तहको शोधपत्र लेखेकी छन् । विषयसुची दिएर जम्मा चार खण्डमा विभाजित यो शोधपत्रका प्रत्येकालाई पहिलो खण्ड, दोश्रो खण्ड, तश्रो खण्ड र चोथो खण्ड गरी नामाकरण गरिएको छ । प्रत्येक खण्डमा रमेश विकलको जीवनी, व्यक्तित्व र कृतिका बारेमा विभिन्न शीर्षक दिएर अध्ययन र विश्लेषण गरेकी छन् । यस शोधपत्रको पहिलो खण्डमा रमेश विकलको जीवनी, व्यक्तित्व, पारिवारिक जीवन, सामाजिक जीवन र साहित्यिक जीवनको विस्तृत रुपमा चित्रण गरिएको छ । त्यस्तै गरी दोश्रो खण्डमा रमेश विकलको नयाँ सडकको गीत कथासंग्रह भित्रका कथाहरुको अध्ययन र विश्लेषण गरिएको छ । यस खण्डमा विकलका **नयाँ सडक गीत** भित्र रहेको नौवटा कथाहरुको छुट्टा छुट्टै अध्ययन र विश्लेषण गरिएको छ । यो कथासंग्रह २०१८ सालमा प्रकाशित छ । यहि कथासंग्रहले रमेश विकललाई मदन पुरस्कार प्राप्त गर्न सफल पनि तुल्याएको निर्मला कुमारी बरालले उक्त शोधपत्रमा उल्लेख गरकी छन् । त्यस्तै गरी तेश्रो खण्डमा रमेश विकलको **नयाँ सडकको गीत** कथा संग्रहको सामाजिक पक्षको अध्ययन गरिएको छ । बरालले रमेश विकल निम्न र निम्न मध्यम वर्गीय नेपाली ग्रामीण जीवनको आर्थिक विवशता, असमानता अन्धविश्वास रहेको र त्यसबाट बलिया बांगाले सुधा सोझा मानिस माथि गरिने विभिन्न शोषण, उत्पीडन र आडम्वर आदिको ध्वनित्व विकलको कथाहरुमा रहेको हुन्छ भनी उल्लेख गरेकी छन् । **नयाँ सडकको गीत** कथासंग्रहमा रहेको नौवटा कथाहरु सामाजिक पक्षमा रहेको उल्लेख गरेकी छन् । त्यस कथा संग्रहमा रहेको **लाहुरी भैंसी** कथा नेपाली

साहित्यमा ज्यादै नै जनप्रिय रहेको उल्लेख गर्दै सामाजिक पक्षको अध्ययन गरेकी छन् । त्यस्तै गरि चौथो खण्डमा रमेश विकलका सवै कृतिहरुको विस्तृत अध्ययन गर्दै प्रकाशित कृतिहरुको विश्लेषण गरेकी छन् । सामाजिक पक्षको शैद्धान्तिक पृष्ठभूमीको अध्ययन गरि सामाजिक पक्षलाई पनि तीन उपखण्ड प्रमुख समाज, शहरीया समाज र ग्रामिण समाज गरी अध्ययन र विश्लेषण गरेकी छन् । यस शोधपत्रमा रमेश विकलले नेपाली साहित्यका विविध विधामा कलम चलाएतापनि यी सवै विधा मध्ये सर्वश्रेष्ठ विधा कथा नै हो भन्ने टिप्पणी बरालले गरेकी छन् । **नयाँ सडकको गीत** कथासंग्रहमा वर्णित सामाजिक पक्षलाई केलाउने सन्दर्भमा विभिन्न परिसूचकहरु प्रयोग गरेकी छन् । जसमा कथामा पाइने विवाह प्रवृत्ति, लैंगिक अवधारणा, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, बौद्धिक, राजनितिक पेशा आदि अनेक विषय वस्तुको समावेश गरेको पाईन्छ भन्दै उनका कथामा महिलाहरुको स्थिति दयनीय रहेतापनि कथाकारले नारी र पुरुष विच समान व्यवहारको वकालत गरेको टिप्पणी गरेकी छन् । कथाकार विकलको **नयाँ सडकको गीत** कथासंग्रहका कथाहरुमा पाईने प्रमुख कथानक विशेषताहरु आलोचनात्मक यथार्थवाद र समाज मनोविज्ञानमुलक रुपमा रहेको कुरा व्यक्त गरेकी छन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी विकलले कथा लगाएत विविध विधामा कलम चलाउन रुची राख्ने विकल मूलतः सामाजिक यथार्थवादी कथाकार हुन् । कथाका माध्यमबाट समाजमा भएका वर्गीय विभेद आर्थिक असमानता, जातीय विभेद र धार्मिक आडम्वर जस्ता कुराको तीव्र आलोचना गर्दै शिक्षित सुधारिएको मानवीय समाजको अपेक्षा राख्ने विकल नेपाली साहित्यमा सामाजिक यथार्थवादी कथाकार हुन भन्ने निष्कर्ष निर्मला कुमारी बरालको रहेको छ ।

**हरिप्रसाद सिलवाल, रमेश विकलका कथामा वैचारिक पक्ष,अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि.वि.कीर्तिपुर २०५९ पृष्ठ १६५ देखि १७१**

हरि प्रसाद सिलवालले **रमेश विकलका कथामा वैचारिक पक्ष** शीर्षकको शोधपत्र लेखेका छन् । जम्मा छ परिच्छेदमा विभाजित यस शोधपत्रमा रमेश विकलका वारेमा विभिन्न पक्षहरुको अध्ययन र विश्लेषण गरिएको छ । यस शोधपत्रको पहिलो परिच्छेदमा कथाको सैद्धान्तिक रुपरेखा अध्ययन र विश्लेषण गरिएको छ । त्यस्तै गरी परिच्छेद २ मा विश्व साहित्यमा कथा यात्राका संक्षिप्त रुपरेखाको अध्ययन गरिएको छ भने परिच्छेद तीनमा नेपाली कथामा विकलको आगमन उपशीर्षक दिएर विकल साहित्यिक क्षेत्रमा प्रवेश गरेको र विकलको कथाकारितालाई पनि ६ वटा उपशीर्षक दिएर अध्ययन गरिएको छ । विचारको दृष्टिले, कथानक दृष्टिले, परिवेशका दृष्टिले, पात्रका दृष्टिले, मनेवैज्ञानिक

दृष्टिले र अन्य विविध दृष्टिले विकलको कथाकारीको अध्ययन गरेका छन् । त्यस्तै गरी परिच्छेद चारमा तीन उपशीर्षक रहेको छ । मानव समाज र साहित्य, विकलका कथामा वैचारिक पक्ष र विकलका कथा यात्राको काल विभाजन गरी अध्ययन र विश्लेषण सिलवालले गरेका छन् । त्यस्तै परिच्छेद पाँचमा रमेश विकलका कथामा चरणवद्ध रुपमा पाइने वैचारिक पक्षको विकास रहेको छ भने अन्तिम परिच्छेदमा वैचारिक आधारमा रमेश विकलका कथाको वर्गीकरण र विश्लेषण मूल्याँकन गरिएको छ । शोधार्थी सिलवालले कथाकार रमेश विकलको कथायात्रा औपचारिक रुपमा गरीब कथा २००६ सालबाट र पुस्तकाकार रुपमा चाहिं विक्रम सम्वत २०१६ को कथासंग्रह **विरानो देशबाट** भएको हो भन्दै नेपाली कथा साहित्यमा सुपरिचित कथाकार रमेश विकल विचार प्रधान कथाकार हुन् भन्ने कुरा उपर्युक्त लिखित परिच्छेदहरुमा भएको उनको कथाको चर्चाबाट पनि पुष्टि हुन्छ भनी उल्लेख गरेका छन् । विकल नेपाली साहित्यमा यथार्थवादी कथाकार भएकाले उनका कथामा भावनात्मक प्रयोग, काल्पनिकता, संयोजन्य बनावटी, कल्पनायुक्त कुराहरु नभएर समाजमा देखिएका तथा मानिसले प्रत्यक्ष भोगेका जीवनका खण्डहरुको चित्र पाइन्छ । नेपाली समाजमा जरा गाडेर वसेको रुढिवादी संस्कार, अन्धविाश्वास मान्यता र धनी वर्गको शोषण गर्ने प्रवृत्ति एवम् असमान आर्थिक अवस्थालाई यथार्थ ढंगले आलोचनात्मक विचार प्रस्तुत गर्न कथाकार विकल सक्षम रहेको उल्लेख गरेका छन् । कथाकार रमेश विकलको कथामा पाइने विचारहरु उनको कथायात्राको चरणवद्ध रुपमा विकसित भएको बताएका छन् । उनको प्रथम चरणको कथामा वैचारिक अभिव्यक्तिको पूर्ण संकेत देखा परेको छ भने दोश्रो चरणमा केही भावनात्मक तत्वको प्रधानता रहेको टिप्पणी सिलवालको रहेको छ । विकलका प्रारम्भिक चरण र चौथो चरणमा सामाजिक यथार्थवाद र प्रगतिशील विचारको विकास भएको छ भने दोश्रो चरणमा मनोवैज्ञानिक, मनोरञ्जनात्मक कथा तेश्रो चरणमा मनोवैज्ञानिक यथार्थवादी विचारको विकास भएको र सामाजिक यथार्थवादी विचारको अभिव्यक्ति विकलका प्रत्येक चरणमा रहेको निष्कर्ष सिलवालले गरेका छन् । रमेश विकल सामाजिक यथार्थवादी र प्रगतिशिल कथाकार हुन् भन्दै वैचारिक दृष्टिले उनका कथामा यि दुवै विचारहरु अभिव्यक्त पाइन्छ भनेका छन् । यस शोधपत्रमा सिलवालले विकललाई नेपाली कथासाहित्यमा प्रगतिशिल कथा धाराका सर्वश्रेष्ठ कथाकार हुन् भन्दै रमेश विकलको यथार्थवादी कथाकार हुन् र प्रगतिशील चिन्तन नै उनको मुल वैचारिक पक्ष हो भनी प्रसंशा गरेका छन् ।

**ईश्वरचन्द्र वाग्ले, रमेश विकलको कथामा यथार्थ, अप्रकाशित विद्यावारिधि शोधग्रन्थ , नेपाली विभाग, त्रि.वि.वि., त्रिचन्द्र कलेज, २०६०, पृष्ठ ४३७- ४४९**

इश्वर चन्द्र वाग्लेले **रमेश विकलको कथामा यथार्थ** शीर्षकको विद्यावारिधि शोधग्रन्थ लेखेका छन् । विषयसूची दिएर जम्मा आठ खण्डमा विभाजित गरेका छन् । पहिलो खण्डमा रमेश विकलको संक्षिप्त जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन विश्लेषण गरेका छन् । दोश्रो खण्डमा विकलका कृतिको यथार्थवादी सैद्धान्तिक परिचय, तेश्रो खण्डमा आधुनिक नेपाली कथाको संक्षिप्त परम्पराको अध्ययन छ भने चौथो खण्डमा रमेश विकलको कथायात्रा र प्रवृत्तिको अध्ययन गरेका छन् । यसै खण्डमा वाग्लेले कथायात्राको प्रवृत्ति बारे उल्लेख गरेका छन् । विकलको कथायात्रा २००६ सालको गरीब नामक कथाबाट शुरु भएको उल्लेख गर्दै नेपाली साहित्यमा पाण्डुलिपीमा नै मदन पुरस्कार प्राप्त गर्न सफल कृति **नयाँ सडकको गीत** कथासंग्रह हो । विकलका धेरै कथासंग्रह प्रकाशित रहेको बताउँदै कथाका प्रवृत्तिहरुलाई केलाउँदै नेपाली साहित्यको क्षेत्रमा विशेष गरी कथा विधामा पाश्चात्य यथार्थवादी क्षेत्रमा प्रवेश गरी विस्तारै फ्रान्सेली साहित्य हुँदै विश्वका विभिन्न साहित्यमा यथार्थवादी साहित्यमुलक धाराको रुपमा विकसित भएको उल्लेख गरेका छन् । त्यस्तै गरी पाँचौं खण्डमा रमेश विकलको कथाको वर्गीकरण र त्यसको अध्ययन विश्लेषण गरेका छन् । त्यस्तै गरी छैठौं खण्डमा कथाका घटनाहरुको अध्ययन गरिएको उल्लेख गरेका छन् । त्यस्तैगरी वाग्लेले अन्तिम खण्डमा रमेश विकलका कथाहरुमा यथार्थ पक्षको विश्लेषण र अध्ययन गरिएको कुरा उल्लेख गरेका छन् । यस खण्डमा विकलका कथाहरु विविध यथार्थवादी प्रवृत्ति रहेको भन्दै यथार्थवादी साहित्य भनेको समाज तथा मानवीय जीवनजगतको सत्यतथ्य वस्तुपरक चित्रण गर्ने साहित्यलाई यथार्थवादी साहित्य भनिन्छ भनी उल्लेख गरेका छन् । बहुचर्चित र विशिष्ट श्रेणीका साहित्यकार विकलको स्थान कथा वाहेक अन्य विधाको फाँटमा समेत महत्वपूर्ण रहेको छ । आधुनिक नेपाली साहित्यका महत्वपूर्ण स्थान राख्न सफल साहित्यकार विकलले आफ्नो जीवन समाजमा देखेभोगेका तितामीठा घटनाहरु समाजको असंगति, विषमता, अन्याय, शोषण आदिलाई कलात्मक कल्पनाले सिंगारेर सहज, सरल र स्वभाविक ढंगबाट अभिव्यक्ति दिन्छन् भनेका छन् । विकलका कृतिमा आदर्श भन्दा आशावादी जीवन दृष्टि र समाजका यथार्थ अभिव्यक्ति पाइन्छ । जसले गर्दा विकल सामाजिक यथार्थवादी कथाकार हुन भनेका छन् । यथार्थवादका पनि विविध रुपहरु रहेका छन् । ति मध्ये आदर्शोन्मुख, यथार्थवाद, सामाजिक यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, समाजवादी यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद र

उच्च रुप प्रकृतिवाद आदि महत्वपूर्ण मानिन्छन् । नेपाली साहित्यमा पनि यथार्थवादका उक्त रुपहरुको प्रयोग गरी कथा उपन्यास आदि विधामा कलम चलाउने साहित्यकारहरु गुरु प्रसाद मैनाली, हृदयचन्द्र सिंह प्रधान, रमेश विकल, लैनसिं बांग्देल, लिल बहादुर क्षेत्री आदि हुन् । यस विचारधारामा रहेर नेपाली साहित्य क्षेत्रमा कलम चलाउने रमेश विकल लगाएत थुप्रै साहित्यकार रहेका छन् । जसले गर्दा विश्व साहित्यको क्षेत्रमा अत्यन्तै सरावल र सफल रहेको वाद हो भन्दै आधुनिक नेपाली कथाको यथार्थवादी धारा अन्तर्गत कलम चलाउने रमेश विकलका कथाहरु सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी र अन्य प्रवृत्तिहरु पनि रहेको उल्लेख गरेका छन् ।

**शेरबहादुर बुढाथोकी, रमेश विकलको निवन्धकारीता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि.वि.कीर्तिपुर, २०६५, पृष्ठ ९५, ९६**

शेरबहादुर बुढथोकीले **रमेश विकलको निवन्धकारीता** नामक स्नातकोत्तर शोधपत्र लेखेका छन् । विषयसूची दिएर जम्मा तीन खण्डमा विभाजित यो शोधपत्रमा प्रत्येकलाई पहिलो खण्ड, दोश्रो खण्ड र तेश्रो खण्ड भनी नामाकरण गरिएको छ । प्रत्येक खण्डमा रमेश विकलको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विभिन्न शीर्षक दिएर अध्ययन र विश्लेषण गरिएको छ । यस शोधपत्रको पहिलो खण्डमा रमेश विकलको जीवनी, व्यक्तित्व, पारिवारिक जीवन, सामाजिक जीवन र साहित्यिक जीवनको विस्तृत रुपमा चित्रण गरिएको छ । त्यस्तै गरि दोश्रो खण्डमा रमेश विकलको निवन्धकारिताको चरण निर्धारण र चरणवद्ध कृतिको विवेचना गर्दै निवन्धगत प्रवृत्तिहरु देखाइएको छ । त्यस्तै गरी तेश्रो खण्डमा रमेश विकलको निवन्ध कृतिहरुको अध्ययन गरिएको छ । रमेश विकलको निवन्ध यात्रा शीर्षक अन्तर्गत २०१४ सालमा शारदा पत्रिकमाा प्रकाशित **पुच्छर** निवन्धलाई निवन्ध यात्राको प्रथम चरण आरम्भ मानी **सात सूर्य एक फन्को** २०३४, **निलगिरीको छायाँमा** २०५० सम्म प्रकाशित फुटकर निवन्धहरुलाई प्रथम चरण, **अव अगाडी बढ्नु छ अझ अगाडी** २०५०, **मेरो अविरल जीवन गीत** २०६० र फुटकर निवन्धहरुलाई परिचय, विषय वस्तु, भाषा शैली र प्रस्तुतीका आधारमा विश्लेषण गरिएको छ । यस शोधपत्रमा रमेश विकलले नेपाली साहित्यका विविध विधामा कलम चलाए पनि विकलका यी सवै विधा मध्ये सर्वश्रेष्ठ विधा उपन्यास नै हो भन्ने टिप्पणी बुढाथोकीले रमेश विकलले जुनसुकै प्रवृत्तिका निवन्ध लेखेतापनि उनी उत्कृष्ट निवन्धकार हुन् भनेका छन् । विषय वस्तुलाई आलोचनात्मक यथार्थवादी रुपमा प्रस्तुत गर्ने उनका निवन्धहरुमा तल्लो वर्गको यथार्थ प्रस्तुती गर्दै तिनीहरुप्रति सहानुभुति व्यक्त गर्नु, आत्मकथा पनि यथार्थ र खुला रुपमा व्यक्त गर्नु , निवन्धमा सरल, स्पष्ट,

मिठासयुक्त वर्णनात्मक, संस्मरणात्मक, भावनात्मक र आत्मपरक भाषा शैली प्रयोग गर्ने रमेश विकल सत्ता र शक्तिको कहिले पनि पूजा र चाकडी नगर्ने तथा स्वाभिमानी र राष्ट्रवादी व्यक्तित्वका साथै सफल निवन्धकार हुन् भन्ने निष्कर्ष बुढाथोकीको रहेको छ ।

## निष्कर्ष

रमेश विकलसम्वन्धी अध्ययनपरम्परामा आधारित रहेर शोधपत्र पनि तयार भएका छन् । यसैक्रममा निर्मलाकुमारी बरालले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा विकलले नेपाली साहित्यका विविध विधामा योगदान पुराए तापनि विकलको सर्वश्रेष्ठ विधा कथा हो र उनी सामाजिक यथार्थवादी कथाकार हुन् भेनेकी छन् । हरिप्रसाद सिलवालले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा विकललाई नेपाली कथासाहित्यमा प्रगतिशिल कथा धाराका सर्वश्रेष्ठ कथाकार हुन् भन्दै विकल यथार्थवादी कथाकार हुन् र प्रगतिवादी चिन्तन नै विकलको वैचारिक पक्ष हो भनेका छन् । ईश्वरचन्द्र वाग्लेले आफ्नो विद्यावारिधी शोधग्रन्थमा विकललाई सामाजिक, यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् भनेका छन् । शेरबहादुर बुढाथोकीले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा विकल सत्ता र शक्तिको कहिल्यै पनि पूजा र चाकडी नगर्ने तथा स्वाभीमानी र राष्ट्रवादी व्यक्तित्वका साथै सफल निवन्धकार हुन् भनेका छन् ।

# चौथो परिच्छेद

## रमेश विकलसम्वन्धी फुटकर समीक्षात्मक अध्ययनहरुको सर्वेक्षण

विभिन्न लेखक तथा समालोचकहरुले गरेका रमेश विकल सम्वन्धी विभिन्न अध्ययन सर्वेक्षणहरु विभिन्न पुस्तक तथा शोधपत्र पत्रपत्रिकाहरु आदिमा लेखका रुपमा प्रकाशित भएको भेटिन्छ। विक्रम सम्वत २००६ सालमा शारदा पत्रिकामा **गरीब** शीर्षकको कथा लेखेर नेपाली साहित्यको क्षेत्रमा अग्रसर भएका विकल सम्वन्धी अध्ययन र चर्चा परिचर्चा गर्ने कार्य विकलको कृतित्व, व्यक्तित्व साथै साहित्यका विविध विधामा विकलले गरेका कार्यहरुमा केन्द्रित भएर गरिएका छन् । विकल सम्वन्धी अध्ययन चर्चा गर्ने क्रममा विक्रम सम्वत २०१८ सालमा रत्नध्वज जोशीले **कथा, कथाकार र आलोचक** नामक शीर्षक लेखमा विकल सम्वन्धी चर्चा गरेका छन्। विकल सम्वन्धी अध्ययन र चर्चा गर्ने कार्यको थालनी जोशीबाट भएको पाईन्छ । यसरी जोशीबाट शुरुवात भएको विकल सम्वन्धी अध्ययन र चर्चा हाल सम्म पनि सघनतापूर्वक अगाडी बढिरहेको छ।

**पत्रपत्रिकामा विकलसम्वन्धी गरिएका अध्ययनहरु :**

पत्रपत्रिकामा रमेश विकलको कृतित्व, व्यक्तित्वका साथै उनले साहित्यमा विविध विधामा पुऱ्याएका योगदान सम्वन्धी अध्ययन र चर्चा गर्ने परम्पराको शुरुवात रत्नध्वज जोशीबाट भएको हो। जोशीबाट लिखित **कथा, कथाकार र आलोचना** नामक शीर्षक लेखमा विभिन्न कथाकारहरुको चर्चा गर्ने क्रममा रमेश विकलको पनि केही अध्ययन र चर्चा गरेका छन् । यसरी जोशीबाट शुरुवात भएको विकलसम्वन्धी प्रकाशित २०५० देखि २०७० सम्म भएका अध्ययनहरुका समालोचनात्मक लेखहरुको बारेमा टिप्पणी काल क्रमिक रुपमा यस शोधपत्रमा प्रस्तुत गरिएको छ।

**कृष्ण प्रधान, नेपाली यात्रा साहित्यको विकासक्रम मधुपर्क वर्ष २६, अंक ४, २०५१ भदौ, पृष्ठ १३१**

कृष्ण प्रधानले नेपाली यात्रासाहित्यको विकासक्रम नामक शीर्षकको लेख लेखेका छन्। उक्त लेख मधुपर्क पत्रिकामा प्रकाशित छ। नेपाली यात्रासाहित्यको विकास क्रममा विदेशी पृष्ठभूमि र स्वदेशी पृष्ठभूमि गरी दुई वातावरणमा केन्द्रित रहेको उल्लेख गरेका छन् । प्रधानले नेपाली यात्रासाहित्यको विकासमा यात्राकारले यस्तो शैलीगत गतिमयता र कौतुहलता पाठकलाई छाड्न सक्नु पर्दछ र यस यात्रासाहित्यमा लेखनीय नामहरु उल्लेख गर्दा लालसिंह खत्री, तारा शर्मा, लैनसिं बांग्देल, भन्दै प्रधानले रमेश विकलको **सात सूर्य एक फन्को, निलगिरीको छायाँमा** निवन्धको विश्लेषण गरेका छन् । रमेश

विकलको **सात सूर्य एक फन्को र निलगिरीको छायाँमा** नेपाल यात्रासाहित्यका उल्लेखनीय कृति हुन् भन्दै यस बाहेक मधुपर्क, मिरमिरे, रुपरेखा आदि पत्रिकाहरुमा पनि विकलका अप्रकाशित कृतिहरु पनि पाउन सकिन्छ भनी उल्लेख गरेका छन् । त्यस्तै आत्मपरक निवन्ध यात्रामा पनि विकलको कलम अगाडी बढेको छ भने नेपाली साहित्यको भण्डारमा नेपाली यात्रासाहित्यको भण्डार रित्तो छैन र नियात्रा तर्फ पनि नेपाली यात्रासाहित्यको स्थिति भने दह्रो रुपमा देखा परेको बताएका छन् । प्रधानले **सात सूर्य एक फन्को** कृतिले नेपाली यात्रासाहित्यको विकासमा नौलो आयम प्रस्तुत गरेको छ भनी कृतिको प्रसंशा गरेका छन् ।

**शारदा अधिकारी, निलगिरीको छाँयामा सुस्ताएर नियाल्दा, गरिमा बर्ष १४ अंक ९, २०५३ भदौ, पृष्ठ ९६-१३०**

शारदा अधिकारीले **निलगिरीको छाँयामा सुस्ताएर नियाल्दा** शीर्षकको लेख लेखेकी छन् । उक्त शीर्षकको लेख गरिमा पत्रिकामा प्रकाशित भएको छ । उक्त लेखमा अधिकारीले रमेश विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेकी छन् । नेपाली साहित्यको फाँटमा विविध विधामा कलम चलाउन सफल विकल मुलतः कथाकार हुन् भन्दै विकलका प्रकाशित कथाहरुको सूची दिएकी छन् । प्रकाशित कृतिहरुमा **विरानो देशमा २०१५, नयाँ सडकको गीत २०१९, आज फेरी अर्को तन्ना फेरिन्छ २०२४, एउटा बुढो बकैनाको रुख २०२५, उर्मिला भाउजु २०३५, शव, सालिक र सहस्र बुद्ध २०४३, हराएका कथाहरु २०५५** आदि कथा संग्रहरु प्रकाशित छन् भनी उल्लेख गरेकी छन् । विकलको प्रायजसो कथाहरु नेपाली समाजको तात्कालीन अवस्थालाई झल्काउने खालका प्रतिनिधित्व कथाहरु रहेको बताउँदै अधिकारीले विकल उपन्यास क्षेत्रमा पनि अगाडी बढेको बताएका छन् । विकलका प्रकाशित उपन्याहरुमा **सुनौली, अविरल बग्दछ इन्द्रावती र सागर उर्लन्छ सगरमाथा छुन** रहेका छन् । त्यस्तै निवन्ध तर्फ पनि अगाडी बढ्न चाहने विकल **सात सूर्य एक फन्को, निलगिरीको छायाँमा** छ भने नाटकमा **सरदार भक्ति थापा**को चर्चा गरेका छन् । यस लेखमा अधिकारीले विकलको **निलगिरीको छायाँमा सुस्ताएर नियाल्दा** कृतिको अध्ययन विश्लेषण गरेका छन् । विकलको यो कृति रोचक, कलात्मक, यात्रावृतान्तका रुपमा प्रस्तुत भएको बताउँदै यसलाई अधिकारीले विभिन्न कोणबाट नियाल्ने चेष्टा यस लेखमा गरेका छन् । आकर्षक भूमियुक्त प्रस्तुति **निलगिरीको छायाँमा** नौ भागमा विभाजित, मानवीय प्रवृत्ति देखि भ्रमणका क्रममा देख परेका, भोगिएका मन छुने वस्तु वा घटनालाई शीर्षकको रुपमा राखी तिनैको सेरोफेरोमा घुमी टिप्पणीयुक्त आफ्नो यात्रा विवरण रोचक पारामा प्रस्तुत भएको

छ । यो कृतिलाई औपन्यासिक कृतिको रुपमा लिन सकिन्छ भनी अकिारीले टिप्पणी गरेकी छन् । अधिकारीले नेपाली कथा फाँटमा कथाकार रमेश विकलद्धारा लिखित **निलगिरीको छायाँमाकाठमाडौं**....., **मुक्तिनाथ, पोखराको यात्रा वृतान्त** रहेको बताउँदै यस प्रकृतिले भरिपूर्ण नेपालको चर्चा र नेपाली वांग्मय फाँटमा महत्वपूर्ण उपलब्धी भएर रहेको उल्लेख गरेकी छन् । **निलगिरीको छायाँ** कथामा सरल शब्द, सरल वाक्य तथा आलंकारिक शैलीले सिंगारिएको मुक्तिनाथ क्षेत्रका विषयमा विविध विश्वयोग्य ज्ञान दिने प्रस्तुत कृति औपन्यासिक भ्रमणवृतान्तका रुपमा नेपाली नियात्रा लेखनको फाँटमा मगमगाएको छ भनी यो कृतिको प्रसंशा गरेका छन् ।

**रमेश भट्टराई, समसामयिक नेपाली निवन्ध, परम्परा र प्रवृत्ति, मधुपर्क, वर्ष ३१, अंक ४, २०५५ भदौ, पृष्ठ ११८**

रमेश भट्टराईले समसामयिक नेपाली निवन्ध परम्परा र प्रवृत्ति भन्ने शीर्षकको लेख लेखेका छन् । उक्त शीर्षकको लेख मधुपर्क मासिकमा प्रकाशित छ । उक्त लेखमा भट्टराईले आधुनिक साहित्य गद्यमा सबैभन्दा प्रभावकारी ठहरिएको विधा हो भन्दै नेपाली निवन्धको परम्परा र प्रवृत्तिमा योगदान पुऱ्याउने विभिन्न निवन्धकारको नाम उल्लेख गर्ने क्रममा रामकृष्ण शर्मा, लैनसिं बांग्देल, कृष्ण चन्द्र सिंह प्रधान, श्याम प्रसाद शर्मा, डि.पी.अधिकारी, गोविन्द प्रसाद लोहनी, रमेश विकल, श्रीधर खनाल, कृष्ण प्रसाद ज्ञवाली आदि हुन भनी उल्लेख गरेका छन् । भट्टराईले आफ्नो मनमा लागेका कुरा कुनै घटना र चरित्रको समायोजन विना नै स्वयंका रुपमा मन लागेका शैली बताउन पाइने भएकाले लेखकहरुले यस विधामा कलम चलाउन खोज्नु स्वभाविक हो भनेका छन् । यस्ता प्रकारका रचनाहरु भएका निवन्ध विधामा आफ्नो कलम रमेश विकलले पनि चलाएका छन् । भट्टराईले नेपाली निवन्धको परम्परा र प्रवृत्तिको थालनी गर्नेहरुमा शम्भु प्रसाद ढुंगेल, बालकृष्ण सम, लक्ष्मी प्रसाद देवकोटा साथै रमेश विकल पनि हुन् भन्ने कुरा यस पत्रिकामा व्यक्त गरेका छन् । विकलको **सात सूर्य एक फन्को** र **निलगिरीको छायाँमा** कृतिहरु प्रकाशित छन् । ति कृतिहरुका विषयवस्तु काल्पनिक नभएर समाजको र जीवनको यथार्थ प्रस्तुति गर्ने सामाजिक जीवन र विसंगतिलाई टिप्दै यात्राको सेरोफेरोमा कृति रच्ने विकलले नेपाली साहित्यको निवन्ध विधामा ठूलो योगदान पुऱ्याएका छन् भन्दै नेपाली जनजीवन, भूगोल र यथार्थको चित्रण गर्ने विकलको भाषा रोचक र मनमोहक छ भनी विकलको प्रसंशा गरेका छन् । समसामयिक नेपाली निवन्ध, परम्परा र प्रवृत्ति सधै प्रगतिशिल छ भन्ने कुरामा कुनै विविधता नरहेको कुरा भट्टराईले उल्लेख गरेका छन् ।

**सुधा त्रिपाठी, समसामयिक नेपाली कथाको विकास क्रम, मधुपर्क, वर्ष ३१, अंक ४, २०५५ भदौ, पृष्ठ १७२-१७५**

सुधा त्रिपाठीले समसामयिक नेपाली कथाको विकासक्रम शीर्षकको लेख लेखेकी छन् । उक्त लेख मधुपर्क मासिकमा प्रकाशित छ । त्रिपाठीले रमेश विकल आधुनिक नेपाली कथाको ढोका उघार्न सफल कथाकार हुन् भनेकी छन् । यो क्षेत्रमा थुप्रै कथाकारहरुको आफ्नो आफ्नो निजी वशिष्ठ सहितको प्रवृत्ति रहयो । जसले गर्दा नेपाली कथा क्षेत्रमा अपेक्षाकृत लामो फड्को मार्न सक्यो र १९९० सालमा पुस्कर समशेर, बालकृष्ण सम, विश्वेश्वर प्रसाद काईराला, भवानी भिक्षु जस्ता कथाकारहरु यस क्षेत्रमा देखा परेको उल्लेख गरेकी छन् । त्रिपाठीले कथाको विकासक्रमलाई हजुरबुबा पुस्ता र बुबा पुस्ता गरी अध्ययन गर्दै हजुरबुबा पुस्ता भित्र पर्ने कथाकारहरुमा रमेश विकलको नाम पनि उल्लेख गरेकी छन् । यस चरणमा सवै साहित्यकारहरु कथा क्षेत्रमा सक्रियताका साथ आफ्नो कलम दौडाउन सफल भएको टिप्पणी त्रिपाठीले गरेकी छन् । कसैले समसामयिक नेपाली कथा विकासको चरणलाई आफ्नो कथागत प्रवृत्तिलाई झाँगिन दिई राखे भने कतिले आफ्नो मूल प्रवृत्ति भित्र समसामयिक कथाको प्रवृत्तिलाई मिलाएका छन् भने कसैले नयाँ धाराको प्रवृत्ति आत्मसात गरे भनेकी छन् । नेपाली कथाको विकासक्रमलाई नयाँ धारामा प्रवाहन गर्ने साहित्यकारहरुमा केशवराज पिंडाली, शंकर कोईराला आदि हुन् भन्दै रमेश विकल चाहिं आफ्नो कथा लेखनमा यौन मनोविश्लेषणात्मक धाराबाट आफूलाई अलग गराएर प्रगतिवादी कथाकारको रुपमा स्थापित हुन पुगेको बताएकी छन् । नेपाली कथा साहित्यमा यथार्थवादी प्रगतिवादी धारालाई अंगाल्ने विकलका कृतिहरु प्रख्यात रहेको टिप्णी त्रिपाठीको रहेको छ ।

**गोकर्ण अर्याल, कालजयी कृति लेख्न रुचाउने विकल, गोरखापत्र, बर्ष १००, अंक ३०६, २०५७।१२।३, पृष्ठ ६**

गोकर्ण अर्यालले **कालजयी कृति लेख्न रुचाउने विकल** नामक शीर्षकको लेख लेखेका छन् । प्रस्तुत शीर्षकको लेख गोरखापत्र पत्रिकामा प्रकाशित भएको छ । अर्यालले उक्त लेखमा विभिन्न आधुनिक कथाकारहरुको वारेमा चर्चा गरेका छन् । आधुनिक नेपाली कथाकारहरुमा गोविन्द बहादुर मल्ल गोठाले, विजय मल्ल, पोषण पाण्डे, रमेश विकल, दौलतविक्रम विष्ट आदि लगाएत थुप्रै कथाकारहरुलाई आधुनिक नेपाली कथाकार हुन भनेका छन् । विशेष गरी नेपाली आधुनिक कथा

साहित्यको क्षेत्रमा सफल मानिनु हुने रमेश विकलका कृति र सृजनाले नेपाली साहित्यको भण्डारलाई खदिलो मात्र बनाएको छैन, त्यसको एउटा सफल लेखक बन्नका लागि गर्नुपर्ने साधना, धैर्य र लगनशीलताको पनि प्रेरणा प्रदान गरेको भनी उल्लेख गरेका छन् । रमेश विकल नेपाली साहित्यमा लागि रहने साहित्यकार हुन् भन्दै उनको साहित्यिक क्षेत्रमा प्रेरणाको श्रोत भनेका बुढापाकाको दन्ते कथा, विदेशी लेखकहरुको कथा, उपन्यासको अध्ययन साथै पारिवारिक प्रेरणा पनि एक हो भनी त्यही प्रेरणा र लगनशीलताले गर्दा आफूलाई साहित्यको शिखरमा पुऱ्याएको कुरा अर्यालले उक्त लेखमा व्यक्त गरेका छन् । विकल साहित्यिक प्रवृत्तिहरुमा संवेदनशिलता घटनालाई गहिरो अनुभुति गर्ने प्रवृत्ति श्रव्यवस्तुलाई ग्रहण गर्ने क्षमता र कलात्मक प्रस्तुतिमा विकलको साहित्यिक विशेषता बताउँदै अर्यालले प्रकाशित विकलका कृतिहरुको उल्लेख गरेका छन् । नेपाली साहित्यामा २००६ सालमा गरीब नामक कथा लिएर कथा साहित्यमा प्रवेश गर्ने विकल सन्देश पत्रिकामा प्रकाशित भएको लेखको भित्री उद्धेश्य भने संगठन रहेको बताएका छन् । राणाकालीन समयमा जेलमा परेका टंक आचार्य, रामहरि शर्मा, गोविन्द प्रसाद, श्याम प्रसाद शर्मा, फणिन्द्र खेताला, रमेश विकल लगाएतलाई छ दिन सम्म थुनामा राखी छाडेको र प्रजातन्त्रको घोषणा पछि मात्र यो मुद्धा टुंगिएको अर्यालले बताएका छन् । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी विकल नेपालको प्रशासनिक, शैक्षिक, राजनितिक तथा भाषा साहित्यको क्षेत्रमा समेत विशिष्ट योगदान पुराउने विकलको जति प्रसंशा गरेपनि नपुग्ने निष्कर्ष अर्यालको रहेको छ । अर्यालले यस लेखमा विकलको भनाईलाई जस्ताको तस्तै रुपमा उतारेका छन् । **“जीन्दगी टुंगो नलाग्ने निरन्तरताको संघर्ष हो, यहि संघर्षमा हामी बाँचेका छौं । कति लेख्नु मात्र सन्तुष्टि होईन मानिस सन्तोष हुने हो भने केही पनि गर्न सक्दैन । त्यसैले मलाई अहिले पनि आशा छ अझ पनि कालजयी कृतिको श्रृजना गर्न सकौं”** । यसरी अर्यालले विकलको भित्री मनलाई बुझी कालजयी कृति लेख्न रुचाउने शीर्षक अति नै सार्थक रहको छ ।

**रोशन थापा, वरिष्ठ  कथाकार रमेश विकलसंगको कुराकानी, समकालीन साहित्य २०५७ वर्ष १८, अंक १, पृष्ठ १९-२५**

रोशन थापाले वरिष्ठ कथाकार रमेश विकलसंगको कुराकानी शीर्षकको लेखमा रमेश विकलसंग अन्तर्वार्ता लिएका छन् । उक्त शिर्षकको लेख समकालीन साहित्य पत्रिकामा प्रकाशित भएको छ । उक्त कुराकानीको क्रममा थापाले रमेश विकल सम्वन्धी केही आफ्ना धारणा प्रस्तुत गरेका छन् । थापाले

रमेश विकल नेपाली साहित्यमा लामो यात्रा हिडेर पनि नथाकेका एक प्रसिद्ध कथाकार हुन् भनेका छन् । थापाले उक्त कुराकानीमा साहित्यिक पृष्ठभूमिका सम्वन्धी सोध्न सकिने र सोध्न आवश्यक प्रश्नहरु सोधेका छन् । रमेश विकलका कथाहरु **बीरेकी आमा, लाहुरी भैंसी** आदि कथाहरु सामाजिक यथार्थवादी कथा हो भन्दै विकल आफ्नो मौन साधनामा रम्ने प्रसंशा र प्रचारण गर्न नचाहने स्वाभिमानी एउटा सामान्य गुण दोष सहितको मान्छे आफ्नो निरन्तर तपस्या र मिहिनेतमा विश्वास गर्ने कथाकार नै रमेश विकल हुन् भनेका छन् । थापाले रमेश विकललाई अन्तिम प्रश्न सोधेका थिए त्यसमा नेपाली केन्द्रीय विभाग एउटा राम्रो साहित्यकार निर्माण गर्ने ठाउँ नभएर सधैं नोकरीका लागि चाकडी गर्ने प्रवृत्ति भएका व्यक्तिहरु उत्पादन गर्ने ठाउँ हो भन्दै त्यस कुरालाई विकलले अहिलेको नेपाली केन्द्रीय विभाग **सरस्वतीको मन्दिर नभएर लक्ष्मीको मन्दिर** बन्न पुगेको कुरा बताएका छन् ।

**कृष्णहरि बराल , रमेश विकल, आलोचनात्मक यथार्थवादी कथाकार समकालीन साहित्य, वर्ष १२ अंक १, २०५८, पृष्ठ १९-२५**

कृष्णहरि बरालको **रमेश विकल, आलोचनात्मक यथार्थवादी कथाकार** शीर्षकको लेख समकालीन साहित्य प्रत्रिकामा प्रकाशित भएको छ । उक्त लेख समालोचक बरालले रमेश विकल सम्वन्धी आफ्ना धारणाहरु प्रस्तुत गरेका छन् । बरालले विकल साहित्यका विभिन्न क्षेत्र निवन्ध, नाटक, कविता आदिमा कलम चलाए तापनि उनको सवैभन्दा दखखल आख्यान क्षेत्रमै परेको कुरा व्यक्त गरेका छने । विकलका अधिकांश कथाहरु आँशु पिएर बाँचीरहेका विपन्न वर्गको जीवनपद्धति माथि प्रकाश पार्नु रहेको र यसका साथै हाम्रा थोरै मानिसहरु रसरंगमा चुर्लुम्म डुबेका र धेरै मानिसहरु खाने लगाउने समस्याले पिरोलेको हुन्छ भन्ने धारणा बरालको छ । विकलका कथामा विवशतावस कतिपय चेलीहरुले आफ्नो अस्मिता बेच्नु परेको बाध्यताका कारण कतिपय दाजुभाईहरु विदेशीनु परेको, जसका मर्मस्पर्शी विषय रहेको कुरा वरालको रहेको छ । राणा शासनलाई हटाएर प्रजातन्त्र ल्याए पछि निमुखाका आँखाको आँशु पुछिन्छ भनेर मखख पर्नेहरुको ति सवै चाहनाहरु त्यसै हराएर गएको नेपाली समाजको विडम्वनालाई रमेश विकलका आफ्ना कथाको विषयवस्तु बनाएका छन् । बरालले उक्त लेखमा विकलका विभिन्न कथाहरुको अध्ययन गर्दै तिनका संक्षिप्त रुपमा विश्लेषण गर्दै ति कतिपय कथाहरुमा पात्रहरु टाँठावाठाहरुबाट ठगिन बाध्य भएको कुरा उल्लेख गरेका छन् । **लाहूरी भैंसी कथा**मा आफूलाई मन परेको भैंसी कम मूल्यमा वेच्न लुखुरे विवश छ, दुई रुपैयाको नोटमा फटाहाले घरखेत उठाए पछि

शहरमा आफ्नै श्रीमतीको इज्जत बेच्न बाध्य बीरे, मधुमालतीको कथामा आर्थिक असमानताका कारण बालपात्र शंकर र गौरीको विछोड जस्ता विषयवस्तु प्रस्तुत गरेर आर्थिक असमानताद्धारा उत्पन्न वर्गीय समाजका विवश र निरीह पात्रको चित्रण गरेका छन् । त्यस्तै बरालले विकलका **युवकको डायरी, बुढोबकैनाको रुख** आदि जस्ता कथाहरुमा राजनैतिक विषयवस्तु प्रस्तुत गर्दै समकालीन राजनैतिक परिस्थितिको चित्रण रहेको उल्लेख गरेका छन् । बरालका अनुसार विकलका कथाको महत्वपूर्ण विषयवस्तु समाजमनोविज्ञान हो । यस्ता कथाहरुमा स्वपीडन ग्रन्थी, बदलाको. भावना, यौनविकृत्ति, अपराधी भावना जस्ता समाजिक विकृत्तिहरु पाइन्छन् भने कृतिपथमा मानवताको खोजी पनि पाईन्छ भन्दै उनका विभिन्न कथाहरुको नाम उल्लेख बरालले गरेका छन् । बरालले विकलका कथाहरुमा विसंगतिपूर्ण यथार्थको आलोचना सोभै गरेको र कतिपयमा अप्रत्यक्ष गरेको कुरा उल्लेख गरेका छन् । निष्कर्षमा बरालले सुन्दर र कलात्मक ढंगमा विकल वर्णभेद देखाउने रणनितिका अनुरुप कथा रचना गर्छन् भनेका छन् ।

**सुभाषचन्द्र न्यौपाने, रचना विधाका आधारमा , तर कोपिला फक्रेन कथाको विश्लेषण, कुञ्जिनी, बर्ष ९, अंक ६, वि.सं. २०५८, पृष्ठ ३२-३४**

सुभाषचन्द्र न्यौपानेले **रचना विधाका आधारमा तर कोपिला फक्रेन** शीर्षकको लेख प्रकाशित भएको छ । उक्त लेख कुञ्जिनी पत्रिकामा प्रकाशित भएको छ । उक्त लेखमा न्यौपानेले रमेश विकललाई नेपाली साहित्यका क्षेत्रमा सफल र प्रतिभाशाली कथाकार मानेका छन् । नेपाली कथा परम्परामा आधुनिक कालको शुरुवात यथार्थवादबाट भएको उल्लेख गर्दै यथार्थवादको तीन श्रेणी सामाजिक, मनोवैज्ञानिक, प्रगतिवादीबाट यथार्थवाद मध्ये प्रगतिवादलाई आत्मसात गर्दै नेपाली कथा क्षेत्रमा उदाएका कथाकार रमेश विकल आधुनिक नेपाली कथाका एक उज्ज्वल नक्षेत्र हुन् भनेका छन् । नेपाली साहित्यमा उपन्यास, नाटक, यात्रासंस्मरण, र निवन्ध विधामा समेत आफ्नो सिद्धहस्त कलम चलाई सकेका विकल विशेष गरी कथा क्षेत्रमै स्थापित भएको न्यौपानेले बताएका छन् । विकलका कथाहरु यथार्थवाद अनि प्रगतिशिल ढाँचाको छ भन्दै गुरु प्रसाद मैनालीको जस्तो आदर्शोन्मुख नभएर गरीबका आर्थिक अवस्था, त्यसबाट सृजित विविध समाजहरुको चित्रण गरिएको हुन्छ । विकल मूलतः प्रगतिवादलाई आत्मसात गरी कथा लेख्ने कथाकार भएकाले उनका कथाहरुको पात्रहरु निम्न स्तरका हुन्छन् । यस लेखमा न्यौपानेले **'तर कोपिला फक्रेन'** कथाको अध्ययन र विश्लेषण गरेका छन् । प्रस्तुत

**तर कोपिला फक्रेन** कथालाई कथाका क्षेत्रमा नयाँ समालोचना अनुसार रचना विधाको आधारमा निम्न बुँदामा राखेर अध्ययन गरेका छन् : रुची क्षेत्र, रीतिक्षेत्र, सारवस्तु, अर्थसापेक्ष, दृष्टिविन्दु, कथाढाँचा र रुपविन्यास रहेको बताएका छन् । रमेश विकलद्धारा लिखित बालमनोविश्लेषणात्मक आधारित **तर कोपिला फक्रेन** कथामा शहरिया जीवनको वास्तविकतालाई  यथार्थ चित्रण गर्नुका साथै आर्थिक विषमताका कारण एउटा बालकले सिसाकलम र कागजको धम्की दिँदा अर्को बालकमा त्यसबारे समान्य जानकारीसम्म पनि नहुनाले उसमा भएको मानसिक विचलन, उसमा आएको असन्तुलित मनस्थिति र आर्थिक विषमताका कारण बालकका मनमा सानो इच्छा पूर्ति नहुँदा कस्तो सम्म दशा हुन्छ भने कुरा यस कथाले राम्रोसंग देखाएको छ भनी उल्लेख गर्दै विकललाई नेपाली कथा साहित्यका सामाजिक यथार्थवादी कथाकार मानेका छन् ।

**दयाराम श्रेष्ठ, नेपाली कथा साहित्यको विकासक्रम र वर्तमान सन्दर्भमा समकालीन साहित्य,बर्ष १८, अंक ३, वि.सं.२०५९, पृष्ठ १३-२७**

दयाराम श्रेष्ठको **नेपाली कथा साहित्यको विकासक्रम र वर्तमान सन्दर्भमा** नामक शीर्षकको लेख समकालीन साहित्य पत्रिकामा प्रकाशित भएको छ । उक्त लेखमा श्रेष्ठले कथाको क्षेत्रमा सक्रिय विभिन्न कथाकारको नाम चर्चा गर्ने क्रममा कथाकार रमेश विकलको पनि नाम उल्लेख गरेका छन् । नेपाली कथाको सन्दर्भमा **आधुनिकता** को शाब्दिक अर्थको चर्चा गरेका छन् । नेपाली कथा क्षेत्रमा यथार्थवादले नेपाली कथा परम्परामा आधुनिकताको नविन चेतनालाई स्थापित गर्न सके र यथार्थवाद स्वयम्मा एउटा व्यापक शब्द बनी त्यस अन्तर्गत सामाजिक मनोवैज्ञानिक, समाजवादी, यथार्थवादी धाराहरु संग्रहित हुन पुगेको श्रेष्ठले बताएका छन् । मैनाली लगाएत विश्वेश्वर प्रसाद कोइराला, पुष्प समशेर, भवानी भिक्षु, गोविन्द बहादुर मल्ल गोठाले, शिव कुमार राई, विजय मल्ल, रमेश विकल, हृदयचन्द्र सिंह प्रधान, पोषण पाण्डे, प्रेमा शाह सवैले भावुक आदर्शवादको पुरातन परम्परालाई भत्काएर बौद्धिक चिन्तनको पृष्ठभूमिमा जसरी वैचारिक क्रान्ति गरे त्यसरी नै यथार्थवाद स्थापना हुन पुगेको श्रेष्ठले बताएका छन् । यस समयमा साहित्यको आधुनिकताको मुल मेरुदण्ड नै यथार्थवाद थियो । रमेश विकलको कथामा पनि यथार्थवादको प्रस्तुति पाईन थालेको बताएका छन् । वि.सं. २०२० को दशक देखि नेपाली कथाको आधुनिक इतिहासमा नवयुगको थालनी संगै यथार्थवादी युगको शक्ति गौण रहयो । श्रेष्ठले यसरी नवयुग पछि नेपाली कथा साहित्यमा यथार्थवादको शक्ति घटे तापनि अन्य थुप्रै

कथाकार लगाएत रमेश विकलले आफ्नो कथामा सामाजिक यथार्थवादलाई नै अंगालेर कथा रचना गरेको कुरा उल्लेख गरेका छन् ।

**विजय चालिसे, रमेश विकल रहेनन्, गोरखापत्र, वर्ष १०८, पूर्णांक २१९, वि.सं.२०६५ पुस ३, पृष्ठ १ र ४**

गोरखापत्रका समाचारदात विजय चालिसेले रमेश विकल रहेनन् शीर्षकको लेख लेखेका छन् । यस शीर्षकको लेख गोरखापत्रमा प्रकाशित भएको छ । काठमाडौ पुस २ गते वरिष्ठ साहित्यकार एवम प्रगतिवादी श्रष्टा रमेश विकलको एकासी वर्षको उमेरमा काठमाडौ मेडिकल हस्पिटलमा निधन भयो । बुधबार उनको अन्तिम संस्कार भयो भनेका छन् । नेपाली आख्यान यात्रा साहित्य र बालसाहित्य लेखनमा सिद्धहस्त मानिनु हुने वरिष्ठ साहित्यकार विकलको दुई छोरा र चार छोरी रहेको उल्लेख गरिएको छ । पुस २ गते प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डले वरिष्ठ साहित्यकार रमेश विकलको निधनमा हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गरेका छन् । प्रधानमन्त्रीले दिएको शोक मन्तव्यमा भनिएको छ  वरिष्ठ साहित्यकार रमेश विकलको निधनले मलाई साह्रै दुःखी तुल्याएको छ । नेपाली आख्यान साहित्यको एक अग्रणी सामाजिक दृष्टिले प्रतिवद्ध र एक अथक साधकउहाँ  हुनुहुन्थ्यो भने उहाँको योगदानले नेपाली निमुखाहरुको साहित्य गौरवान्वित भएको छ । त्यस्तै अर्का नेता झलनाथ खनालले शोक मन्तव्य जारी मन्तव्य जारी गर्दै नेपाली साहित्यका मुधन्य व्यक्तित्व रमेश विकलको निधनबाट मुलुकले एक होनहार स्रष्टा गुमाएको छ भनी उल्लेख गरेका छन् । २०१८ सालमा मदन पुरस्कारबाट सम्मानित विकल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ समेत भईसक्नु भएको छ भनी बताएका छन्  ।

**फुलमान बल, थामियो इन्दावती, कान्तिपुर , वर्ष १६, अंक २९८, २०६५ पौष, पृष्ठ ४**

फुलमान बलले थामियो इन्द्राती शीर्षक लेख लेखेका छन् । यो कान्तिपुर पत्रिकामा प्रकाशित गरिएको छ ।नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी  विकल यस धर्तीमा नरको कुरा उल्लेख गरेका छन् । दर्जनौ कृतिका स्रष्टा रमेश विकल चित्रकारीता र संगितका पनि शौखिन थिए ।  बाल साहित्यमा उनी विदेशी शैलीबाट प्रभावित हुँदै विकल नजिकका स्रष्टा शान्तदास मानन्धरले भने कतिपयमा हाम्रो लोक दन्ते कथाको प्रभाव समेत परेको उल्लेख गरेका छन् । चन्डीपाठबाट शिक्षा थालेका विकल

परिवारका एक्ला छोरा थिए । नेपाली साहित्यमा २००६ सालमा शारदा पत्रिकामा **गरीब** नामको कथाबाट साहित्यमा प्रवे्श गरेका विकल २०१६ सालमा विरानो देशमा कथासंग्रह कृतिमा मदन पुरस्कार प्राप्त गरेका थिए । चर्चित नेपाली उपन्यासमा पनि उनको ठूलो रुचि थियो । विकलको **अविरल बग्दछ इन्द्रावती, नीलगिरीको छायाँमा, सुनौली** आदि चर्चित उपन्यास हुन् भन्दै**अविरल बग्दछ इन्द्रावतीको** अध्ययन विश्लेषण गरेका छन् । यो उपन्यास काभ्रेको जोगीटार, माझीगाउँ स्थित ससुरालीको पुर्खौली घरको पन्ध्र दिन बसाई अनुभव र त्यहाँका वास्तविक पात्र उभ्याएर उनले **अविरल बग्दछ इन्द्रावती** उपन्यास लेखेका थिए । सोझा सिधा माझी समुदाय माथि भएको अन्याय र अत्याचार उनीहरुको कष्टपूर्ण जीवन उनीएको छ । चलचित्रकर्मी बद्री अधिकारीले यस कृतिलाई टेलीचलचित्र बनाए पछि यो उपन्यासले झन् बढि चर्चा पायो । महेन्द्र प्रज्ञा पुरस्कारबाट सम्मानित विकल बाल साहित्य समाजका अध्यक्ष पनि बन्नु भएको थियो भनी उल्लेख गरेका छन् । यस लेखमा प्रधानमन्त्री पुष्प कमल दाहालले विकलको निधनले नेपाली साहित्यमा अपुरणीय क्षति पुगेको उल्लेख गर्दै शोक सन्तप्त पविारप्रति शोक समवेदना प्रकट गरेका छन् भनी कान्तिपुर पत्रिकामा उल्लेख गरेका छन् ।

**गोवर्द्धन पूजा, गए विकल विरानो देशमा, अन्नपूर्णा पोष्ट, बर्ष ७, अंक २२७, वि.सं.२०६५, पृष्ठ १६**

गोवर्द्धन पूजाले गए विकल विरानो देशमा शीर्षकको लेख लेखेका छन् । यस शीर्षकको लेख अन्नपूर्णा पोष्ट पत्रिकामा प्रकाशित भएको छ । वरिष्ठ आख्यानकार रमेश विकल अव हामीसाथ नरहेको उल्लेख गर्दै उनी नेपाली साहित्यमा रमेश विकलको नामले चर्चित रहेको बताएका छन् । विकलले नयाँ सडकको गीत कथासंग्रहबाट मदन पुरस्कार प्राप्त गर्नुका साथै विकल नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य पनि हुनु भएको थियो । विकलले लेखेका उपन्यासहरुमा **अविरल बग्दछ इन्द्रावती, विक्रम र नौलो ग्रह, सुनौली, सागर उर्लन्छ सगरमाथा छुन** लगाएतका उपन्यासहरु अत्यन्तै लोकप्रिय रहेको बताएका छन् । पहिलो समयमा विशेशी लेखिका मेरी सेलीको क्रेकिटिन कृतिलाई अनुवाद गरेका विकलले आत्म संस्मरणको उत्तरार्धमा पनि लेख्दै थिए । विकलको अन्तिम कथा मधुपर्कमा प्रकाशित भएको छ । सम्भवतः यहि कथा नै अन्तिम कथा हुन्छ होला भनि उल्लेख गर्नु भएको छ । नेपाली साहित्यको आख्यान विधामा अति नै लोकप्रिय व्यक्तित्व विकलले नेपाली साहित्य सेवाका लागि आफ्नो नाम रमेश विकल राख्न सफल विकल बाल साहित्य र आख्यान क्षेत्रमा पनि सफल रहेको बताएका छन् । रमेश विकल भैरव पुरस्कार गुठी साहित्य सदस्य पनि हुनुहुन्थ्यो भनी अन्नपूर्णा पोष्टमा उल्लेख गरेका छन् ।

**स्मारिकामा रमेश विकलसम्वन्धी गरिएका अध्ययनहरु**

**आनन्ददेव भट्ट, रमेश विकलको सामान्य चर्चा, शब्द संयोजन, बर्ष ६, अंक ११, पुर्णांक ७०, २०६६ , पृष्ठ १११-११५**

आनन्ददेव भट्टले **रमेश विकलको सामामन्य चर्चा** नामक शीर्षकको लेख लेखेका छन् । उक्त लेख शब्द संयोजन पत्रिकामा प्रकाशित भएको छ । भट्टले यस लेखमा रमेश विकलको जन्म, पारिवारिक जीवन, साहित्यिक जीवन, सामाजिक जीवन, राजनितिक जीवन आदिको चर्चा गर्दै उनले प्राप्त गरेको मान सम्मान आदिको चर्चा गरेका छन् । भट्टले रमेश विकल २००६ सालको क्रान्ति पछि देखा परेका प्रगतिशिल साहित्यकार हुन् भन्दै विकललाई प्रगतिवादी साहित्यकार मानेका छन् । विकललाई सवैभन्दा ठूलो व्यक्तित्व लेखनीय व्यक्तित्व हो भनेका छन् । २०१८ सालमा मदन पुरस्कार प्राप्त गर्न सफल कथासंग्रह नयाँ सडकको गीत कथामा विकलले नेपाली ग्रामीण समाजमा दयनीय अवस्थामा जीवनयापन गर्न बाध्य सामान्य जनताको जीवनलाई विकलले हृदयस्पर्शी ढंगले कथामा वर्णन गर्नु भएको छ । त्यस्तै २०३१ सालमा सुनौली उपन्यास, २०४० सालमा **अविरल बग्दछ इन्द्रावती, २०५२ सालमा सागर उर्लन्छ सगरमाथा छुन** आदि उपन्यासहरु लेखेर नेपाली समाजलाई ज्ञानमुलक सन्देश दिएका छन् । नेपाली साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल बहुमुखी प्रतिभाले सुसज्जीत विकलका जीवनको सवैभन्दा ठूलो उपलब्धी साहित्य क्षेत्रमा रहेको बताएका छन् । उनी नेपाली जनताद्धारा जनता कै निम्ति लेख्ने एक इमान्दार लेखक भएकाले अद्धितिय मनिनु हुन्छ भनेका छन् । आनन्ददेव भट्टले जीवन संघर्षमय छ, बिना संघर्ष कसैलाई पनि सफलता प्राप्त हुँदैन । तर व्यक्ति सानै देखि सचेत, सजग र सक्रिय, कर्तव्यपरायण, लोकहीतकारी, उच्चआकांक्षी छ, त्यो व्यक्ति एउटा वा अर्को किसिमको कृतिमान कायम राख्न सफल हुन्छ । त्यो व्यक्ति हुन् नेपाली साहित्यकार रमेश विकल भनी आफ्नो भाव व्यक्त गरेका छन् ।

**तेजप्रकाश श्रेष्ठ, नेपाली बालकथासाहित्यमा विकल, शब्द संयोजन, बर्ष ६, अंक ११, पूर्णांक ७०, २०६६, पृष्ठ १११र११२**

तेजप्रकाश श्रेष्ठले **नेपाली बालकथासाहित्यमा विकल** शीर्षक लेख लेखेका छन् । उक्त लेख शब्द संयोजन प्रत्रिकामा प्रकाशित छ । उक्त लेखमा रमेश विकलको जन्म, उनले प्राप्त गरेका मान सम्मान तथा उनले लेखेका साहित्यिक पुस्तकरुको चर्चा गरेका छन् । रमेश विकलको साहित्यिक

विधाहरुको चर्चा गर्दै उनी मूलतः नेपाली साहित्यमा कथाकारका नामले प्रसिद्धि पाएका छन् । श्रेष्ठले विकललाई नेपाली गद्य विधामा सिद्धहस्त लेखक विकलका प्रशस्त पुस्तहरु प्रकाशित भएको बताएका छन् । उनको आख्यान विधामा **विरानो देशमा, नयाँसडकको गीत, एउटा बुढो भ्वाइलिन, आशावरीको धुनमा, आज फेरी अर्को तन्न फेरिन्छ** जस्ता आठवटा कथासंग्रह प्रकाशित हुनुको साथै **सुनौली, अविरल बग्दछ इन्द्रावती र सागर उर्लन्छ सगरमाथा** आदि उपन्यासहरु पनि प्रकाशित बताएका छन् । विकल प्रौढ साहित्यमा मात्र सिमित छैनन्, उनी बालबालिकाका प्यारा बाल साहित्यकार हुन् भनी उल्लेख गरेका छन् । नेपाली बाल साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल बालबालिकाहरुको मन जिज्ञासु र कौतुहल बनाउनु नै बाल साहित्य हो भनेका छन् । बालसाहित्यकार विकलले बालकथा, बालनाटक, विक्रम र नौलो ग्रह तथा बाह्र महिनाको गीत आदि प्रकाशित गरेका उल्लेख गरेका छन् । यसका साथै नेपाली बालबालिकालाई विश्व साहित्यबाट केही बालकथा बालनाटक पनि नेपालीमा अनुबाद गरेर भित्राएका छन् भन्दै संवाधात्मक, वर्णनात्मक, विवरणात्मक, मनोरञ्जनात्मकका साथै सरल भाषा शैली प्रयोग गर्न सिपालु बालसाहित्यकार रमेश विकल एक सफल स्रष्टा हुन् भनेका छन् । यस लेखमा श्रेष्ठले विकललाई एक्काइसौं शताब्दीको संसारमा प्रवेश गर्न खोजिरहेको बताएका छन् । नोपाली बालसाहित्यमा नयाँ नयाँ परिवेशलाई आत्मसात गर्दै कलम अगाडी बढाउन सफल विकलको योगदान र सक्रियता नेपाली बालसाहित्यका रुपमा सशक्त रहिरहने छ भन्ने विचार श्रेष्ठले व्यक्त गरेका छन् ।

**डा.जितेन्द्रदेव गिरी, नेपाली साहित्यमा विकलको योगदान, शब्द संयोजन, बर्ष ६, अंक ११, पुर्णांक ७०, २०६६ फागुन, पृष्ठ ९९-१४**

डा.जितेन्द्रदेव गिरीले **नेपाली साहित्यमा विकलको योगदान** शीर्षकमा लेख लेखेका छन् । यो लेख शब्द संयोजन स्मारिकामा प्रकाशित भएको छ । उक्त लेखमा नेपाली साहित्यका क्षेत्रमा रमेश विकल सुपचित नाम हो भन्दै आख्यान साहित्यमा नाम चलेका स्रष्टाहरुमा विकल, गुरु प्रसाद मैनाली,विश्वेश्वर प्रसाद कोईराला, भवानी भिक्षु, गोविन्द मल्ल गोठाले, मदनमणी दीक्षित, इन्द् बहादुर राई जस्ता आख्यानकार भन्दा उमेरले कान्छा भएपनि सृजनकर्मले नेपाली साहित्यको एक शिखर स्पर्श गरेका राष्ट्रका विशिष्ट प्रतिभा हुन भनेका छन् । विकलले प्रगतिशील कथाका क्षेत्रमा हृदयचन्द्र सिंह प्रधानले निर्माण गरेको गोरेटोलाई फराकिलो बनाउँदै आफू अद्धितिय कथाकारका रुपम स्थापित छन्

भनेका छन् । रमेश विकल नेपाली साहित्यमा एक बढि भन्दा बढी कथासंग्रह साहित्यलाई सुम्पेको बताउँदै विकल साहित्यिक विधाहरुमा कलम चलाउन सफल साहित्यकार हुन् भनेका छन् । गिरीले उक्त लेखमा विकलको जीवनयात्रा, साहित्यिक यात्रा, सम्पादन, कथाहरुको प्रवृत्ति  र विशेषता आदिको अध्ययन गरेका छन् । विकलले  मार्क्सवादको उज्यालो दर्शनलाई आत्मसात गरेको बताएका छन् । उनका कृतिहरुमा सामन्त वर्गद्धारा गरीब वर्गमाथि गरिने सामाजिक र आर्थिक शोषणका साथै वर्गीय थिचोमिचो यथार्थ चित्रण पाइने उल्लेख गर्दै विकलका रचनामा दलित, महिला, बालबालिका र शोषितको उत्थान र मुक्तिका निम्ति समाजमा सकारात्मक चेतनाको सञ्चार ल्याउने बताएका छन् । विकलका कृतिहरुको अध्ययन गर्दा विकललाई प्रगतिशीलता र प्रगतिवादलाई अंगाल्ने एक सशक्त साहित्यकार हुन् भनेका छन् । विकलको **अविरल बग्दछ इन्द्रावती** उपन्यास र **लाहुरी भैंसी** कथा नेपाली ग्रामीण समाजमा निम्न वर्गमाथि उच्च वर्गले गर्ने अन्याय, अत्याचार र शोषणको प्रकाष्ठालाई देख्न सकिन्छ भन्दै राजनितिक दृष्टिकोणमा पनि विकलको रचनाहरु रहेका बताएका छन् । त्यसमा **ज्ञानी आमा, एउटा बुढो बकैनाको रुख** जस्ता कथाहरुले राणा शासनका विरुद्ध राजनितिक जागरण ल्याउनुका साथै विक्रम सम्वत २००७ सालको परिवर्तन पनि फलदायी हुन नसकेको बताएका छन् । गिरीले बालमनोविज्ञान विकलको सृजनाको अत्यन्तै सुन्दर पाटो हो भन्दै विकलका साहित्यिक कृतिहरु **मधुमालतीको कथा, फुटपाथ मिनिष्टर, मेरी सानी भतिजी प्रतिमा, एउटा बुढो बकैनाको रुख, विक्रम र नौलो ग्रह उपन्यास, तेह्र रमाइला कथा, त्यहि मुर्खहरुको कथा** आदि लगाएत **सात थुंगा** एकांकी संग्रह पनि बालमनोविज्ञानका विविध पक्षहरु अंकित रहेको उल्लेख गरेका छन् । यसरी रमेश विकल नेपाली साहित्यको प्रगतिवादी, प्रगतिशील फाँटमा एक अभिन्न स्रष्टा हुन् भन्दै विकलको सृजना बालबालिका देखि प्रौढ सम्म उत्तिकै लोकप्रिय रहेको बताएका छन् ।

**सत्यमोहन जोशी, दानशीन विकल,शब्द संयोजन, बर्ष ६, अंक ११, पुर्णांक ७०, २०६६ फागुन, पृष्ठ १६५**

सत्यमोहन जोशीले **दानशील विकल** नामक शीर्षकको लेख लेखेका छन् । उक्त लेख शब्द संयोजन प्रत्रिकामा प्रकाशित भएको छ । प्रस्तुत लेखमा जोशीले विकललाई पहिले देखिनै पढ्दै आएको र उनको लेखन जीवन्त र प्रभावशाली रहनुका साथै उनका युगका सबै पाठकहरुले रुचाएको बताएका छन् । जोशीले विकलको उपन्यास **अविरल बग्दछ इन्द्रावतीसंग** आफू निकै प्रभावित भएको उल्लेख गर्दै

उपन्यासले नेपाली ग्रामीण परिवेशलाई निकै जीवन्त रुपमा चित्रित गरेको छ । विकलले लामो समय बिताएर लेखेको कृति हुनाले ज्यादै उत्कृष्ट रहेको बताएका छन् । जोशीले विकललाई साहित्यकार मात्र नभएर एउटा दानशील व्यक्तित्वको रुपमा लिएका छन् । साहित्यकालागि काठमाडौंको यति महंगो आफ्ना घरजग्गा दान गर्ने काम चानचुने व्यक्तिले गर्न सक्दैन भन्दै विकलको दानशीलताई हृदयदेखि नै सम्मान गरेका छन् । रमेश विकलको साहित्यिक योगदान तथा सामाजिक कृयाशीलताबाट हामीले धेरै कुरा सिक्न सक्छौं भनी जोशीले विकलको प्रसंशा गरेका छन् ।

**गोर्खे साईलो, सम्झनामा रमेश विकल, अन्तर्दृष्टि, बर्ष १८, अंक १, पूर्णांक ३४, २०६७ वैशाख, पृष्ठ ६९**

गोर्खे साईंलोले सम्झनामा रमेश विकल नामक शीर्षकको लेख लेखेका छन् । उक्त लेख अन्तर्दृष्टि पत्रिका प्रकाशित भएको छ । प्रस्तुत लेखमा साईंलोले साहित्यकारको बारे जति सुनेका थिए, उहाँसंग भेटघाट, कुरा गर्ने अवशर जुरेको थिएन तर त्यो अवशर पनि भगवानले २०५९ सालमा जुराई दिएको उल्लेख गरेका छन् । गोर्खे साइँलो **पल्लव साहित्यिक पत्रिका**को प्रकाशनको लागि आरुवारी गएको उल्लेख गर्दै त्यहाँको प्राकृतिक सुन्दरता, साथै विकलले प्राप्त गरका मानपत्रहरु, करीव डेढ घण्टाको बसाईमा हेडलाइन मात्र पनि पढ्न नभ्याएको बताएका छन् । विकललाई आफूले सोचेको भन्दा फरक पाएको भन्दै साइँलाले विकलको गृहयात्रामा समय विताउन पाउँदा आफूलाई "ब्रम्हालाई स्वर्ग" भन्दा पनि उच्चस्थानमा प्रवेश पाएको अनुभव यस लेखमा व्यक्त गरेका छन् । रमेश विकल नम्रभन्दा नम्र स्वभावले भरिएको अनुजहरुलाई माया, ममता र स्नेह प्रदान गरेर सबैलाई मानवीय व्यवहार्को ज्ञान दिएकोमा आफ्ना लागि सधैंलाई प्रेरणाको श्रोत रहेका बताएका छन् । **पल्लब साहित्यिक पत्रिका**को चौथो अंकलाई पत्रसाहित्य विशेषांकको रुपमा प्रकाशन गर्न आवश्यक सामाग्रीहरु संकलनको लागि चितवनबाट आफूहरु विकलको घरमा गएको बताउँदै विकलको व्यवहारबाट आफू ज्यादै प्रभावित भएको उल्लेख गरको छन् । विकलको निधनले आफू ज्यादै दुःखी भएको उल्लेख गर्दै आफ्नो प्राण रहुन्जेल विकलका मार्गदर्शनलाई आत्मसात गर्ने विश्वास गोर्खे साइँलाले गरेका छन् ।

**रविन कोईराला, कलाकारका रुपमा विकल, वर्ष १८, अंक १, पूर्णांक ३४, २०६७ वैशाख, पृष्ठ ५५**

रविन कोईरालाको **कलाकारका रुपमा विकल** शीर्षकको लेख लेखेका छन् । उक्त लेखमा काईरालाले रमेश विकलसम्वन्धी आफ्ना धारणा प्रस्तुत गरेका छन् । विकललाई सानै उमेरदेखि

कलाकार बन्ने ईच्छा रहेको बताउँदै कलाकार बन्न केवल रुचि र स्वभावले मात्र नपुग्ने त्यसका लागि गुरुबाट औपचारिक शिक्षा प्राप्त गर्नुपर्ने बताउँदै विकल ललितकला क्याम्पसमा समेत भर्ना भएको उल्लेख गरेका छन् । कोईरालाले विकललाई स्वास्थ्यले साथ नदिएको बताउँदै, प्रतिभा लुक्दैन, कुनै न कुनै रुपमा निस्कन्छ, समाजमा घटना परिवेश र पात्रहरुको गहन चिन्तन मनन गर्ने खुबी भएका प्रतिभाशाली विकल साहित्यिक भावना पोख्न थालेको बताएका छन् । नेपाली साहित्यमा विविध विधामा कलम चलाउन सफल विकल बालसाहित्यमा पनि पुग्न थालेको बताएका छन् । नेपाली साहित्यमा प्रख्यात लेखकका नामले परिचित विकल कला र साहित्यका दुवै विधामा पोख्त रहेको उल्लेख गर्दै विकल साहित्यमा जसरी जीवनको अन्तिम विन्दुसम्म पनि सक्रिय रहे, कलामा पनि त्यत्तिकै निरन्तर रहेको कोईरालाले यस लेखमा प्रस्तुत गरेका छन् ।

**मोहन हिमांशु थापा, संझनाको उज्यालोमा रमेश विकल, विकल स्मारिका २०६८, पृष्ठ ३७**

मोहन हिमांशु थापाले सम्झनाको उज्यालोमा रमेश विकल शीर्षकको संस्मरण लेख लेखेका छन् । उक्त संस्मरण लेख विकल स्मारिकामा प्रकाशित छ । थापाले विकलसंगको पहिलो भेट वि.सं. २०१३ सालतिर कथासंग्रहको प्रकाशन गर्ने सिलसिलामा भएको उल्लेख गरेका छन् । विकल नेपाली साहित्यमा मात्र सिमीत नरहेर कुशल मुर्तिकार पनि हुन् भन्दै विकलका मुर्तिहरु कलात्मक र आकर्षक रहेको बताएका छन् । त्यसैगरी प्रसिद्ध कलाकार केशव दुवाडीसंग चित्रकला सिकेको बताउँदै २०४४/४५ सालतिर त्रि.वि.नेपाली कन्द्रीय विभागमा नेपाली साहित्य पढाउन थालेको बताएका छन् । विकलसाहित्यमा र व्यावहारिक जीवनमा सामान्ती प्रवृत्तिको विरोधी थिए । विशुद्ध लोकतान्त्रिक र गणतान्त्रिक चेतना भएका विकल प्रगतिशील साहित्यका भएको बताएका छन् । यसरी विकल नेपाली गद्य विधाका त्यस्ता बहुमुखी प्रतिभाशाली साहित्यकार हुन् जसको अरुसंग तुलना हुन सक्दैन भन्दै नेपाली साहित्यका विभिन्न विधामा अनुदित सहित लगभग ४४ वटा जति कृति प्रदान गरेर परिमाणात्मक र युगात्मक स्तरमा कलम चलाएर रमेश विकल विभिन्न विधाको बहुमुखी विकासको अद्धितिय अमर साधक हुन् भनेका छन् ।

## निष्कर्ष

रमेश विकलसम्वन्धी पत्रपत्रिका भित्र गरिएका अध्ययनहरुले विश्लेषण गर्ने क्रममा कृष्ण प्रधानले विकलको सात सूर्य एक फन्को, निलगिरीको छायाँमा निवन्धलाई साहित्यमा उल्लेखनीय कृति मानेका छन् । शारदा अधिकारीले विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेकी छन् । रमेश भट्टराईले विकल सामाजिक जीवन र विसंगतिलाई टिप्दै यात्राको सेरोफेरोमा कृति रच्ने साहित्यकार हुन् भनेका छन् । सुधा त्रिपाठीले विकल आधुनिक नेपाली कथाको ढोका उघार्ने कथाकार हुन् भनेकी छन् । गोकर्ण अर्यालले विकललाई कालजयी कृति लेख्न रुचाउने आधुनिक कथाकार हुन् भनेका छन् । रोशन थापाले विकललाई गतिशील कथाकार हुन् भनेका छन् । कृष्णहरि बरालले विकललाई आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् । सुवासचन्द्र न्यौपानेले विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेका छन् । दयाराम श्रेष्ठले विकलका रचनाहरु सामाजिक यथार्थवादलाई नै अंगालेर कथा रचना गरेको बताएका छन् । विजय चालिसेले वरिष्ठ एवम् प्रगतिवादी साहित्यकार भनी उल्लेख गरेका छन् । फुलमान बलले बहुमुखी प्रतिभाका धनी विकलको अविरल बग्दछ इन्द्रावती उपन्यास ज्यादै नै चर्चित उपन्यास हो भनेका छन् । गोवर्द्धन पूजाले विकल आख्यान विधामा अति नै लोकप्रिय व्यक्तित्व रहेको उल्लेख गरेका छन् । आनन्ददेव भट्टले विकललाई प्रगतिवादी साहित्यकार हुन् भनेका छन् । तेजप्रकाश श्रेष्ठले विकललाई एक्काइसौं शताब्दीको संसारमा प्रवेश गर्ने बालसाहित्यकार हुन् भनेका छन् । डा. जितेन्द्रदेव गिरीले विकलका कृतिहरुको अध्ययन गर्दा विकललाई प्रगतिशीलता र प्रगतिवादलाई अंगाल्ने एक सशक्त साहित्यकार हुन् भनेका छन् । सत्यमोहन जोशीले विकलको उपन्यास अविरल बग्दछ इन्द्रावतीसंग आफू निकै प्रभावित भएको उल्लेख गर्दै विकलको साहित्यिक योगदान र सामाजिक क्रियाशीलता रहेको दानशील विकल भनी प्रसंशा गरेका छन् । गोर्खे साइँलोले विकलको कृतिको अध्ययनबाट आफूले नयाँ मार्गदर्शन पाएको बताएका छन् । रविन कोईरालाले विकललाई नेपाली साहित्य र कलासाहित्य दुवैमा पोख्त रहेको बताएका छन् । रोचक घिमिरेले विकललाई विविध विधामा कलम चलाउन सफल प्रख्यात साहित्यकार हुन भनेका छन् । मोहन हिमांशु थापाले विकललाई नेपाली गद्य विधाका बहुमुखी प्रतिभाका साहित्यकार हुन् भनेका छन् ।

# पाचौं परिच्छेद

# शोधनिष्कर्ष

रमेश विकलसम्वन्धी अध्ययन परम्परा भन्ने शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रमा जम्माजम्मी पाँच परिच्छेद रहेको छ । यस शोधपत्रको पहिलो परिच्छेद शोध परिचयसंग सम्वन्धित छ भने दोश्रो परिच्छेदमा रमेश विकलसम्वन्धी पुस्तकाकार भित्रको अध्ययन, कृतिपरक अध्ययन र निष्कर्ष छ । तेश्रो परिच्छेदमा विकलसम्वन्धी शोध अध्ययन र निष्कर्ष रहेको छ । त्यस्तै चौथो परिच्छेदमा विकलसम्वन्धी पत्रपत्रिका र स्मारक भित्र गएिको अध्ययन र निष्कर्ष रहेको छ । आधुनिक नेपाली साहित्यका कथा, उपन्यास, बालसाहित्य, निवन्ध, एकांकी र नियात्रा जस्ता विविध विधामा आफ्ना सृजनशील कलम चलाउने रमेश विकल मूलतः कथाकार हुन् । विकलसम्वन्धी अध्ययन र सर्वेक्षण गर्ने थुप्रै समालोचकहरुले पनि उनका कथा विधामा नै बढि आधारित भएर अध्ययन र सर्वेक्षण गरेका छन् । यसका साथै विभिन्न विद्वानहरुले विकलको व्यक्तित्व र कृतित्वको साथै उनले सामाजिक क्षेत्रमा गरेका कार्य, साहित्यमा देखाएका प्रवृत्ति र उनले खास विधामा पुराएका योगदान समेतलाई विषय बनाई अध्ययन तथा सर्वेक्षण गर्दै आएका छन् । समालोचकहरुले विकलका यस्ता कार्य, योगदान तथा प्रवृत्ति आदिलाई आधार बनाई पुस्तकाकार, शोधग्रन्थ र पत्रपत्रिका र स्मारिका भित्र रहेका अध्ययन तथा सर्वेक्षणलाई शोध निष्कर्षको रुपमा तल प्रस्तुत गरिएको छ ।

रमेश विकलसम्वन्धी पुस्तकाकार भित्र गरिएका अध्ययनहरुमा उत्तम कुवँरले विकललाई साहित्यिकयात्रा प्रकाशन, प्रदर्शन गर्न र लेखन क्षेत्रमा पूर्ण सक्रिय नभएको टिप्पणी गरेका छन् । घटराज भट्टराईले विकललाई नेपाली ग्रामीण जीवनका यथार्थ चित्रण गर्ने उत्कृष्ट कथाकार हुन् भनेका छन् । डा. तारानाथ शर्माले विकल सामन्त विरोधीका साथै अन्य मानसिक करुणा वेथा आदिको सुक्ष्म अध्ययन गरी कथा लेख्ने कथाकार हुन् भनेका छन् । राजेन्द्र सुवेदीले विकललाई सामाजिक यथार्थवादी विषयवस्तुलाई साहित्यिक लेखहरुमा गतिशिलता दिने साहित्यकार हुन् भनेका छन् । त्यस्तैगरी दयाराम श्रेष्ठ र मोहनराज शर्माले रमेश विकलका कथाका आधारमा विकललाई यथार्थवादी कथाकार भनेका छन् । कृष्ण गौतमले विकललाई नयाँ परिवर्तनका प्रतिनिधी व्याख्कार भनेका छन् । जि.के.पोखेल र घटराज भट्टराईले विकललाई बालमनोवैज्ञानिक कथाकार भनेका छन् । यादव भण्डारी, नरेन्द्र कोईराला र ज्ञानेश्वर निरौलाले विकललाई समाजवादी, यथार्थवादी धाराका उल्लेखनीय सर्जक

भनेका छन् । प्रमोद प्रधानले विकललाई बालसाहित्यको विकासमा महत्वपूर्ण योगदान पुराउने सफल साहित्यकार मानेका छन् । दिपक गौतमले विकललाई नेपाली साहित्यमा प्रगतिवादी र यथार्थवादी कथाकार भनेका छन् । ऋषिराज बरालले विकललाई नेपाली साहित्यको प्रगतिवादी, प्रगतिशिल फाँटमा एक अग्रणी स्रष्टा हुन् भनेका छन् । दयाराम श्रेष्ठले विकलका कथाको प्रवृत्तिको आधारमा विकललाई सामाजिक यथार्थवादी कथाकार भनेका छन् । गोपाल ठाकुरले विकलका सवै बालसाहित्य कृतिहरु सरल, सहज, भाषाशैलीको प्रयोग गर्ने बालकथाकार भनेका छन् । खगेन्द्र प्रसाद लुइटेलले विकललाई सामाजिक यथार्थवादी धाराका वरिष्ठ कथाकार हुन् भनेका छन् । पराजुलीले विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेका छन् । ईश्वर बरालले विकललाई नयाँ परिवर्तन प्रतिनिधीकार, व्याख्याकार हुन् भनेका छन् । नेत्र एटमले दाँतेको कृतिको प्रभाव रमेश विकलको कृतिमा परेको छ भनेका छन् । तेजप्रकाश श्रेष्ठले विकललाई बालसाहित्यका एक सशक्त एवं सफल स्रष्टा हुन् भनेका छन् । दिपक गौतमले विकल प्रगतिवादी साहित्यका हुन् भनेका छन् । लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीले विकल सामाजिक यथार्थवादी र प्रगतिवादी साहित्यकार हुन् भनेका छन् । त्यस्तैगरी केदारप्रसाद शर्मा र राजेन्द्रप्रसाद पौड्यालले विकललाई बहुमुखी प्रतिभाका धनी साहित्यकार हुन् भनेका छन् । गुणाकर भुसालले विकल आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् । हीरामणी शर्मा पौड्यालले विकल यथार्थवादी कथाकार हुन् भनेका छन् । कृष्णप्रसाद दाहलले विकललाई सामाजिक, मनोवैज्ञानिक, यथार्थवादी कथाकार हुन् भनेका छन् । रन्जुश्री पराजुलीले रमेश विकल नेपाली साहित्यमा गद्य विधामा युगपुरुष मानेका छन् । शारदा पराजुलीले विकलका कथाहरुसामाजिक र मनोवैज्ञानिक दृष्टिले महत्वपूर्ण रहेको बताएकी छन् । हरिहर खनालले विकललाई प्रगतिवादी कथाकार मानेका छन् । भरतकुमार भट्टराईले विकलालाई सामाजिक, ऐतिहासिक, मनोवैज्ञानिक र यथार्थवादी कथाकार हुन् भनेका छन् । राजेन्द्र सुवेदीले विकलको उपन्यास दोश्रो चरणमा देखा परेको कृति हो भनेका छन् । रामप्रसाद ज्ञवालीले विकललाई आधुनिक नेपाली आख्यानकार, प्रतिनिधी आख्यानकार मानेका छन् । कृष्णचन्द्र सिंह प्रधानले विकललाई औपन्यासिक, सामाजिक, यथार्थवादी उपन्यासका अनुयायी हुन् भनेका छन् । तुलसी भट्टराईले विकलका सबै नाटकहरु सरल, सहज, भाषाशैली प्रयोग गर्ने विकलको लेखनको विशेषता हो भनेका छन् । निर्मोही व्यासले विकल नेपाली साहित्यमा नयाँ नयाँ शैली शिल्पको आविष्कार, आफूले देखेभोगेका विविध परिदृष्य, घटना आदि निजात्मक यथार्थपरक अनुभावनात्मक लेखलाई विश्वसाहित्यमा परिचित गराउने सफल स्रष्टा हुन भनेका छन् ।

रमेश विकलसम्वन्धी अध्ययनपरम्परामा आधारित रहेर शोधपत्र पनि तयार भएका छन् । यसैक्रममा निर्मलाकुमारी बरालले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा विकलले नेपाली साहित्यका विविध विधामा योगदान पुराए तापनि विकलको सर्वश्रेष्ठ विधा कथा हो र उनी सामाजिक यथार्थवादी कथाकार हुन् भेनेकी छन् । हरिप्रसाद सिलवालले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा विकललाई नेपाली कथासाहित्यमा प्रगतिशिल कथा धाराका सर्वश्रेष्ठ कथाकार हुन् भन्दै विकल यथार्थवादी कथाकार हुन् र प्रगतिवादी चिन्तन नै विकलको वैचारिक पक्ष हो भनेका छन् । ईश्वरचन्द्र वाग्लेले आफ्नो विद्यावारिधी शोधग्रन्थमा विकललाई सामाजिक, यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् भनेका छन् । शेरबहादुर बुढाथोकीले आफ्नो स्नातकोत्तर तहको शोधपत्रमा विकल सत्ता र शक्तिको कहिल्यै पनि पूजा र चाकडी नगर्ने तथा स्वाभीमानी र राष्ट्रवादी व्यक्तित्वका साथै सफल निवन्धकार हुन् भनेका छन् ।

रमेश विकलसम्वन्धी पत्रपत्रिका तथा स्मारिका भित्र गरिएका अध्ययनहरुले विश्लेषण गर्ने क्रममा कृष्ण प्रधानले विकलको सात सूर्य एक फन्को, निलगिरीको छायाँमा निवन्धलाई साहित्यमा उल्लेखनीय कृति मानेका छन् । शारदा अधिकारीले विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेकी छन् । रमेश भट्टराईले विकल सामाजिक जीवन र विसंगतिलाई टिप्दै यात्राको सेरोफेरोमा कृति रच्ने साहित्यकार हुन् भनेका छन् । सुधा त्रिपाठीले विकल आधुनिक नेपाली कथाको ढोका उघार्ने कथाकार हुन् भनेकी छन् । गोकर्ण अर्यालले विकललाई कालजयी कृति लेख्न रुचाउने आधुनिक कथाकार हुन् भनेका छन् । रोशन थापाले विकललाई गतिशील कथाकार हुन् भनेका छन् । कृष्णहरि बरालले विकललाई आलोचनात्मक यथार्थवादी कथाकार हुन् भनेका छन् । सुवासचन्द्र न्यौपानेले विकललाई सामाजिक यथार्थवादी कथाकार हुन् भनेका छन् । दयाराम श्रेष्ठले विकलका रचनाहरु सामाजिक यथार्थवादलाई नै अंगालेर कथा रचना गरेको बताएका छन् । विजय चालिसेले वरिष्ठ एवम् प्रगतिवादी साहित्यकार भनी उल्लेख गरेका छन् । फुलमान बलले बहुमुखी प्रतिभाका धनी विकलको अविरल बग्दछ इन्द्रावती उपन्यास ज्यादै नै चर्चित उपन्यास हो भनेका छन् । गोवर्द्धन पूजाले विकल आख्यान विधामा अति नै लोकप्रिय व्यक्तित्व रहेको उल्लेख गरेका छन् । आनन्ददेव भट्टले विकललाई प्रगतिवादी साहित्यकार हुन् भनेका छन् । तेजप्रकाश श्रेष्ठले विकललाई एक्काइसौं शताब्दीको संसारमा प्रवेश गर्ने बालसाहित्यकार हुन् भनेका छन् । डा. जितेन्द्रदेव गिरीले विकलका कृतिहरुको अध्ययन गर्दा विकललाई प्रगतिशीलता र प्रगतिवादलाई अंगाल्ने एक सशक्त साहित्यकार हुन् भनेका छन् ।

सत्यमोहन जोशीले विकलको उपन्यास अविरल बग्दछ इन्द्रावतीसंग आफू निकै प्रभावित भएको उल्लेख गर्दै विकलको साहित्यिक योगदान र सामाजिक क्रियाशीलता रहेको दानशील विकल भनी प्रसंशा गरेका छन् । गोर्खे साइँलोले विकलको कृतिको अध्ययनबाट आफूले नयाँ मार्गदर्शन पाएको बताएका छन् । रविन कोईरालाले विकललाई नेपाली साहित्य र कलासाहित्य दुवैमा पोख्त रहेको बताएका छन् । रोचक घिमिरेले विकललाई विविध विधामा कलम चलाउन सफल प्रख्यात साहित्यकार हुन भनेका छन् । मोहन हिमांशु थापाले विकललाई नेपाली गद्य विधाका बहुमुखी प्रतिभाका साहित्यकार हुन् भनेका छन् ।

यस शोधपत्रमा मैले रमेश विकलसम्वन्धी २०५० देखि २०७० सम्मको अध्ययन गरी निष्कर्ष निकालेकी छु । यस शोधपत्रमा विकलसम्वन्धी अध्ययन निरन्तर रुपमा नभएर विस्तारै भएको छ । नेपाली साहित्यमा बहुमुखी प्रतिभाका धनी विकल मुलतः कथाकार नै हुन् भन्न सकिन्छ । यस शोधपत्रमा रमेश विकलको कथा विधालाई बढी अध्ययन गरिएको छ । त्यसमा पनि नयाँ सडकको गीत कथा सग्रह बढी उत्कृष्ट भएको पाईन्छ । माथिका सम्पूर्ण निष्कर्षलाई हेर्दा कथा विधामा अत्यन्त सफल रमेश विकल आधुनिक नेपाली साहित्यका वरिष्ठ साहित्यकार उनी मुख्यत सामाजिक यथार्थवादी, प्रगतिवादी धाराका साहित्यकार हुन् भन्ने प्राय सवै विद्वान, साहित्यकार तथा समालोचकहरुको निष्कर्ष रहेको पाइन्छ ।

# सन्दर्भग्रन्थसूची

(क) पुस्तकसूची

एटम, नेत्र, नेपाली डायस्पोरा र अन्य समालोचना (२०६७), एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., थापाथली, काठमाडौ ।

कुवँर, उत्तम , स्रष्टा र साहित्य , साझा प्रकाशन २०५०

खनाल, हरिहर, प्रगतिवादी कथाका आधारशील विकल नयाँ सडककोगीत रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं (२०६७)

गौतम, कृष्ण, रचनाको रोमाञ्च, काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान २०५६ पृष्ठ २६२

गौतम, डा.दिपक, समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति, प्रमोशन प्रिन्टर्स र पब्लिसिङ्ग काठमाडौं (२०६४)

गौतम, डा.दिपक, सृष्टि एक दृष्टि अनेक (समालोचना संग्रह) काठमाडौ (२०६९)

गौतम, डा.लक्ष्मणप्रसाद, ज्ञानु अधिकारी, नेपाली कथाको इतिहास, नेपा प्रज्ञा प्रतिष्ठान, काठमाडौ (२०६९)

ठाकुर, गोपाल, बिम्ब एक प्रतिबिम्ब अनेक काठमाडौँ, रमेश विकल साहित्य प्रतिष्ठान, आरुबारी (२०६७) पृष्ठ ४०७

दाहाल, डा.कृष्णप्रसाद, रमेश विकल विम्व एक प्रतिविम्व अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं (२०६७)

पराजुली, रन्जुश्री, २०६७ आजफेरी अर्को तन्ना फेरिन्छ, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं पृष्ठ १७४

पराजुली, परशुराम, रमेश विकल र उनको कथायात्रा, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक काठमाडौं : रमेश विकल साहित्य प्रतिष्ठान ।

पराजुली, शारदा, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं (२०६७)

प्रधान, प्रमोद, नेपाली बाल साहित्यको इतिहास, काठमाडौ विवेक सिर्जनशील प्रकाशन प्रा.लि.,२०६१

पोखेल, जि.के. र भट्टराईघटराज, आधुनिक नेपाली आख्यान र नाटक (२०५६), अक्फोर्ड इन्टरनेश्नल पब्लिकेशन

प्रधान, कृष्णचन्द्र सिंह, सागर उर्लन्छ सगरमाथा छुन रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक ( समालोचना ग्रन्थ) (२०६७) रमेश विकल साहित्य प्रतिष्ठान

बराल, ऋषिराज (२०६४), साहित्य र समाज, ललितपुर साझा प्रकाशन (पृष्ठ १९५)

बराल, ईश्वर , रमेश विकलका केही कथा, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनाग्रन्थ) काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान (पृष्ठ ३७-४५)

भट्टराई, तुलसी, रमेश विकलको नाट्कारिता, रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचना ग्रन्थ) (२०६७), रमेश विकल साहित्य प्रतिष्ठान, काठमाडौं ।

भण्डारी, यादब, कोइराला,नरेन्द्र, निरौला, ज्ञानेश्वर नेपाली उपन्यासको विशेष अध्ययन (२०६१) काठमाडौं, प्रशान्त पुस्तक भण्डार पुतलीसडक

भट्टराई, घटराज, प्रतिभै प्रतिभा र नेपाली साहित्य (२०५१) प्रकाशन, एकता बुक्स डिष्टिव्युटर्स प्रा.लि., थापाथली, पृष्ठ ४१६-४२० ।

भट्टराई, घटराज, नेपाली साहित्यको परिचय कोश, नेश्नल रिसर्च एसोसिएसन, काठमाडौं, २०५१ पृष्ठ ४२७ र ४२८

भट्टराई, भरतकुमार, एउटा बुढो बकैनाको रुखमा रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी काठमाडौं (२०६७)

भुसाल, गुणाकर, आधुनिक नेपाली आख्यान काठामाडौं, क्षितिज प्रकाशन, २०६१ पृष्ठ ११९-१५५

लुईंटेल, खगेन्द्र प्रसाद (२०६७), नेपालीका विशिष्ट साहित्यकार रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचनाग्रन्थ) काठमाडौं, रमेश विकल साहित्य प्रतिष्ठान

व्यास, निर्मोही, सात सूर्य एक फन्को कृतिको रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक समालोचना ग्रन्थ(२०६७) रमेश विकल साहित्य प्रतिष्ठान, आरुवारी, काठमाडौं

शर्मा, डा.तारानाय, नेपाली साहित्यको इतिहास, काठमान्डैा, नवीन प्रकासन २०५१ ।

शर्मा, डा. केदार प्रसाद, राजेन्द्र प्रसाद पौड्याल, चौध नेपाली कथाकारका कथा, काठमाडौं विद्यार्थी पुस्तक भण्डार (२०५४)

शर्मा पौडेल, हिरामणि, प्रगतीवादी सन्धर्भमा विकलको लाहुरी भैंसी कथा, रमेश किल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान काठमाडौं (२०६७)

सुवेदी, राजेन्द्र, नेपाली उपन्यास परम्परा र प्रवृत्ति (२०५३), प्रकाशन, भुमिका वाराणसी यु.पी., भारत

सुवेदी, राजेन्द्र, सुनौली उपन्यास र रमेश विकलको औपन्यासिक प्राप्ति (२०६७) रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक, रमेश विकल साहित्य प्रतिष्ठान आरुवारी

श्रेष्ठ, दयाराम र मोरासा (२०५६), नेपाली साहित्यको संक्षिप्त इतिहास ,साझा प्रकाशन काठमाडौं

श्रेष्ठ, प्रा.दयाराम, नेपाली कथा भाग ४, काठमाडौ साझा प्रकाशन २०६६

श्रेष्ठ, तेजप्रकाश, नेपाली बाल कथा साहित्यमा रमेश विकल, बिम्ब एक प्रतिबिम्ब अनेक (२०६७), रमेश विकल साहित्य प्रतिष्ठान, काठमाडौ

हुमागाईं, जनक प्रसाद (२०५६), नेपाली बाल साहित्य प्रकाशन, सुनकोशी साहित्य प्रतिष्ठान काठमाडौं

त्रिपाठी, बासुदेव,  नेपाली साहित्य श्रृंखला, भाग १, २०५२, प्रकाशन, एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि., थापाथली, काठमाडौं नेपाल पृष्ठ २५४-२६९

ज्ञवाली, रामप्रसाद, (२०६७ ) अविरल बग्दछ इन्द्रावतीमा रमेश विकल : रमेश विकल बिम्ब एक प्रतिबिम्ब अनेक (समालोचना ग्रन्थ) रमेश विकल साहित्य प्रतिष्ठान

(ख) शोधग्रन्थसूची

बराल, निर्मलाकुमारी, नयाँ सडक गीत कथासंग्रहको सामाजिक पक्षको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र , नेपाली विभाग, त्रि.वि.वि.कीर्तिपुर, २०५८।५।८ पृष्ठ १७८ देखि१७९

बुढाथोकी, शेरबहादुर, रमेश विकलको निवन्धकारीता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि.वि.कीर्तिपुर, २०६५, पृष्ठ ९५, ९६

वाग्ले, इश्वरचन्द्र, रमेश विकलको कथामा यथार्थं, अप्रकाशित विद्यावारिधि शोधग्रन्थ , नेपाली

विभाग, त्रि.वि.वि., त्रिचन्द्र कलेज, पृष्ठ ४३७- ४४९

सिलवाल, हरिप्रसाद, रमेश विकलका कथामा वैचारिक पक्ष, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, त्रि.वि.वि.कीर्तिपुर २०५९ पृष्ठ १६५ देखि १७१

(ग) पत्रपत्रिका तथा स्मारकसूची

अधिकारी, शारदा, निलगिरीको छाँयामा सुस्ताएर नियाल्दा, गरिमा बर्ष १४ अंक ९, २०५३ भदौ, पृष्ठ ९६-१३०

अर्याल, गोकर्ण, कालजयी कृति लेख्न रुचाउने विकल, गोरखापत्र, बर्ष १००, अंक ३०६, २०५७।१२।३, पृष्ठ ६

कोईराला रविन, कलाकारका रुपमा विकल, वर्ष १८, अंक १, पूर्णांक ३४, २०६७ वैशाख, पृष्ठ ५५

चालिसे, विजय, रमेश विकल रहेनन् गोरखापत्र वर्ष १०८, पूर्णांक २१९, वि.सं.२०६५ पुस ३, पृष्ठ १ र ४

जोशी, सत्यमोहन, दानशील विकल, शब्द संयोजन, बर्ष ६, अंक ११, पुर्णांक ७०, २०६६ फागुन, पृष्ठ १६५

थापा, रोशन, वरिष्ठ  कथाकार रमेश विकलसंगको कुराकानी, समकालीन साहित्य २०५७ वर्ष १८, अंक १, पृष्ठ १९-२५

थापा, मोहन हिमांशु, संझनाको उज्यालोमा रमेश विकल, विकल स्मारिका २०६८, पृष्ठ ३७

न्यौपाने, सुभाषचन्द्र, रचना विधाका आधारमा , तर कोपिला फक्रेन कथाको विश्लेषण, कुञ्जिनी, बर्ष ९, अंक ६, वि.सं. २०५८, पृष्ठ ३२-३४

प्रधान, कृष्ण, नेपाली यात्रा साहित्यको विकासक्रम मधुपर्क वर्ष २६, अंक ४,  २०५१ भदौ, पृष्ठ १३१

पूजा, गोवर्द्धन, गए विकल विरानो देशमा, अन्नपूर्णा पोष्ट, बर्ष ७, अंक २२७, वि.सं.२०६५, पृष्ठ १६

बराल, कृष्णहरि, रमेश विकल, आलोचनात्मक यथार्थवादी कथाकार समकालीन साहित्य, वर्ष १२ अंक १, २०५८, पृष्ठ १९-२५

बल, फुलमान, थामियो इन्दावती, कान्तिपुर , वर्ष १६, अंक २९८, २०६५ पौष, पृष्ठ ४

भट्ट, आनन्ददेव, रमेश विकलको सामान्य चर्चा, शब्द संयोजन, बर्ष ६, अंक ११, पुर्णांक ७०, २०६६ , पृष्ठ १११-११५

भट्टराई, रमेश, समसामयिक नेपाली निवन्ध, परम्परा र प्रवृत्ति, मधुपर्क, वर्ष ३१, अंक ४, २०५५ भदौ, पृष्ठ ११८

साइँलो, गोर्खे, सम्झनामा रमेश विकल, अन्तर्दृष्टि, बर्ष १८, अंक १, पूर्णांक ३४, २०६७ वैशाख, पृष्ठ ६९

श्रेष्ठ, दयाराम, नेपाली कथा साहित्यको विकासक्रम र वर्तमान सन्दर्भमा समकालीन साहित्य, बर्ष १८, अंक ३, वि.सं.२०५९, पृष्ठ १३-२७

त्रिपाठी, सुधा, समसामयिक नेपाली कथाको विकास क्रम, मधुपर्क, वर्ष ३१, अंक ४, २०५५ भदौ, पृष्ठ १७२-१७५